# वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा

**(ESMF)**

# राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम

# (SNRTP)

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
नेपाल सरकार

माघ २०७०

# छोटकरी शब्दको अर्थ

| | | |
|---|---|---|
| BoQ | : | Bill of Quantity<br>परिमाणको बील |
| CBPM | : | Community Based Performance Monitoring<br>समुदायमा आधारीत कार्य सफलता अनुगमन |
| CPCU | : | Central Project Coordination Unit<br>केन्द्रिय परियोजना समन्वय इकाइ |
| DAO | : | District Administration Office<br>जिल्ला प्रशासन कार्यालय |
| DDC | : | District Development Committee<br>जिल्ला विकास समिति |
| DFO | : | District Forest Office<br>जिल्ला वन कार्यालय |
| DoLIDAR | : | Department of Local Infrastructure Development and Agricultural Roads<br>स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभाग |
| DoR | : | Department of Roads<br>सडक विभाग |
| DRCC | : | District Road Co-ordination Committee<br>जिल्ला सडक समन्वय समिति |
| DTO | : | District Technical Office<br>जिल्ला प्राविधिक कार्यालय |
| EIA | : | Environmental Impact Assessment<br>वातावरणीय प्रभाव मूल्याङ्कन |
| EMP | : | Environmental Management Plan<br>वातावरणीय व्यवस्थापन योजना |
| EPA | : | Environmental Protection Act<br>वातावरण संरक्षण ऐन |
| EPR | : | Environmental Protection Regulation<br>वातावरण संरक्षण नियमावली |
| ESSC | : | Environmental and Social Safeguard Consultant<br>वातावरण तथा सामाजिक सुरक्षा विज्ञ<br>सामाजिक सुरक्षा सल्लाहकार |
| GoN | : | Government of Nepal<br>नेपाल सरकार |
| IEE | : | Initial Environmental Examination<br>प्रारम्भिक वातावरणीय परीक्षण |
| LRUC | : | Local Road Users' Committee<br>स्थानीय सडक उपभोक्ता समिति |
| NGO | : | Non-Governmental Organization<br>गैर सरकारी संस्था |
| OD | : | Operational Directive<br>कार्य सञ्चालन निर्देशिका |
| OP | : | Operational Plan<br>कार्य सन्चालन योजना |
| PMU | : | Project Management Unit<br>परियोजना व्यवस्थापन इकाइ |

| | | |
|---|---|---|
| PSE | : | Project Support Engineer<br>परियोजना सहयोगी इन्जिनीयर |
| RAIDP | : | Rural Access Improvement and Decentralization Project<br>ग्रामीण पहुँच सुधार तथा विकेन्द्रीकरण परियोजना |
| RoW | : | Right of the Way (सडकको अधिकार क्षेत्र) |
| SMP | : | Social Management Plan<br>सामाजीक व्यवस्थापन योजना |
| SM/O | : | Social Mobilizer/ Officer<br>सामाजिक परिचालक ⁄ अधिकृत |
| SSA | : | Social Safeguard Advisor |
| SDC | : | Social Development Consultant<br>समाजीक विकास परामर्शदाता |
| SDE | : | Social Development Expert<br>सामाजिक विकास विज्ञ |
| SMO | : | Social Mobilization Officer<br>समाजीक परिचालन अधिकृत |
| SPAP/F | : | Seriously Project Affected People / Family<br>गम्भिर रुपले प्रभावित व्यक्ति वा परिवार |
| SNRTP | : | Strengthening National Rural Transport Program<br>राष्ट्रिय ग्रामिण यातायात सुदृढिकरण कार्यक्रम |
| TSA | : | Treasury Single Account<br>ट्रेजरी सिंगल एकाउन्ट |
| VCDP | : | Vulnerable Communities Development Plan<br>जोखिम समूदायी विकास योजना |
| VDC | : | Village Development Committee<br>गाउँ विकास समिति |
| VDIMF | : | Voluntary म्यलबतष्यल Impact Mitigation Fund<br>स्वेच्छिक दान प्रभाव न्यूनिकरण कोष |
| VDIMP | : | Voluntary Donation Impact Mitigation Plan<br>स्वेच्छिक दान प्रभाव न्यूनिकरण योजना |
| VRCC | : | Village Road Co-ordination Committee<br>ग्रामीण सडक समन्वय समिति |
| WB | : | World Bank<br>विश्व बैंक |

# विषय सुचि

**पहिलो अध्यायः परिचय....................१**
पृष्ठभूमी....................१
परियोजना....................१
कार्यक्रम सञ्चालित जिल्लाको वर्तमान वातावरणीय अवस्था....................५
उद्देश्यहरु....................५
ESMF को रुपरेखा....................६
**दोश्रो अध्यायः नीति, नियम तथा निर्देशिकाहरु....................७**
नेपाल सरकारका सान्दर्भिक नीतिहरु....................७
नेपाल सरकारका कानुनी रुपरेखा तथा निर्देशिकाहरु....................१०
जोखिममा रहेका समूदायहरुलाई सहयोग गर्न बनाइएका नेपाल सरकारका नीतिहरु....................११
विश्वबैंकका बाताबतरण तथा सामाजिक सूरक्षा नीतिहरु....................१२
नेपाल सरकार तथा विश्व बैंकका नीतिहरुको तुलना....................१३
**तेश्रो अध्यायः वातावरणीय तथा सामाज व्यवस्थापन रुपरेखा....................१९**
सडक अधिकार क्षेत्र र सडक प्रभाव क्षेत्र ....................२०
वातावरणीय प्रभावहरु....................२०
वातावरणीय छनौट (Environment Screening)....................३२
वातावरण व्यवस्थापन योजना (EMP)....................३२
रुख कटान तथा पुन बृक्षारोपणका सिद्धान्तहरु....................३३
निर्माण सामग्रीहरुको उत्खनन्....................३४
**सामाजिक प्रभावहरु ....................३४**
सामाजिक छनौट प्रकृया (Social Screening)....................३४
लाभान्वित समूहको पहिचान....................३५
स्वेच्छिक जमीन दान....................३६
स्वेच्छिक दान प्रभाव न्यूनिकरण कोष (VDIMF) ....................३९
राहत वितरण नीति खाका (Assistance Distribution Policy Matrix) ....................४१
अन्य सामाजिक व्यवस्थापन योजना....................४४
वातावरणीय तथा सामाजिक सूरक्षा उपायहरु सम्वन्धि ठेकेदारले पुरागर्नुपर्ने शर्तहरु....................४६
अनुपस्थित जग्गा धनिको जग्गा अधिग्रहण प्रक्रिया....................४७
**चौथो अध्यायः योजना तथा कार्यान्वयन संयन्त्र....................४९**
वाताबरणीय प्रभाव न्यूनिकरण संयन्त्र....................५०
वातावरणीय छनौटका शर्तहरु....................५०
प्रारम्भिक वाताबरणीय परीक्षण ....................५२
स्थान विशेष वातावरणीय व्यवस्थापन योजना (EMP)....................५२
सामाजिक व्यवस्थापन योजनाहरु ....................५३
लैङ्गिक कार्ययोजना....................५३
कार्यान्वयनको व्यवस्थापन....................५५
सार्वजनिकीकरण....................५७
गैर सरकारी संस्था र सामाजिक विकास परामर्शदाताको भूमीका....................५७
सम्पर्क- छलफल तथा सार्वजनिकरण रणनीति रुपरेखा ....................५७

संस्थागत सुदृढिकरण र क्षमता अभिवृद्धि........................................................५९
विभिन्न संगठनहरुको भूमीका तथा उत्तरदायित्व................................................६०
पर्यवेक्षण, अनुगमन र मूल्याङ्न........................................................................६२
सामूदायिक कार्यहरु र सामाजिक प्रभावहरुको न्यूनिकरण बीचमा समन्वय...............६३
वातावरणीय तथा सामाजिक लेखा परीक्षण.......................................................६४
केन्द्रिय तहको लेखा परीक्षण .........................................................................६४
स्थानीय तहको लेखा परीक्षण...........................................................................६४
मूल्याङ्कन .......................................................................................................६४

## अनुसुचीहरु

अनुसुची १ : कानून द्वारा संरक्षित वनस्पतिका जातीहरुको सूची
अनुसुची २ : नेपालका संरक्षित वन्यजन्तुहरु
अनुसुची ३ : वातावरणीय छनौटको खाका
अनुसुची ४ : स्थान विशेष वातावरणीय व्यवस्थापन योजना (Site Specific EMP) को नमूना
अनुसूची ५ : खानी क्षेत्र व्यवस्थापन निर्देशिका
अनुसुची ६ : बरोपिट (खाडल) व्यवस्थापन निर्देशिका
अनुसुची ७ : टिपिङ्ग साइट (Tipping Site) को व्यवस्थापन निर्देशिका
अनुसुची ८ : पानी व्यवस्थापन निर्देशिका
अनुसुची ९ : वायो इन्जिनियरिङ कार्य
अनुसुची १० : श्रमिक क्याम्प निर्देशिका
अनुसुची ११: व्यवसायिक स्वास्थ्य र सुरक्षा निर्देशिका
अनुसुची १२ : क्षतिपुर्ति स्वरुप वृक्षारोपण योजना
अनुसुची १३ : सामाजिक छनौट सर्भेक्षण प्रश्नावली
अनुसूची १४ : स्वेच्छिक दान प्रभाव न्युनीकरण (VDIMP) योजनाको रुपरेखा
अनुसुची १५ : (क) स्वेच्छिक जग्गा दान सहमति पत्र (व्यक्तिगत),(ख) स्वेच्छिक जग्गा दान सहमति पत्र (सामुहिक)
अनुसुची १६ : जोखिमपूर्ण समुदाय विकास कार्यक्रमको रुपरेखा (VCDP)
अनुसुची १७ : केन्द्र स्तरीय अनुगमन खाका
अनुसुची १८ : जिल्ला अनुगमन समितिको फर्म्याट ( ESMF) को अनुच्छेद ४.४७ अनुसार)
अनुसुची १९ : जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालयको द्वैमासिक अनुगमन तथा निरिक्षिण तालिका
अनुसुची २० : समुदायमा आधारीत कार्यसम्पादन अनुगमन निर्देशिका
अनुसुची २१ : VCDP कार्यान्वयन गर्ने NGOs को कार्य विवरण (TOR)
अनुसुची २२ : भौतिक र सांस्कृतिक स्रोत संरक्षण निर्देशिका

# पहिलो अध्याय: परिचय

## पृष्ठभूमी

१.१ कुनै पनि देश र त्यहाँका जनताहरुको विकास गर्न भौतिक सुबिधाहरु तथा सामाजिक सेवाहरुमा जनताको पहुँच बढाउनु पर्दछ । नेपाल जस्तो देशमा त ग्रामीण क्षेत्रका जनताहरुसम्म पुग्ने प्रमुख माध्यम सडक नै हो । नेपालमा ग्रामिण सडकको संजाल २५००० देखि ६०००० कि.मि. सम्म रहेको अनुमान गरिएको छ । जसमा सडकका पुलहरु, कजवे र कलभर्टहरु समेत पर्दछन् । लगभग सबै ग्रामीण सडकहरु सुख्खा मौसममा मात्र प्रयोग गर्न सकिन्छ, जुन वर्षा याममा काम लाग्दैनन् । अपर्याप्त तथा कमसल ग्रामीण यातायात नै शिक्षा, औषधी र बजार लगायतका सामाजिक सुविधा प्राप्त गर्नका लागि एउटा मुख्य बाधाको रुपमा खडा भएको छ । दुर्गम क्षेत्रहरुमा मातृ तथा शिशु मृत्य दर बढी भएको तथ्य विभिन्न अनुसन्धानबाट पत्ता लागेको छ । त्यसैगरी, सुदुर पश्चिमका दुर्गम हिमाली तथा पहाडी जिल्लाहरुमा अधिक सुविधा भएका तराई तथा मध्य पहाडी जिल्लाहरुमा भन्दा प्रतिव्यक्ति आय ५० देखि ६५ प्रतिशत कम छ ।

१.२ सडक निर्माणले कुनै पनि ठाउँको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक वातावरणलाई असर पार्दछ । कमजोर भूगर्भ, सम्बृद्ध जैविक विविधता, र प्राकृतिक श्रोतहरुमाथिको उच्च निर्भरता भएका भेगमा गरिने निर्माण कार्यहरुमा सामाजिक तथा वातावरणीय प्रभावहरु प्रष्ट रुपले देख्न सकिन्छ । सामान्यतया, सडक निर्माणले निम्नानुसारका वातावरणीय तथा सामाजिक खतराहरु ल्याउँछन्: भूक्षय, पहिरो, बन विनाश, जैविक विविधता र कृषि सडकको विनास, पानीको श्रोतमा थिग्रेन जम्मा भइ पार्ने नकारात्मक प्रभाव, पानी जम्ने तथा ढलमा थिग्रेन जमेर ढल बन्द हुने, स्थायी सम्पत्तिको विस्थापन तथा विनाश र जमीनको विनाश । यी समस्याहरु निर्माणको समयमा मात्र देखिने नभइ निर्माण कार्य सम्पन्न भइ सडक प्रयोग हुन थाले पनि देखिन्छ । जसले गर्दा सडक बढी समय टिक्न सक्दैन र स्थानीय जनजीवन अझ कष्टकर हुन जान्छ । त्यसैले सडकको डिजाइन तथा निर्माण गर्दा बातावरणीय तथा सामाजिक मुद्दाहरुको उचित तरीकाले सम्बोधन गर्नु नेपालका लागि चासोको विषय बनेको छ ।

## परियोजना

१.३ राष्ट्रिय ग्रामिण यातायात सुदृढिकरण कार्यक्रमको मुख्य उद्देश्य नै ग्रामिण क्षेत्रमा उपलब्ध सुबिधाहरुलाई बढावा दिनु हो । यस कार्यक्रमलाई विश्व बैंकले आर्थिक अनुदान दिएको छ । यो कार्यक्रमले विश्व बैंकको सहयोगमा संचालित ३० वटा जिल्ला र थप ३ वटा जिल्लालाई समेट्नेछ । यस कार्यक्रमबाट १ करोड ४६ लाख जनताहरु लाभान्वित हुनेछन् । यस कार्यक्रमले बाह्रै महिना संचालन हुने १२० कि.मि.सडक संजालको सुधार तथा निर्माण गर्ने र प्रति कि.मि. औसत लाभान्वित ब्यक्तिहरुको संख्या १४३४ हुनेछ । ठुलो संख्यामा लाभान्वित जनसंख्या तराई तथा उपत्यकामा बसोबास गर्दछन् भने ५१ प्रतिशत लाभान्वित जनता पहाडी भु-भागमा बस्दछन् जसले ३० मिनेटको दुरीमा सडक सुबिधा प्राप्त गर्न सक्छन् ।

१.४ यस परियोजनामा तीनवटा कार्यक्रमहरु समावेश छन् : (क) संस्थागत सुदृढिकरण र तेश्रो पक्षको निरिक्षण ( ख) ग्रामिण यातायात पुर्वाधार बिस्तार तथा स्तर उन्नतीको लागि दिईने भौतिक सहयोग कार्यक्रम र (ग) बाह्रै महिना संचालन हुने सडक छेउछाउमा बजार पूर्वाधारको विकास सम्बन्धि अध्ययन कार्यक्रम ।

**Component A** : Component A अन्तर्गत निम्न कुराहरुमा लगानी गर्ने छ । (अ) जिल्लाहरुको संस्थागत सुदृढिकरण र प्राबिधिक सहयोग (आ) Component B अन्तरगतका निर्माण कार्यहरुको तेस्रो पक्षबाट गरिने निरिक्षण । कार्यक्रम व्यबस्थापन ईकाइ (PMU) ले तेश्रो पक्षको निरिक्षण संग संबन्धित कार्यहरुको व्यवस्थापन तथा कार्यन्वयन गर्नेछ । सो कार्य बैंकको सहयोगबाट गरिसकेको कामको अनुभवको आधारमा हुनेछ । यस कार्यक्रममा गैर सरकारी संस्था, नागरिक समाज, संगठनहरु र ब्यक्तिगत फर्महरुले समेत साझेदारी गर्न सक्नेछ । तेश्रो पक्ष निरिक्षण कुनै पनि जिल्लामा लागू हुनेछ जहाँ कार्यक्रम ख अन्तर्गत भौतिक कार्यको लागि लगानी गरिनेछ ।

परियोजनाको प्राविधिक सहयोग कोषमा पहुँच हुनका लागि कार्यसम्पादन तथा स्थानीय स्तरमा वित्तिय आयोगको न्यूनतम् शर्त पूरा भएको हुनुपर्नेछ । प्राविधिक सहयोगका लागि योग्यतामा १) भौतिक पूर्वाधारको इन्भेन्टोरीको तयारी भएको । जस्तै : जिल्लाको यातायात गुरुयोजना , २) प्राथमिकता प्राप्त संजाल योजना, ३) परियोजना तयारीका कार्यहरु जस्तैः स्थलगत सर्भे, इन्जिनियरिङ्ग, नक्सांकन, सामाजिक तथा वातावरणीय सुरक्षायोजना तयारी तथा खरिद कार्य ,४) कार्यक्रम कार्यान्वयन तथा क्षेत्र निरिक्षण , सम्झौता व्यवस्थापन र गुणस्तर नियन्त्रण, ५) निश्चित प्राविधिक विषयहरुमा कर्मचारी तालिम , आर्थिक योजनाको सुधार, आर्थिक व्यवस्थापन ,आर्थिक अनियमितता नियन्त्रणका लागि तालिम तथा सहयोग र ६) लेनमेनहरुको परिचालन तथा नियमित सडक मर्मत सम्बन्धि व्यवस्था गर्ने ।

कार्यक्रम व्यवस्थापन इकाइले हरेक वर्षको अन्तमा कार्यक्रम **क** अन्तर्गतको प्राविधिक सहयोगको लागि जति सक्दो धेरै आर्थिक योजना (Budget Outline) तयार गरिनेछ ।

**Component B** : Component B अर्न्तगत परियोजनाले भौतिक कार्यको मर्मत र ग्रामिण यातायात पूर्वाधार सुधारमा सहयोग गर्ने छ । यो सहयोग (Fund) मा पहुँच भने कार्यसम्पादनमा आधारित हुनेछ । यो कोष दुई प्रक्रियाबाट लगानी गरिनेछ । पहिलो प्रक्रियामा सडक र पुल पुलेसा कल्भर्ट मर्मत कार्यको मूल्यांकन गरेर आर्थिक सहयोग उपलब्ध गराइनेछ । दोस्रो प्रक्रियामा सडकको स्तरोन्नति तथा सुधार र पुल पुलेसा , कल्र्भट निर्माण तथा विकास/आवश्यकता अनुसार बाह्रै महिना संचालन हुने सडक संजाल विस्तारका लागि प्रचलित लगानी प्रक्रियाबाटै भुक्तानी दिइनेछ । Component A मा उल्लेख गरे अनुसारको प्राविधिक सहयोग प्राप्त गर्नका लागि Component B ले निर्देशन गरे अनुसार कुनैपनि जिल्लाले स्थानीय विकास मन्त्रालयको न्यूनतम् शर्तहरु पास भएको हुनुपर्नेछ ।

### Window 1: परिणाममा आधारित मर्मत सम्भारका लागि लगाानी

१. Window 1 ले बाह्रैमासे सडक, पुल पुलेसा र कल्भर्टको मर्मत सम्भारमा सहयोग गर्नेछ । यो कोषको पहुँचका लागि इच्छुक जिल्ला हरु अनिवार्य रुपमा;

- न्युनतम शर्त पास भएको हुनुपर्नेछ र
- आधारभूत आवश्यक कर्मचारी पूरा भएको हुनुपर्ने छ ।

Window 1 ले भौतिक प्रगतिको परिणाम प्रमाणित गरेर मात्र कोष उपलब्ध गराउनेछ । लगानी खर्चको भुक्तानीका लागि उचित ठाउँमा खर्च भएको प्रमाणित हुनुपर्नेछ । यस्तो खर्च सामाजिक तथा वातावरणीय सुरक्षा र खरिद निर्देशिकालाई ध्यानमा राखी गरिएको हुनुपर्नेछ । परियोजनामा समावेश भएका जिल्लाहरुले मर्मत सम्भार खर्चको केही रकम आफ्नै आर्थिक स्रोतबाट प्रकृया १ को लागि उपलब्ध गराउनुपर्नेछ । जिल्लाको मार्ग र आर्थिक स्रोतको उपलब्धता हेरी परियोजना व्यवस्थापन इकाइ (PMU) ले संयुक्त लगानी कोष र त्यसको आवश्यकता वार्षिक रुपमा तयार गर्नेछ ।

२. कुनैपनि जिल्ला ले आर्थिक व्यवस्थापनका लागि ट्रेजरी सिंगल एकाउन्ट (Treasury Single Account) प्रणाली लागू भए (अनुशुची डी हेर्नुहोस्) । अनुमानित खर्चको ५० प्रतिशत सम्म पूर्व भुक्तानी दिन सकिनेछ । तर वैकल्पिक आर्थिक व्यवस्थापन प्रणाली प्रयोगमा ल्याउने जिल्लाहरुलाई यो सुविधा दिइनेछैन । रकमको अन्तिम भुक्तानी सम्बन्धित जिल्लाले शुरुमा लिएको रकम कट्टा गरी दिइनेछ । SNRTP अनुसारको समान खरिद प्रक्रिया र सामाजिक तथा वातावरणीय सुरक्षा पूरा गर्न नसकेको र लागत अनुसारको परिणाम दिन नसकेका जिल्लाले लिएको पूर्व भुक्तानी समेत फिर्ता गर्नुपर्नेछ । कार्यक्रम व्यवस्थापन इकाइ र सहभागी जिल्लाहरुको बिचमा स्तरीय करार गरिनेछ जसमा रकम भुक्तानी सम्बन्धि आवश्यक बुँदाहरु स्पष्ट उल्लेख हुनेछ । कार्यक्रममा देखिन आएको बढि खर्च सम्बन्धित जिल्लाले नै व्यहोर्नुपर्नेछ । प्रक्रिया २ ले तोकेको र करारमा उल्लेखित रकम मात्र परियोजनाले व्यहोर्ने छ । यदी कुनै जिल्लाले डोलिडारले तोके बमोजिमको स्तरिय कार्य सम्पादन गर्न नसकेको खण्डमा प्रक्रिया २ अनुसारको रकम उपलब्ध गराउनेछैन ।

३. प्रक्रिया २ अनुसार जिल्लाले डोलिडारले तोके अनुसार वा सो भन्दा राम्रो परिणाम हस्तान्तरण गरेमा भने लगानी गर्नेछ ।

४. प्रक्रिया २ अनुसारको रकम भुक्तानी सडक पुन निर्माण वा मर्मत सम्भार डोलिडारले तोकेको स्तर अनुसार प्रति किमि वा सम्पूर्ण लम्बाइ पूरा भए गरिनेछ । पुल पुलेसा र कल्भर्टको हकमा हरेक स्ट्रक्चरको नभइ एकमुष्ट गरिनेछ । यस कार्यक्रमले प्रक्रिया डोलिडारले तोके बमोजिमको झोलुङ्गे पुल र गाडी चल्ने पुल निर्माणका लागि रकम विनियोजन गर्नेछ । तर त्यस्तो कार्य प्राविधिक रुपमा खर्च गर्न योग्य हुनुपर्नेछ ।

## Window 2: सडकको स्तरोन्नति

५. प्रक्रिया २ अन्तरगतको कोष कुनैपनि जिल्लामा उपलब्ध हुन सक्नेछ जसले (अ) स्थानीय वित्त आयोग (LBFC's) को आधारभूत शर्त पास गरेको हुनुपर्नेछ । (आ) स्थानीय विकास मन्त्रालयले तोके बमोजिमको कार्य सम्पन्न गरेको हुनुपर्नेछ । (इ) परियोजनालाई आवश्यक पर्ने गरि तय गरेको शर्तहरु परियोजना व्यवस्थापन इकाइबाट मूल्यांकन गरिदा सन्तोषजनक पाइएको हुनुपर्नेछ । प्रक्रिया २ ले सडक सुधार र नयाँ पुल पुलेसा निर्माणमा सहयोग पुऱ्याउनेछ । यस प्रक्रियाबाट रकम भुक्तानी गर्दा परम्परागत कार्यसम्पादन पद्धतिलाई नै आधार मान्नेछ । डोलिडारले तोकेबमोजिम परियोजनाले झोलुङ्गे पुल अथवा गााडी चल्ने पुल निर्माणका लागि रकम विनियोजन गर्नेछ ,तर त्यस्तो कार्य प्राविधिक रुपमा खर्च गर्न योग्य हुनुपर्नेछ ।

६. सडक तथा नयाँ पुल पुलेसा निर्माण तथा स्तरोन्नति गर्दा बाह्रैमास चल्ने गरी निर्माण गर्नुपर्दछ । यस्ता निर्माण तथा स्तोन्नतिको कार्य गर्दा अन्य आधाभूत कुराहरु निर्माण भएको नपाइएमा प्रक्रिया २ को रकम विनियोजन गर्न बाध्य हुनेछैन । यो प्रक्रिया २ कोष मौसमी सडक र पुल पुलेसा निर्माणमा खर्च गर्न पाइनेछैन । तर MoFALD ले तोके बमोजिमको SWAP अन्तर्गत झोलुङ्गे पुल पुलेसा निर्माणमा प्रक्रियामा प्रकृया २ को रकम प्रयोग गर्न सकिनेछ ।

७. प्रक्रिया २ अनुसार रकम विनियोजन गर्दा निम्न कुराहरुलाई ध्यानमा राखिनेछ

क) जिल्लाले वार्षिक सडक मर्मत सम्भार योजनामा लगानी गरेको छ कि छैन,

ख) जिल्ला सडकको वास्तविक तथ्यांक छ वा छैन,

ग) DTMP पूर्ण स्तरिय छ वा छैन,

घ) जिल्लको कोषको सुदृढता र TSAC को प्रयोग छ कि छैन र

ङ) जिल्लाका सडक निर्माणतथा स्तरोन्नतिमा सरोकारवालाको सहभागिता र संलग्नता के कस्तो छ ।

**Component C:** यस शिर्षक अन्तर्गत बाह्रैमास संचालन हुने सडक छेउछाउमा बजार संरचनाको निर्माणको सम्भाव्यता अध्ययन गर्नेछ । यो अध्ययनले बजार संरचना क्षेत्रहरुको सम्भाव्य सूचि प्रस्तुत गर्नेछ । यस अध्ययनले भ्यालु चेनको विश्लेषण गरि वजारहरुको वर्गीकरण गर्नेछ ।

१.५ परियोजना सहयोग अन्तर्गत निम्न ३ प्रकारका सडक क्रियाकलापहरु पर्दछन् ,(अ) सडक स्तरोन्नती र सुधार (आ) नयाँ पुलपुलेसा निर्माण र (इ) मर्मत सम्भार कार्यहरु । सडक स्तरोन्नति र मर्मत सम्भार कार्यहरुले वर्तमान ग्रामिण सडकहरु जिल्ला सडक स्तरका फराकिलो हुनेछन् । सडक सानो रहेको क्षेत्रमा नयाँ अलाइन्मेन्ट कायम गरि फराकिलो बनाइनेछ, बाटोको दुवै छेउका किनारहरु सुधार गरिनेछ, पानीबाट जोगाउन पर्खालहरु निर्माण गरिनेछ, सडकको कम्प्याक्सन गरि ओटासिल सम्म गरिनेछ । सामाजिक तथा वातावरणीय प्रभाव हरेक सडक/पुल निर्माण क्षेत्रमा फरक फरक हुने गर्दछ । सडक चौडा गर्दा र अलाइन्मेन्ट परिवर्तन गर्दा निजी जमिन वा संरचनाहरुमा क्षति पुग्न सक्छ । त्यसैगरि रुख ढाल्ने, जंगलको विनाश हुने, जमिनको सतह सम्याउने कार्यले वर्तमान भूधरातलमा असर पर्न सक्दछ । सडक स्तरोन्नती गर्दा निस्किने पदार्थ र सडक पेटी उठाउनाले प्राकृतिक बहावमा रोकावट ल्याउन सक्छ । सडक निर्माण कार्य सुचारु गर्न ग्राभल र माटो खानी संचालन गर्नुपर्दछ साथै सडकको सतह खँदिलो पार्न भाइब्रेसन मेसिन प्रयोग गर्दा संरचनाहरुमा असर पुग्न सक्दछ । माटो, ढुंगा र ग्राभेल झिक्दा खाडलहरु पर्न सक्छन् र खेतियोग्य जमिनबाट उर्वर माटो हटाउनाले उत्पादकत्वमा ह्रास आउन सक्छ । नयाँ पुल पुलेसा , कल्भर्ट र सेतुहरु (bridges) सरदर २५ मिटर लम्बाइका हुनेछन् । सेतुहरु (bridges) १०० मिटर भन्दा बढी लम्बाइका विशेष अवस्थामा मात्र निर्माण गरिनेछन् । यस्तो अवस्थामा सक्दो सावधानी अपनाइनेछ । नयाँ पुल पुलेसा निर्माण गर्दा माटो झिक्ने , जग बनाउने, सपोर्ट दिने र खोलामा पर्खाल लगाउने जस्ता क्रियाकलापले निर्माणस्थलमा वातावरणीय तथा सामाजिक जोखिमहरु देखा पर्नसक्छन् । तसर्थ परियोजनाले श्रमिकमा आधारित निर्माण कार्य अवलम्बन गर्नेछ । ठूला निर्माण औजारको प्रयोग सडक निर्माणमा मात्र गरिनेछ । विष्फोटक पदार्थको प्रयोग पूर्ण रुपले निषेध गरिएको छ ।

१.६ सडक तथा पुल पुलेसा निर्माणको प्रस्ताव यदि संरक्षित क्षेत्र, राष्ट्रिय निकुन्ज, महत्वपुर्ण सम्पदा भएको क्षेत्र (UNESSCO) ले सुचीकृत गरेका र भूक्षयको उच्च जोखिम भएको क्षेत्र, जोखिमपूर्ण क्षेत्र र लामा पुलपुलेसाको निर्माण जसले महत्वपूर्ण प्रजातीको बासस्थानमा प्रत्यक्ष असर पुऱ्याउने देखिन्छ भने त्यस्ता प्रस्तावनाहरु कार्यान्वयन गरिनेछैन । मध्यवर्ती क्षेत्र, मध्यम स्तरीय भूक्षय, भिरालो बनोट, आरक्षित क्षेत्रहरु र अन्य क्षेत्रहरु जुन भौतिक, साँस्कृतिक र धार्मिक दृष्टिले महत्वपुर्ण मानिन्छन् त्यस्तो क्षेत्रमा सडक तथा पुल पुलेसा निर्माणको प्रस्ताव गर्दा शुरुमा नै सम्बन्धित निकायहरु जस्तै डोलिडार र विश्व बैंकको स्वीकृत लिन अनिवार्य हुन्छ ।

१.७ वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा ESMF को मूख्य उद्धेश्य भनेको नै SNRTP अन्तर्गत निर्माण गरिने सबै भौतिक कार्यहरुमा वातावरणीय तथा सामाजिक सुरक्षा सिद्धान्तको निर्देश गर्नु हो । यसले ग्रामिण सडक निर्माण तथा सडक स्तरोन्नति गर्दा वातावरण तथा समाजमा पर्न सक्ने असरहरुको पहिचान गर्ने, त्यस्ता असरहरुको भविष्यवाणी गर्ने र फाइदा तथा वेफाइदाको बारेमा मूल्यांकन गर्ने र नकारात्मक प्रभाव कम गर्ने प्रयत्न गर्ने तथा त्यस्ता प्रभाव समाधानका उपायहरु प्रस्ताव गर्ने गर्दछ । यो ESMF पुरानै ESMF मा आधारित छ जुन RAIDP को लागी तयार गरिएको थियो । समाजका प्रबुद्ध वर्गहरु, समुदाय, कार्यक्रमसंग सम्बद्ध व्यक्तिहरु, गैह्रसरकारी संस्थाहरु, सामाजिक अभियन्ताहरु, कार्यक्रम नक्साङ्कन गर्ने इन्जिनियरहरु, जि.वि.स., जिल्ला प्राविधिक प्रमुख, DOLIDAR, MOFALD र अरु सरोकावाला, सरकारी तथा गैरसरकारी संस्थाहरुसंग समन्वय गरी यो

ESMF पुनः तयार पारीएको छ । SNRTP ले निर्देश गरेअनुरुप, RAIDP को लागि तयार पारिएको यो ESMF नेपाल सरकारको स्वीकृति पश्चात पुरानो ESMF लाई विस्थापित गरी लागू हुनेछ । यस ESMF लाई पुनः सम्पादन गर्नको लागी DOLIDAR ले एक स्वतन्त्र ESMF अध्ययन तथा मूल्याङ्कन समिति गठन गरेको थियो । यस समितिले कार्यक्रम सञ्चालन राम्ररी भएको तर बजेट अपुग भएको पाई आवश्यक बजेट बिनियोजनको लागि निश्चित सुझावहरु दिएको थियो । उक्त सुझाव यस ESMF मा समावेश गरिएको छ ।

**कार्यक्रम सञ्चालित जिल्लाको वर्तमान वातावरणीय अवस्था**

१.८ नेपाल मुख्यतः तीनवटा भौगोलिक क्षेत्रहरु जस्तै हिमाल, पहाड र तराईमा विभाजित छ । यी वातावरणीय/पर्यावरणीय क्षेत्रहरु उत्तर देखि दक्षिण र पूर्वदेखी पश्चिमसम्म फैलिएको छ । यी नै क्षेत्रमा नेपालका मूख्य नदीहरुको सञ्जाल रहेको छ । पत्थरीलो भू-बनोट, डाँडाकाँडा र विविध वातावरणीय एवं हावापानी भएको यस देशमा सडक निर्माणको कार्य गर्नु आफैमा ठूलो जोखिम रहेको छ । मूख्यतया मध्य पहाडी तथा हिमाली क्षेत्रमा धरातलिय जोखिमहरु बढी देखा पर्दछन् । SNRTP ले ३३ जिल्लामा सडक स्तरोन्नती तथा विस्तारको लक्ष्य राखेको छ जुन भिन्न भिन्न भौगोलिक स्थितिमा अवस्थित छन् । पहाडी तथा चुरिया क्षेत्रमा अवस्थित जिल्लाहरु र तराइका जिल्लाहरु वर्षात् मौषममा क्रमशः भूक्षय तथा वर्षाको समस्याले प्रभावित हुने गर्दछन् । तुलनात्मक रुपमा हिमाली क्षेत्र अलि सजिलो देखिएतापनि ढुङ्गा खस्ने र भूक्षयको जोखिम रहेको छ ।

१.९ परियोजनामा प्रस्तावित प्राय सबैजसो जिल्लाहरु मध्य पहाडी तथा तराई क्षेत्रमा पर्दछन् । पानीको बहावका कारण भूक्षय हुने समस्या यस क्षेत्रमा बढी देखा पर्दछ । पानी बहावको दृष्टिकोणले जिल्लाहरुको नक्सा हेर्दा (भू बनावट तथा पानी बहाव व्यवस्थापन विभागले तयार पारेको) तराई क्षेत्रमा अवस्थित जिल्लाहरु सुरक्षित देखिन्छन् । जब की मध्य पहाडी क्षेत्रका जिल्लाहरु अझ सुरक्षित श्रेणीमा पर्दछन् । केही प्रस्तावित जिल्लाहरु जस्तै, नुवाकोट, अर्घाखाँची र दाङमा पानी बहावको स्थिति कमजोर देखिन्छ । अस्थिर भू-बनोट भिरालो तथा चट्टानयुक्त पहाडमा वर्षातको समयमा भू-क्षय तथा पहिरो जाने समस्या बढी देखा पर्दछ । स-साना गरा र भिरालो जमिनमा खेती गर्नुपर्ने बाध्यकारी अवस्था हुनाले यस्ता ठाउँमा सडक निर्माण गर्दा समस्याहरु अझै बढि देखा पर्दछन् ।

**उद्देश्यहरु**

१.१० ESMF को प्रमुख उद्देश्य भनेको परियोजना लागु गर्दा वातावरण तथा समाजमा पर्ने प्रभावहरु न्यूनिकरण गर्ने निर्देशिका तथा कार्यबिधि तयार गर्नु हो । यसका विशिष्ट उद्देश्यहरु निम्न अनुसार छन्:

- नेपाल सरकार र विश्व बैंकका नीतिहरुका बीचमा समानता खोज्ने । दुवैका नीतिमा भएका अमिल्दा कुराहरु पहिचान गर्ने र तिनीहरुलाई हटाउने संयन्त्र तयार गर्ने ।
- ग्रामिण सडक निर्माण र स्तरोन्नति तथा पुल, पुलेसा निर्माण गर्दा पर्न आउने सम्भावित नकारात्मक सामाजिक र वातावरणीय प्रभावहरु पहिचान गर्ने प्रकृयाको रुपरेखा तयार गर्ने ।
- नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावहरुलाई न्यूनिकरण गर्ने योजना तयार गर्न निर्देशीका उपलब्ध गराउने र
- वातावरणीय तथा सामाजिक प्रभाव न्युनीकरण योजना कार्यान्वयन गर्ने संस्थागत व्यवस्थाको निर्देशन गर्ने ।

**ESMF को रुपरेखा**

१.११ यो ESMF का चार अध्यायहरु छन् । पहिलो अध्यायमा परियोजनाको छोटो व्याख्या र ESMF को उद्देश्य उल्लेख गरीएको छ । दोश्रो अध्यायमा नेपाल सरकारका लागु हुन सक्ने वातावरणीय तथा सामाजिक नीति निर्देशिका तथा ऐनहरुको व्याख्या गरिएको छ । यसै अध्यायमा विश्व बैंकका कार्य नीतिहरुको ब्याख्या गरिएको छ साथै विश्व बैंक र नेपाल सरकारले गरेका नितीगत व्यवस्थाहरु बीचमा रहेका अमिल्दा व्यवस्था पुरा गर्नको लागि गर्नु पर्ने यथोचित कार्यहरु उल्लेख गरेको छ । तेश्रो अध्यायले परियोजनाले पार्ने सम्भावित प्रभावहरुसँग जुझ्न र न्युनिकरणका योजनाहरु तयार गर्न वातावरणीय तथा सामाजिक रुपरेखाको बिस्तृत व्याख्या गरेको छ । चौथो अध्यायले प्रभाव न्यूनिकरण उपायहरुको कार्यान्वयनका लागि अनुगमन र मुल्याङ्कन संयन्त्रहरुको व्याख्या गर्दछ ।

# दोश्रो अध्याय: नीति, नियम तथा निर्देशिकाहरु

**नेपाल सरकारका सान्दर्भिक नीतिहरु**

२.१ **नेपालको अन्तरिम संविधान, २०६३** : नेपालको आन्तरिम सविंधान २०६३ को धारा १९ को उपधारा २ को **सम्पत्ति सम्बन्धि अधिकार** अनुसार राज्यले सार्वजनिक हितका लागि बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति लिन पाउँदैन र अर्काको सम्पत्तिमा कुनै किसिमको अधिकार जमाउन सक्दैन । सार्वजनिक कार्यका लागि भने कानुन बमोजिम उचित क्षतिपूर्ति दिएर उसको सम्पत्ति लिन सक्छ ।

२.२ अन्तरिम संविधानले आदिबाशी जनजातीहरुको सुरक्षा र विकास गर्नु राज्यको दायित्व ठानेको छ । आदिबाशी जनजातीहरुको उत्थानका लागि सरकारले सन् १९९७ मा एउटा समिति गठन गरेको थियो । उनीहरुको विकासका लागि संसदले सन् २००२ मा राष्ट्रिय कोष निर्माण गर्नका लागि एउटा विधेयक पास गर्‍यो । यस कोष मार्फत त्यस्ता जातजातिको भाषा, संस्कृतिको जगेर्ना गर्नका साथै उनीहरुलाई अधिकार सम्पन्न पार्ने काम भएको छ । त्यसैगरी, नेपाल सरकारले दलित र महिलाहरुको अधिकार संरक्षणका लागि **दलित आयो**ग तथा राष्ट्रिय **महिला आयोग** गठन गरेको छ ।

२.३ **स्थानीय स्वायत्त शासन ऐन, १९९८, र स्थानीय स्वायत्त शासन नियमावलि १९९९,, सार्वजनिक खरीद ऐन २०६५:** स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायहरुलाइ राजनैतिक, प्रशासनिक तथा आर्थिक स्वायत्तता प्रदान गर्नका साथै स्थानीय स्तरमा जनसहभागिता बढाउन वकालत गर्दछ । यस ऐनले स्थानीय निकायहरुलाई तीन तहमा वर्गीकरण गरेको छ । गाउँ तहमा गाउँ विकास समिति, शहरमा नगरपालिका, जिल्लामा जिल्ला विकास समिति । यस ऐनले स्थानीय निकायहरुलाई आफ्नै विवेकमा आवधिक तथा वार्षिक योजनाहरुको निर्माण तथा कार्यान्वयन गर्न अधिकार प्रदान गर्दछ । राजनैतिक हलचलका कारणले सन् २००१ देखि स्थानीय निकायको निर्वाचन हुन सकेको छैन ।

२.४ **सार्वजनिक सडक ऐन, १९७४** : यस ऐनले सडकको प्रभाव क्षेत्र भित्र स्थायी किसिमको संरचना निर्माण गर्न निषेध गरेको छ । यदि परियोजनालाई सडक निर्माणको अवधिमा अस्थायी रुपमा जमीन वा अन्य सम्पत्तिको आवश्यकता पर्दछ भने सो जमीन वा सम्पत्तिको क्षतिपूर्ति सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निर्धारण गरी उपलब्ध गराउने व्यवस्था गरेको छ । यस ऐनले निर्माण अवधिमा पुग्न जाने क्षतिको समेत क्षतिपूर्तिको व्यवस्था गरेको छ ।

२.५ **वातावरण संरक्षण ऐन, १९९७ र वातावरण संरक्षण नियमावली, १९९७** : वातावरण संरक्षण ऐन १९९७ अनुसार सडक लगायत सबै विकास परियोजनाहरुको आवश्यक वातावरणीय लेखाजोखाको तह निश्चित गर्न (IEE वा EIA) वातावरणीय छनौट गर्नु पर्दछ । वातावरणीय छनौटका शर्तहरुमा परियोजनाको किसिम, आकार, स्थान, तथा मूल्य आदि पर्दछन् । सामान्यतया, ग्रामीण सडकको पुनः सुधार गर्ने साना परियोजनाहरुले वातावरणमा उल्लेख्य प्रभाव पार्दैन र त्यस्ता परियोजनामा सामान्य वातावरणीय मूल्याङ्कन गरे पुग्छ ।

२.६ **वन ऐन, १९९३ र वन नियमावली, १९९५** : सडक निर्माण तथा सुधार गर्दा वन क्षेत्र प्रयोग हुने भएमा सडक परियोजनाले वन ऐन र नियमावलीमा भएका व्यवस्थाहरुको पालन गर्नु आवश्यक हुन्छ । वन ऐनको दफा ६८ (१) अनुसार राष्ट्रिय प्राथमिकताको विकास परियोजनाले वातावरणमा ठूलो प्रभाव नपार्ने भएमा र परियोजना सम्पन्न गर्न अन्य कुनै विकल्प नभएमा वन क्षेत्रमा त्यस्ता परियोजना कार्यान्वयन गर्न सकिन्छ । यसको लागि सरकारी (DFO) तथा स्थानीय (सामुदायिक वन उपभोक्ता समूह) वन अधिकारीहरुको स्विकृति लिनु पर्दछ । वनक्षेत्रमा प्राथमिकतामा परेका परियोजनाहरु कार्यान्वयन गर्दा परियोजनाबाट प्रभावित मानिसहरुको अग्रिम स्विकृती लिनुका साथै उनीहरुलाई उचित क्षतिपूर्ति पनि दिनुपर्दछ भनी वन नियमावलीले उल्लेख गरेको छ । वन नियमावली अन्तर्गत संरक्षित वनस्पतिका विभिन्न जाती र वन पैदावारहरुको सूची अनुसुची १ मा प्रस्तुत गरिएको छ ।

## २.७ वन निर्देशिका

वातावरणीय संरक्षणलाई ध्यानमा राखेर बनविभागले विकास कार्यको लागि निम्न निर्देशिकाहरु तयार पारेको छ ।

- वन उत्पादन संकलन, विक्री तथा वितरण निर्देशिका, १९९८
- सामुदायिक वन निर्देशिका, २००९
- सामुदायिक वन इन्भेन्ट्री निर्देशिका, २००५
- विकास कार्यका लागि वन क्षेत्र प्रयोग सम्बन्धि निर्देशिका, २००६

माथि उल्लेख गरिएका निर्देशिकाहरुले विभिन्न प्रकृया तथा फर्मेट तयार गरी वन फडानी गर्न पूर्व गरीब, पछाडी पारिएका समूह, आदिबासी, जनजाति, मधेसी, महिला आदिको प्रत्यक्ष सहभागितामा वन फँडानी( बिरुवाहरु निकाल्ने), काठको मूल्यांकन, लागत र सामुदायिक वन विकासको अवधारणालाई अगाडी बढाउनुपर्दछ । सामुदायिक बन इन्भेन्ट्री निर्देशिकाले विस्तृत रुपमा काठको स्टक, वनपैदावार निकासीको सम्भावना साथै सम्बन्धित प्रकृयाहरुको स्वीकृति, तरिका र मूल्यांकन प्रकृया निर्देश गरेको छ ।  सो कार्यको स्वीकृतीको लागि सरकारी कार्यालय र यसका कर्मचारीहरु जवाफदेही हुनेछन् ।

**२.८ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, १९७२** : यस ऐन अनुसार रुख विरुवा काट्ने, घर तथा अन्य संरचना वनाउने, ढूंगा/चट्टानको खानी सन्चालन गर्ने, पानीको वहाव परिवर्तन गर्ने जस्ता निकुन्जलाई हानी पुर्‍याउने कुनै पनि कृयाकलापहरु गर्न पाइँदैन । संरक्षित क्षेत्रमा गर्न रोक लगाइएका कार्यहरु यस प्रकार छन् : शिकार गर्ने, वनका कुनै पनि चीजलाई हानी पुर्‍याउने वा हटाउने, गाईबस्तु चराउने, खानी सन्चालन गर्ने, पार्क, वा कुनै पनि किसिमका घर टहराजस्ता संरचनाहरु निर्माण गर्ने नदीको बहावलाई रोक्ने वा बदल्ने आदि । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्षण क्षेत्र भित्र कुनै पनि किसिमको हस्तक्षेप गर्दा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागको सिफारिसमा वन तथा भूसंरक्षण मन्त्रालयको स्विकृति लिनुपर्दछ । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन १९७२ ले संरक्षित सुचीमा राखेको स्तनधारी जनावर, चरा तथा घस्रने जनावरहरुको सुची अनुसुची २ मा राखिएको छ ।

**२.९ जग्गा प्राप्ति ऐन, १९७७  तथा जग्गा प्राप्ति नियमवली, १९७०** :  जग्गा प्राप्ति ऐन, १९७७ र जग्गा प्राप्ति नियमावली, १९७० ले सार्वजनिक कामका लागि गरिने जग्गा अधिकरण तथा त्यसमा दिइने क्षतिपूर्तिको कार्यविधिहरु बारे स्पष्ट उल्लेख गरेको छ । यस ऐनको दफा ३ अनुसार सार्वजनिक उद्देश्यका लागि आवश्यक पर्ने कुनै पनि जग्गा क्षतिपूर्ति दिएर मात्र अधिग्रहण गर्न सकिन्छ । नियमानुसार यदि सरकारले पहिले नै जग्गा धनीको स्वीकृतिमा सार्वजानिक हितको लागि जग्गा प्रयोगमा लिइसकेको छ भने उक्त जग्गालाई अधिग्रहण गर्नु पर्दैन । तर जग्गा प्राप्ति ऐनको धारा २६ अनुसार मुवाब्जा दिनुपर्ने हुन्छ । धारा २७  अनुसार सार्वजानिक उद्धेश्यको लागि सम्झौता गरेर जग्गा प्रयोगमा लिइसकेको छ भने थप अन्य कानुनी प्रक्रियाहरु अगाडी बढाउनुपर्ने जरुरी छैन । धारा २६ र २७ विकास निर्माणका लागि जग्गा अधिग्रहण गर्न सहयोगी रहेको छ । निम्नलिखित प्रक्रियाहरु यस धारामा रहेका छन् :

- जग्गा प्राप्तिको लागि सम्मितिल गर्नुपर्ने सुरुवाती कागजातहरु पेश गर्ने ।
- जग्गा अधिग्रहण गर्ने सूचना (परियोजनाको स्थानीय कार्यलय, जिल्ला प्रशासन कार्यालय, स्थानीय सरकारी निकायहरु, जिल्ला मालपोत कार्यालय) मा निम्न कुराहरु सुचित गरिएको हुनुपर्नेछ :
    - कुन जग्गा के का लागि आवश्यकता परेको हो,
    - जग्गा संगसगै अन्य कुनै सम्पति पनि प्राप्ति गर्नुपर्ने छ छैन,
    - अधिग्रहण गर्ने जग्गाको पूर्ण जानकारी,
    - अधिग्रहण गर्ने जग्गाको कित्ता नं., क्षेत्रफल, आदि

- जिल्ला मालपोत कार्यालयमा जग्गा स्वामीत्व हस्तान्तरण ।
- उक्त जग्गा नेपाल सरकारको नाममा हस्तान्तरण ।

### २.१० भू तथा जलाधार संरक्षण ऐन, १९८२

नेपालले भू संरक्षण तथा व्यवस्थापनका लागि भू तथा जलाधार संरक्षण ऐन, १९८२ प्रयोगमा ल्याएको छ । भू तथा जलाधार संरक्षण अधिकृतलाई धारा ४ ले निम्नलिखित कुराहरु गर्नसक्ने अधिकारहरु दिएको छ ।

- बाँध, इम्व्याकंमेन्ट, गरा सुधार, डाइभर्जन च्यानल र रिटेनिङ्ग पर्खाल निर्माण तथा मर्मत
- भू क्षय अधिक हुने ठाउँमा हरियाली संरक्षण तथा बृक्षारोपण कार्यक्रम संचालन र
- भू तथा जलाधार संरक्षणको लागि नियमित कृषि कार्यक्रम संचालन
  ऐनको धारा १० अनुसार भू तथा जलाधार सरंक्षण अधिकृतलाई निम्नलिखित कुराहरु गर्नसक्ने अधिकारहरु दिएको छ ।
    - ड्याम, ड्रेनेज तथा नालाहरुको निर्माण,
    - व्यक्तिको स्वामित्वमा रहेको बोटबिरुवाहरुको कटान,
    - बालुवा , ढुंगा तथा माटो निकाल्ने, ठोस फोहोरको निश्कासन गर्ने,
    - आवासिय तथा औद्योगिक क्षेत्र जलाधार सुरक्षा क्षेत्रमा स्थापित गर्ने ।

### २.११ श्रम ऐन, २०४८ (पहिलो संसोधन २०५४)

यो ऐनको धारा ५ ले कामदारको स्वास्थ्य र सुरक्षा व्यवस्थालाई व्याख्या गरेको छ । रोजगारदाताले निम्न कुराहरुको व्यवस्था गर्नुपर्ने हुन्छ ।

- रोजगारदाताले कामदारको स्वास्थ्य र सुरक्षाको प्रत्याभूती गर्नुपर्ने,
- स्वच्छ र सुरक्षित काम गर्ने वातावरण दिनुपर्ने,
- काम गर्दा हुन सक्ने खतरालाई ध्यानमा राखि व्यक्तिगत सुरक्षा उपकरणहरुको व्यवस्था गर्नुपर्ने,
- काम गर्ने समयमा प्रशस्त पिउने पानीको व्यवस्था गर्नुपर्ने,
- पुरुष तथा महिला एवम् अन्य मजदुरहरुको छुट्टाछुट्टै शौचालयको व्यवस्था हुनुपर्ने,
- त्यस्तै आँखा तथा अन्य संवेदनशिल अंगहरुको सुरक्षाका लागि चाहिने अत्यन्त आवश्यक उपकरणहरुको व्यवस्था गरेको हुनुपर्ने ।

### २.१२ बालश्रम ऐन , २०५६

यो ऐनले १६ वर्ष मुनीका बालबालिकाहरुलाई कलकारखाना, खानी तथा अन्य जोखिम युक्त कामहरुमा सहभागी गराउन निषेध गरेको छ । यो ऐन तथा अन्यले निर्माण स्थललाई जोखिमयुक्त क्षेत्रका रुपमा राखेको छ ।

### २.१३ श्रमिक नियमावली, २०५०

यस नियमावलीको धारा ३ अनुसार उस्तै प्रकृतिका कामका मजदुरको पारिश्रमिक (ज्याला) मा कुनैपनि भेदभाव हुनेछैन ।

**२.१४ अन्तरराष्ट्रिय श्रमिक संगठन (आइ एल ओ १६९)** : यसको दफा ७ ले आदिबासी तथा जनजातिलाई विकास कार्यमा सहभागि हुने अधिकार प्रदान गर्दछ । त्यस्तै राष्ट्रिय विकासका योजना तथा कार्यक्रमहरु संचालनमा ल्याउँदा योजना र कार्यक्रममा उनीहरुको राय सल्लाहलाई अनिवार्य बनाइएको छ । त्यस्तै दफा १२, १३, १४ र १५ ले आदिबासी जनजातिहरुको परापूर्व देखि बसोबास गरेको भएका ठाउँहरु र प्राकृतिक स्रोतसाधनहरुमाथि उनीहरुको अधिकारको रक्षा गरेको छ । दफा १६ अनुसार उनीहरुले परापूर्व देखि बसोबास गरेको स्थान र प्राकृतिक स्रोतसाधन माथिको उनीहरुको अधिकारलाई सुनिश्चित गर्दै उनीहरुलाई निर्णय प्रकृया र पूनर्बास प्रकृयामा सहभागि गराएर क्षति भएको सम्पत्ति र चोटपटकको पूर्ण क्षतिपुर्ति दिनुपर्ने कुरा राज्यको ऐनमा अनिवार्य रुपले विशेष व्यवस्था गर्नुपर्दछ ।

**नेपाल सरकारको कानुनी रुपरेखा तथा निर्देशिकाहरु**

**२.१५ वातावरणीय निर्देशिकाहरु** : सडकसँग सम्बन्धित वातावरणीय निर्देशिकाहरुमा राष्ट्रिय EIA निर्देशिका १९९३ र सडक क्षेत्र वातावरणीय व्यवस्थापन निर्देशिका, १९९७ पर्दछन् । यी निर्देशिकाहरुले वातावरणीय व्यवस्थापन तथा नकारात्मक प्रभावलाई न्युनिकरण गर्ने उपायहरुलाई परियोजनामा समायोजन गर्न निर्देशित गर्दछ । यी निर्देशिकाहरुले खासगरी ढूङ्गा खानी र खाल्डाहरुको व्यवास्थापन, निर्माण सामग्रीहरुको संग्रह गर्ने तथा माटो फाल्ने ठाउँ छान्ने, क्याम्प (अस्थायी टहरा) को सञ्चालन, माटोको काम तथा जमीनको भिरालो सतह स्थिर पार्ने काम, ढूङ्गा फोड्ने, आदि ठाउँको चयन गर्ने निर्देशित गर्दछ ।

**२.१६ जग्गा मार्गनिर्देशिकाहरु** : यो निर्देशिकाले जग्गा प्रप्ति ऐन, १९७७ ले गरेको व्यवस्था अनुसार जग्गा अधिग्रहण गर्ने प्रकृया वर्णन गरेको छ ।

**२.१७ अन्य उद्देश्यका लागि वन क्षेत्र उपलब्ध गराउने कामको कार्यविधि, २००६** : यो कार्यविधि अनुसार EPA/EPR को प्रावधान कुनै परियोजनामा लागु भएन भने न्युनिकरणका आवश्यक उपायहरुलाई कार्यान्वयनको अवधिमा समाबेश गरिनु पर्दछ । बनक्षेत्रभित्र गरिने हस्तक्षेपका लागि जिल्ला वन कार्यालय र वन उपभोक्ता समूहको अग्रीम स्विकृति आवश्यक पर्दछ ।

**२.१८ नेपालका वन क्षेत्रको गुरुयोजना, १९८८** : वन क्षेत्रको गुरुयोजनाले विभिन्न किसिमका वनहरुमा कसरी हस्तक्षेप गर्ने भन्ने कुराको कार्यविधि स्पष्ट पारेको छ । सरकारी मातहतमा रहेका राष्ट्रिय वनमाथिको कुनै पनि किसिमको हस्तक्षेप (जस्तैः रुख काट्ने, जमीन अधिग्रहण गर्ने, संरक्षित प्रजातिहरुलाई हटाउने आदि) गर्नुपरेमा सम्बन्धित अधिकारीको अग्रीम स्विकृतिको आवश्यक पर्दछ । यदि त्यो बन कुनैसमूदायलाई उपभोग गर्न दिइएको रहेछ भने सम्बन्धित उपभोक्ता समूहको पनि अनुमति आवश्यक पर्दछ ।

**२.१९ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, १९९६**

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, १९९६ ले मध्यवर्ती क्षेत्रमा निम्न लिखित कार्यहरु गर्ने गरी वार्डेनलाई अधिकारहरु दिइएको छ ।

- अनाधिकृत रुपमा रुख कटान, बनजंगल बिनाश गरेको जग्गा नियन्त्रणमा लिने,
- बनबिनाश तथा डढेलो नियन्त्रण गर्न आवश्यक कदम चाल्ने,
- ढुंगा, बालुवा तथा खानी उत्खनन् कार्यहरु ,
- मध्यवर्ती क्षेत्र भित्रका नदी, खोला तथा पानीका स्रोतहरुमा विषालु तथा विष्फोटक पदार्थ प्रयोगको नियन्त्रण,
- गैरकानुनी शिकार तथा कुनैपनि बन्यजन्तु विनाश सम्बन्धी क्रियाकलापको नियन्त्रण ।

२.२० सडक निर्माण सम्बन्धि अन्तरराष्ट्रिय कानुनी प्रावधानहरुमा नेपालले पनि हस्ताक्षर गरेको छ । जसअनुसार वातावरणीय सुरक्षालाई ध्यानमा राखेर सडक नक्सांकन गर्नुपर्ने हुन्छ । उदाहरणका लागि जैविक विविधता सम्बन्धि विषयमा नेपालले रियो द जेनेरियोमा जुन १२, १९९२ मा हस्ताक्षर गरेको थियो । यस महासन्धिले परियोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा जैविक विविधतामा पर्ने नकारात्मक असरहरुलाई न्यूनीकरण गर्न वातावरणीय मूल्यांकन गर्नुपर्ने आवश्यकता सम्बन्धि एउटा फराकिलो रुपरेखा तयार पारेको छ । यस महासन्धिको धारा १४ ले नकारात्मक प्रभाव न्यूनीकरण गर्न प्रभाव मूल्यांकन गर्ने व्यवस्था गरेको छ । विस्तृत रुपमा यसले हस्ताक्षर गर्ने सम्पूर्ण पक्षलाई वातावरणीय प्रभाव मूल्यांकनको लागि उपयुक्त प्रक्रिया अपनाउन जनसहभागिता, सुचना आदानप्रदान तथा तत्कालै जैविक विविधतामा असर पर्न सक्ने खतरालाई ध्यानमा राखि थप कार्यक्रमहरु गर्नुपर्ने हुन्छ । त्यस्तै कानुनी बाध्यकारी कदम संचालन गर्नका लागि अन्तरराष्ट्रिय रुपमा निम्न कुराहरु पालन गर्नुपर्ने हुन्छ ।

- जलवायु परिवर्तन सम्बन्धि संयुक्त राष्ट्र संघिय महासन्धि ,१९९२
- दक्षिणपूर्वी एसिया र प्यासिफक क्षेत्रको वनस्पति संरक्षण सम्झौता (संसोधन, १९५६)
- दुर्लभ वन्यजन्तु र वनस्पतिको अन्तरराष्ट्रिय व्यापार महासन्धि, १९७३
- रामसार महासन्धि, १९७१
- विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण महासन्धि, १९७२

**२.२१ सार्वजनिक कार्य निर्देशिका, २००२** : यो निर्देशिकाले ठेक्केदारलाई ढूंगा माटो आदि निकाल्न छानिएको खानी मध्ये कुनै पनि खानीबाट करारमा उल्लेख भए बमोजिमका निर्माण सामग्रीहरु निकाल्न अनुमति दिन्छ । परियोजना व्यवस्थापकले कार्यसञ्चालनको अवस्था, कानुनी हैसियत, गुणस्तर र छानिएका ठाउँहरुबाट निक्लने संभावित परिमाणका बारेमा परीक्षण गर्नु पर्दछ । ठेक्केदारले खानी तथा भूगर्भ विभाग, जिविस, DFO, नगरपालिका र गाउँ विकास समितिसँग समन्वयन गरी ठेक्का अनुमति पत्र लिनु पर्दछ । वातावरणका दृष्टिले संवेदनशील खानी छानिएमा त्यसलाई स्विकार गर्न सकिदैंन भन्ने कुरा पनि निर्देशिकामा उल्लेख गरिएको छ ।

**२.२२ निर्माण सामग्रीहरु निकाल्ने विषयमा सरकारी नीति** : स्थानीय स्वायत्त शासन नियमवली, १९९९ ले (नदी वनको सीमाभित्र पर्दछ भने) DFO र स्थानीय विकाष अधिकारीलाई गिट्टी, वालुवा निकाल्ने अनुमतिपत्र दिन पाउने अधिकार दिएको छ । EPR मा भएको व्यवस्थाले यस्ता गतिविधिहरुले ल्याउने वातावरणीय प्रभावको लेखाजोखा र प्रारम्भिक वातावरणीय परीक्षण गर्न तथा सम्बन्धित मन्त्रालयबाट स्विकृत गराउन अनिवार्य गरेको छ । खानी तथा खनिज ऐन, १९८५ अनुसार कुनै पनि ठाउँबाट निर्माण सामग्री निकाल्न अनुमति दिनु अघि त्यहाँबाट त्यस्ता सामग्री कति मात्रामा निकाल्न मिल्छ सो को परिमाण पत्ता लगाउनु पर्दछ । नदी र बगर वरिपरिको वातावरणीय अवस्था संरक्षण गर्नका लागि कुनै विशेष शर्तहरु उल्लेख गर्ने कानूनी दस्तावेजहरु (कागजपत्रहरु) छैनन् । खानी तथा खनिज पदार्थ ऐन १९९६ ले त्यस्ता क्षेत्रहरुको वातावरण संरक्षण गर्ने उपायहरु अवलम्बन गरिनु पर्दछ भन्छ । वातावरणीय व्यवस्थापन निर्देशिका, १९९९ (DOR) का अनुसार खानी क्षेत्र मानिसको वासस्थान, पानी ट्याङ्की वा पानीको अन्य श्रोत, खेती गरिने जमीन, र पूल भएको ठाउँहरुबाट टाढा हुनुपर्दछ । पाखा तथा अन्य क्षेत्रमा खानी सन्चालन गर्दा EPR का आवश्यक प्रावधानहरु पुरा गरी खानी तथा भूगर्भ विभागबाट अनुमतिपत्र लिनु पर्दछ । वन नियमावली, १९९५ र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, १९७२ ले पनि सामुदायिक लगायत अन्य वन क्षेत्रहरुमा ढूंगा खानी सन्चालन गर्न बन्देज गरेको छ ।

**जोखिममा रहेका समूदायहरुलाई सहयोग गर्नका लागि नेपाल सरकारका नीतिहरु**

२.२३ तीन वर्षे अन्तरिम योजना, २००७–२०१० : यो योजनामा आदिबाशी जनजाति र अन्य उपेक्षित समूहका मानिसहरुको समाबेशी विकासको लागि निम्न नीति लिइएको छ : (**i**) सामाजिक समाबेशीकरणका लागि वातावरण सिर्जना गर्ने, (**ii**) उपेक्षित समूदायको नीति निर्माण तथा निर्णय लिने प्रकृयामा सहभागिता बढाउने, (**iii**) उपेक्षित

समूदायहरुका लागि विशेष कार्यक्रमहरु बनाउने, (**iv**) शिक्षा, रोजगार, आदिमा सकारात्मक विभेद वा आरक्षणको व्यवस्था गर्ने, (**v**) त्यस्ता समूदायहरुको संस्कृति, भाषा तथा ज्ञानको संरक्षण गर्ने, (**vi**) विकासमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने, र (**vii**) देशको सम्पूर्ण आर्थिक ढाँचालाई सामाजिकरुपमा नै समाबेशी बनाउने ।

२.२४ **आदिबाशी जनजातीहरुको विकासका लागि राष्ट्रिय कोष ऐन** (२००२), **राष्ट्रिय मानवअधिकार कार्य योजना ऐन** (२००५), **राष्ट्रिय महिला आयोग** (२००२), **राष्ट्रिय दलित आयोग** (२००२) : यी ऐनहरुले आदिबाशी, सीमान्तकृत, दलित तथा महिलाहरुको अधिकारको सूरक्षा र सम्बर्द्धन गर्नका लागि सम्बन्धित आयोगहरुको गठन गर्न अनुमति प्रदान गरेको छ ।

२.२५ आइ. इल. ओ महासन्धि १६९ को आदिबासी जनजाति र यु.एन को आदिबासी जनजाति अधिकार (UNDRIP, २००७): नेपाल सरकार आइ. एल. ओ घोषणापत्र १६९ र संयुक्त राष्ट्रसंघको आदिबासी जनजातिहरुको अधिकार रक्षा सम्बन्धि घोषणापत्र २००७ मा प्रतिबद्ध रहेको छ । यी दुवै घोषणापत्रहरुले मानवअधिकार र आदिबासीहरुको आधारभूत स्वतन्त्रताको बारेमा वकालत गर्दछ । आइ. एल. ओ १६९ को अवधारणा अनुसार नेपालले ५९ वटा आदिबासी जनजाति समुहहरु पहिचान गरेको छ साथै राष्ट्रिय आदिबासी जनजाति ऐन २००२ पनि संशोधन गरिसकेको छ । यो ऐनले ५९ वटा आदिबासी समुहहरुमा समुन्नत आदिबासी समुह, पिछडिएको आदिबासी समुह र लोपोन्मुख आदिबासी समुह गरि वर्गीकरण गरेको छ । आइ एल ओ १६९ अन्तरराष्ट्रिय रुपमा बाध्यकारी सन्धि हो तर नेपालले हालसम्म यसको राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न सकेको छैन । परियोजनाले त्यस्ता समूहहरुलाई उच्च प्राथमिकताका साथ सम्पर्क तथा छलफलका चरणमा सम्पर्क गर्ने र प्रभाव न्यूनीकरण गर्ने छ ।

**विश्वबैंकको वातावरणीय तथा सामाजिक सूरक्षा नीतिहरु**

SNRTP मा लागु हुने विश्वबैंकका वातावरण तथा सामाजिक सूरक्षा नीतिहरु निम्न बमोजिम छन् :

२.२६ **वाताबरण मूल्याङ्कन (कार्ययोजना ४.०१)** : विश्व वैंकको आर्थिक सहयोगमा सन्चालित परियोजनाहरु वातावरणीय दृष्टिकोणले उचित तथा दिगो छन् र परियाजनाबाट वातावरणमा पार्ने सम्भावित प्रभावहरुको उचित विश्लेषण गरिएको छ भन्ने निश्चित गर्नका लागि वातावरण लेखाजोखा गर्ने कार्य गरिन्छ । विश्व वैंकको कुनै पनि परियोजना सञ्चालन गरिएको क्षेत्रमा परियोजनाले वातावरणीय खतरा वा नकारात्मक प्रभावहरु पार्ने देखिएमा सम्भावित खतराहरु, त्यस्ता खतरालाई कम गर्ने उपायहरु र वातावरण व्यवस्थापनको योजना देखाउने गरी वातावरण लेखाजोखाको आवश्यकता पर्दछ ।

२.२७ **प्राकृतिक बासस्थान (कार्ययोजना ४.०४)** : यदि कुनै परियोजनाले प्राकृतिक बासस्थानहरुमा प्रत्यक्ष (जस्तै संरचना निर्माण गर्दा) वा अप्रत्यक्ष रुपले (परियोजना संचालन गर्दा भएको मानविय गतिबिधिको कारणले) ठूलो परिवर्तन वा हानी गर्दछ वा त्यस्तो बासस्थानलाई बस्न अयोग्य बनाउने सम्भावना छ भने त्यस्तो परियोजनामा प्राकृतिक बासस्थानको नीति लागू हुन्छ (यसमा कुनै क्षेत्रको लगानी अथवा आर्थिक मध्यस्थकर्ताको ऋणबाट सन्चालित जुनसुकै उप परियोजनासमेत समाबेश हुन्छन्) । यो नीतिभित्र बढी खतरायुक्त (कानूनद्वारा संरक्षित वा संरक्षणका लागि प्रस्ताव गरिएको वा उच्च पर्यावरणीय महत्व भएेका) र कम खतरामा रहेका प्राकृतिक बासस्थानहरुका लागि पुरा गर्नुपर्ने भिन्दा भिन्दै शर्तहरु छन् ।"ठूलो परिवर्तन वा क्षय" सम्बन्धि बैंकको व्याख्या हरेक परियोजनाका लागि छुट्टा छुट्टै छ र यो वाताबरण प्रभाव मूल्याङ्कन (EIA) बाट प्राप्त गरिएको जानकारीमा आधारित हुन्छ ।

२.२८ **वनजङ्गल (कार्ययोजना ४.३६)** : यो नीति वनक्षेत्रमा ठूलो प्रभाव पार्नसक्ने सम्भावना भएको विश्व बैंकद्वारा प्रायोजित अन्य हस्तक्षेपकारी परियोजनाहरुका लागि लागु हुन्छ । बैंकले व्यापारिक प्रयोजनका लागि वन फँडानी गर्ने कामलाई आर्थिक मद्दत गर्दैन, बरु यसले वनविनाश रोक्ने, बनक्षेत्रले वातावरणमा योगदान पुर्याउने, बृक्षारोपण प्रबर्धन गर्ने, गरीबी घटाउने तथा आर्थिक विकासलाई प्रोत्साहित गर्ने, आदि लक्ष्य राख्दछ ।

२.२९ **भौतिक सांस्कृतिक श्रोत (कार्ययोजना ४.११)** : विश्व बैंकले कुनै पनि देशको भौतिक तथा सांस्कृतिक श्रोतहरुको व्यवस्थापन गर्न र यस्ता श्रोतहरुमा विकास परियोजनाले ल्याउने नकारात्मक प्रभाव हटाउन तथा कम गर्न सहयोग गर्दछ । यो नीति EA (वातावरणीय लेखाजोखा) आवश्यक पर्ने जुनसुकै परियोजनाका लागि लागु हुन्छ ।

२.३० **ईच्छा विपरीत गराइने पुनर्वास कार्ययोजना** ४.१२ : जग्गाधनीको ईच्छा विपरीत गरिने जग्गा अधिग्रहणसम्बन्धि विश्व बैंकको नीतिको प्रमुख उद्देश्यहरु निम्न छन् । परियोजना सञ्चालनका सबैखाले विकल्पहरुको खोजी गरी कसैको इच्छा विपरीत पुनर्वास गराउने काम सम्भव भएसम्म नगर्ने वा त्यस्तो संभावनालाई सकेसम्म कम गर्ने; यसरी स्थानान्तरण गरिएका मानिसहरुलाई उनीहरुको पूर्व जीवनस्तर प्राप्त गर्न, आय क्षमता, उत्पादन क्षमता बढाउने वा कम्तिमा पनि पहिलेको जस्तै क्षमता कायम राख्न सहयोग गर्ने; पुनर्वासको विभिन्न कृयाकलापमा भाग लिन उनीहरुलाई प्रोत्साहित गर्ने । जमीनको जेसुकै कानूनी हैसियत भए पनि प्रभावित मानिसहरुलाई सहयोग गर्ने । यो नीतिभित्र स्थानान्तरण गर्ने कुरामात्र नभई त्यसरी ठाउँ सार्दा विनास हुने अन्य कुराहरुसमेत समेटिन्छन् । जस्तै, जमीन, घर वा अन्य भौतिक सम्पत्तिहरु । कुनै स्थायी सम्पत्तिको विनास वा त्यस्तो सम्पत्तिमा हुने पहुँचको समाप्ति, आयश्रोतहरुको नास अथवा उनीहरुको जीविकोपार्जन माध्यम आदि समेत ख्याल गरिनुपर्दछ साथै सोही नीति अनुसार पुनर्वास कार्ययोजना तयार गर्नु पर्दछ । परियोजनाबाट २०० भन्दा कम मानिसहरु प्रभावित भएमा एउटा छोटो पुनर्वास योजना तयार गर्न सकिन्छ । परियोजना तयार गर्नेबेलामा परियोजनाले ल्याउन सक्ने सम्पूर्ण प्रभावहरुको लेखाजोखा गर्न नसकिने अवस्था भएमा पुनर्वास नीतिको खाका तयार गर्ने व्यवस्था मिलाउनु पर्दछ । पुनर्वास कार्ययोजना र पुनर्वास नीति खाकाले व्याख्या गरेका बैंकका सबै नीतिगत व्यवस्थाको र खासगरी प्रभावित भएका सम्पत्तिहरुहरुलाई स्थानान्तर गर्दा लाग्ने मूल्यसहित त्यस्तो सम्पत्तिको क्षतिपूर्ति दिइनेछ भन्ने कुरा निश्चित गर्नु पर्नेछ ।

२.३१ **आदिबासी जनजाति (कार्ययोजना ४.१०)** : आदिबासी जनजाति संग सम्बन्धि नीतिहरुका मूख्य उद्देश्यहरु निम्न छन् ; (i) विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित परियोजनाको कार्यान्वयनमा परियोजनाबाट प्रभावित हुने आदिबासी जनजातीको भनाइ सुनिने छ भन्ने कुरा निश्चित गर्नु, (ii) आदिबासी जनजातीमाथि पर्ने नकारात्मक असरहरु हटाइनेछन्, घटाइनेछन् वा न्यूनीकरण गरिइनेछ भन्ने कुरा निश्चित गर्नु, र (iii) आदिबासी जनजातिका मानिसहरुले पाउने भनिएका फाइदाहरु उनीहरुको संस्कृति अनुकुल छन् भन्ने कुराको निश्चित गर्ने । परियोजना क्षेत्रमा आदिबासी जनजातीहरु हुन्छन् तथा लक्षित समूहमा नकारात्मक प्रभाव हुने संभावना भएमा यो नीति लागू हुन्छ । सम्भावित नकारात्मक प्रभावलाई कम गर्न वा परियोजनालाई बढी हितकारी बनाउन आदिबासी जनजाती विकास योजना तयार र्गनु पर्दछ ।

**नेपाल सरकार र विश्व बैंकका नीतिहरुको तुलना**

२.३२ तालिका २.१ मा नेपाल सरकार र विश्वबैकको SNRTP सँग लागु हुनसक्ने नीतिहरुको तुलना गरी दुवै पक्षका नीतिहरु बीचमा देखा परेका रिक्तता हटाउन सिफारिस गरिएको छ ।

**तालिका २.१: नेपाल सरकार र विश्व बैंकका नीतिहरुको तुलना तथा सिफारिसहरु**

| समूह | नेपाल सरकारको नीति | विश्व बैंकको नीति | रिक्तता | रिक्तता हटाउन गरिएका सिफारिसहरु |
|---|---|---|---|---|
| क. वाताबरण, (बासस्थान र जंगल,जलचर तथा थलचर समेत) | EPR को शर्तभित्र पर्ने विकास परियोजनाको IEE वा EIA गर्नुपर्दछ ( उदाहरणको लागि जिल्लास्तरको सडक निर्माण गर्दा IEE र सहायक सडक निर्माण गर्दा EIA गर्नुपर्दछ) । हालै संशोधित EPR (वातावरण संरक्षण नियमावली) अनुसार जिल्लास्तरका सडकहरु सुधार गर्दा IEE (प्रारम्भिक वातावरणीय परीक्षण) अथवा EIA ( वातावरणीय प्रभावको लेखाजोखा) गर्नु आवस्यक पर्दैन । यसो गर्दा परियोजनाबाट पर्नसक्ने सवै सम्भावित खतराहरु र प्रभावहरुलाई संवोधन गर्न सकिंदैन । उदाहरणको लागि, निर्माणस्थलको अवस्था अनुसार जिल्लास्तरको सडक सहायक सडकभन्दा बढी खतरायुक्त हुन सक्छ । वनसम्बन्धि नियमअनुसार वनक्षेत्रमा हुने कुनै पनि किसिमको अतिकूमणका लागि सम्बन्धित अधिकारीहरु (DFO, CFUG आदि) बाट अनुमति लिन आवस्यक हुन्छ । राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐनले वातावरण मन्त्रालयका साथसाथै वन तथा भूसंरक्षण मन्त्रालयको पनि अनुमति लिन आवस्यक बनाएको छ । सेवामुखी | सम्भावित खतराहरु तथा नकारात्मक प्रभावहरु, त्यस्ता प्रभावहरुलाई कम गर्ने उपायहरु, तथा वातावरणीय व्यवस्थापन योजना आदिको पहिचान गर्न वातावरणीय लेखाजोखा गर्नु पर्दछ ।<br>जब प्राकृतिक बासस्थान तथा वनसँग सम्बन्धि नीतिहरु लागु हुन्छन्, वातावरणीय लेखाजोखा तथा वातावरणी व्यवस्थापन योजना (EPM) ले सम्बन्धित सबै मुद्दाहरुलाई सम्बोधन गर्दछ । | वातावरण संरक्षण नियमावलीको दफा १ मा सुचीकृत कृयाकलापहरुलाई प्रारम्भिक वातावरणीय अध्ययन (IEE) र दफा २ मा सूचिकृत कृयाकलापहरु वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्न आवश्यक पर्छ । दफा १ र २ कृयाकलाप, किसिम, आकार र स्थानमा आधारित हुनेछन् । सम्भावित जोखिमहरुलाई औपचारिक रुपमा छनौट गरिने छैन । | विश्वबैंक र नेपाल सरकारका नीतिहरुलाई सम्बोधन गर्न Environmental Screening प्रत्येक सहायक परियोजनाका लागि अनिवार्य हुन्छ जसले वातावरणीय जोखिमलाई स्वीकार गर्नुपर्ने हुन्छ यसले Environmental Screening कार्यलाई सम्मिलित गर्दछ । साथै बिस्तृत इन्जिनियङ्गिको बेलामा EMP तयार गरिन्छ । EMP ले परियोजनाको कारणले उत्पन्न हुने नकारात्मक प्रभावहरुलाई समाधानका लागि सम्बोधन गर्ने लक्ष्य राख्दछ ।<br>परियोजनाले क्षतिपुर्ति स्वरुप गरिने बृक्षारोपण कार्यलाइ कडाइका साथ लागु गर्नेछ । LRUC, VRCC, DFO तथा CFUG आदि स्थानीय संस्था |

| समूह | नेपाल सरकारको नीति | विश्व बैंकको नीति | रिक्तता | रिक्तता हटाउन गरिएका सिफारिसहरु |
|---|---|---|---|---|
| | परियोजनाका लागि क्षतिपूर्तिस्वरुप गरिने पुन बृक्षारोपणको अनुपातलाई परिभाषित गरिएको छैन । | | | तथा समूहहरुसँग समन्वय गरेर जिविसले १:२५ को दरमा बृक्षारोपण गर्नेछ । |
| ख. भौतिक सांस्कृतिक श्रोतहरु | EPR को दफा २८ अनुसार सम्बन्धित अधिकारीको अग्रीम स्विकृति विना भौतिक तथा सांस्कृतिक सम्पदाहरुलाई बाधा पुर्‍याउनु हुदैन । | यस्ता श्रोतहरु सहायक परियोजनाद्वारा समेत प्रभावित नहुन् भन्नका लागि वातावरणीय लेखाजोखा गर्नु पर्दछ । | EPR ले अवसर प्राप्तिलाई स्वीकार गर्दैन | EMP/SMP ले यस्ता कुराहरुलाई नेपाल सरकार र विश्व बैंकका नीति अनुसार सम्बोधन गर्नेछ । भौतिक तथा सांस्कृतिक स्रोतहरुको सुरक्षा निर्देशिका अनुसुची २३ मा हेर्नुहोस् । |
| ग. जमीन तथा संरचनाहरु | जग्गा अधिग्रहण ऐनको दफा ३ अनुसार सार्वजानिक हितका लागि उचित क्षतिपूर्ति दिएर जग्गा तथा सम्पति अधिग्रहण गर्न सकिन्छ । मुवाब्जा निर्धारण समितिले उचित दरले मुवाब्जा निर्धारण गर्नेछ ।<br><br>गुठि संस्थान ऐन २०३३ को दफा ४२ अनुसार यदि विकास कार्यको लागि गुठि अधिग्रहण गरिन्छ भने त्यस्तो अवस्थामा रकम नभई अन्य जग्गा नै | सम्पतिको किसिम र जग्गाको स्थान हेरी पूर्ण रुपमा क्षतिपूर्ति उपलब्ध गराइनेछ । पुर्नबास तथा पुर्नस्थापना कार्यक्रमको मद्धतले प्रभावित व्यक्तिहरुको जीवनस्तर सुधार गर्नको लागि सहयोग गर्नेछ ।<br><br>सामुदायिक सम्पतिको मुआब्जा दिँदा समुदायको सरसल्लाहलाई आधार मानिनेछ ।<br><br>प्रभावित जग्गा धनि तथा जोताहाहरुलाई | नेपालको जग्गा अधिग्रहण ऐनले क्षतिको आधारमा मुआब्जाको रुपमा रकम प्रदान गर्नेछ । व्यक्तिलाई परेको असरको बारेमा यसले कुनै वास्ता गरेको छैन । | सडक निर्माण प्रक्रिया मागमा आधारित हुन्छ र यसबाट समुदायका हरेक वर्गहरु लाभान्वित हुन्छन् । त्यसकारण ग्रामिण सडक निर्माणका लागि स्वेच्छिक रुपमा जग्गा दान गर्ने प्रचलन रहेको छ । कार्यक्रमले सम्पूर्ण जग्गाको १० प्रतिशत क्षेत्रफल भन्दा बढि दानको रुपमा लिनेछैन । यदि जग्गा धनीले १० प्रतिशत भन्दा बढी जग्गा दान गरेको खण्डमा बाँकी |

| समूह | नेपाल सरकारको नीति | विश्व बैंकको नीति | रिक्तता | रिक्तता हटाउन गरिएका सिफारिसहरु |
|---|---|---|---|---|
| | मुआब्जाको रुपमा दिनुपर्ने हुन्छ।<br><br>भूमि सुधार ऐन २०२१<br>यो ऐनले जग्गामा जोताहाको अधिकार स्थापना गर्दछ जुन जग्गा उसले जोतिराखेको छ। जग्गा धनिले विकास निर्माण कार्यको लागि प्रयोगमा आउने जग्गाको उचित मुआब्जा जोताहालाई दिनुपर्ने भूमिसुधार ऐनले प्रष्ट पारेको छ। | उचित सहयोग प्रदान गरिनेछ। | | जग्गाको उचित मुआब्जा दिनेछ। स्वेच्छिक जग्गादान प्रभाव न्युनीकरण योजना (VDIMP) दिएको ढाँचामा तयार गरिन्छ। जग्गा दान गर्ने क्रियाकलापबाट जग्गा धनीको बासस्थानमा असर पर्न गएमा उचित सहयोग गरिनेछ। |
| घ. आदिबासी समूदाय | अन्तरिम योजनाले हरेक विकास कार्यकृममार्फत आदिवासी समुदायप्रति लक्षित गरी भौतिक संरचना र आय आर्जन गर्ने कायक्रमलाई प्रोत्साहन गर्दछ।<br><br>NFDIN ऐन २००२, स्थानिय सुशासन ऐन १९९९ र दशौं योजना २००७-१० र ३ वर्षीय अन्तरिम योजना २०११-१३ | परियोजनाले प्रभावित आदिबासी जनताबाट सहयोग प्राप्त गर्न उनीहरुसँग स्वतन्त्र, अग्रीम र सूचनामूलक सम्पर्क राख्ने कुराको निश्चित गर्दछ।<br><br>सामाजिक प्रभावको लेखाजोखा गरी आदिबासी समूदायले सामाजिक तथा आर्थिक फाइदा प्राप्त गरुन भन्ने उद्देश्यले योजनाहरु बनाइनेछ। | नेपाल सरकारको अन्तरिम योजनाले विकास निर्माण कार्य गर्दा आयआर्जनलाई समेट्ने लक्ष्य राखेको छ। तर त्यसको बारेमा वृस्तृत व्याख्याहरु गरिएको छैन। त्यस्तै नेपाल सरकारले ILO 169 र आदिवासीको अधिकार सम्बन्धि संयुक्त राष्ट्रसंघको घोषणा पत्रमा सहभागिता जनाइसकेको छा यसको साथै राष्ट्रिय र अन्तरराष्ट्रिय प्रतिबद्धतालाई कार्यन्वयनमा ल्याउन राष्ट्रिय कार्ययोजना तयार पार्ने | परियोजनाले आदिवासी, जनजातीहरु तथा जोखिमयुक्त समुदायसँग विकास निर्माण कार्य गर्नु पूर्व सल्लाह सुझाव लिनेछ। कार्यक्रमले आदिवासी , जनजाती तथा जोखिमयुक्त व्यक्तिहरुको लागि जोखिमयुक्त सामुदायिक विकास योजना समुदायको आवश्यकतालाई ध्यानमा राखी तयार पार्नेछ। प्रभावित समुदाय बजार पूर्वाधार निर्माण कर्याबाट थप लाभान्वित हुनेछन्। |

| समूह | नेपाल सरकारको नीति | विश्व बैंकको नीति | रिक्तता | रिक्तता हटाउन गरिएका सिफारिसहरु |
|---|---|---|---|---|
| | | | प्रक्रियामा छ। आदिवासी र अन्यजोखिमयुक्त समुदायको लागि नेपाल सँग स्तरीय नीति हालसम्म रहेको छैन। माथि उल्लेख गरिएका ऐन कानुनहरुले आदिवासी तथा परेका जनजातीहरु, दलित, महिला, अपाङ्ग र अन्य जोखिमयुक्त समुदायहरुको लागि सेवा पुऱ्याउने कार्यमा महत्वपूर्ण भूमिका खेलेको छ। यी ऐन तथा योजनाहरुहरुले आदिवासी, जनजाती र अन्य विपन्न समूहहरुको विकासको नीति समावेश गरेको छ :<br>● सामाजिक समावेशीको लागि वातावरण तयार पार्नु,<br>● परेका वर्गलाई नीति निर्माण तथा निर्णय गर्ने कुरामा सहभागि गराउनु,<br>● विपन्न समुदायको लागि विशेष कार्यक्रम विकास | |

| समूह | नेपाल सरकारको नीति | विश्व बैंकको नीति | रिक्तता | रिक्तता हटाउन गरिएका सिफारिसहरु |
|---|---|---|---|---|
| | | | गर्नु,<br>• शिक्षा तथा रोजगारमा आरक्षणको व्यवस्था गर्नु,<br>• उनीहरुको संस्कृति, भाषा तथा ज्ञानलाई सुरक्षा गर्नु ।<br>• विकास निर्माण प्रक्रियामा समानुपातिक प्रतिनिधित्व गराउनु,<br>• राष्ट्रिय अर्थतन्त्रको रुपरेखा समावेशी बनाउनु । | |
| ङ. आय श्रोतको नास | नास भएका बाली तथा आय श्रोतका लागि क्षतिपूर्ति उपलब्ध गराइनेछ । | पूर्णरुपमा क्षतिपूर्ति उपलब्ध गराइनेछ । | | तेश्रो अध्यायमा उल्लेख भएको ESMF को ३.३१ बमोजिम जिविकोपार्जनका लागि सहयोग उपलब्ध गराइनेछ । |

## तेश्रो अध्याय: वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा

३.१ वातावरणीय तथा सामाजिक व्यवस्थापन रुपरेखा सहायक परियोजनाहरुमा उत्पन्न हुने वातावरणीय तथा समाजिक सवालहरुलाई सम्बोधन गर्न तयार गरिएको दस्ताबेज हो । परियोजनाले धेरैजसो (सुख्खा मौसममा चल्ने सडक बाहेक) हाल कायम रहेका सडकहरुको सुधार तथा स्तरोन्नती र पुलहरुको निर्माण गर्ने हुनाले यसबाट वातावरण र सामाजिक क्षेत्रमा पर्ने नकारात्मक प्रभावहरु सामान्यतया कम नै हुन्छन् भन्ने मान्यता राख्दछ । सडक निर्माण कार्यबाट समाजमा पर्न सक्ने वास्तविक नोक्सानीलाई पहिचान गरी सम्बोधन गर्नका लागि सडक प्रभाव क्षेत्र Corridor of Impact) परिभाषित गरिएको छ । DoLIDAR ले प्रकाशित गरको Approach Manual ले सडकको चौडाइ पहाडमा ५ मी. र तराइमा ६ मी. निश्चित गरेको भएता पनि वातावरणीय तथा सामाजिक प्रभावका लागि परियोजनाले Corridor of Impact (प्रभाव पेटी) लाई परिभाषित गरेको छ । प्रभाव पेटी हरेक ठाउँमा त्यहाँको अवस्था अनुसार फरक हुनेछ । वातावरणीय दृष्टिले सडकको दुवै पट्टि १.५ कि. मी. लाई सम्भावित प्रभाव पेटीको रुपमा लिइन्छ । ठाउँ विशेषको सम्भावित प्रभाव पेटीलाई वातावरणीय स्क्रीनिङको समयमा निश्चित गरिनेछ । सहायक परियोजनाहरुमा सामाजिक तथा वातावरणीय नकारात्मक प्रभावलाई न्युनिकरण गर्नका लागि नीति निर्माण, योजना कार्यान्वयन तथा अनुगमनमा संलग्न अधिकारी तथा कर्मचारीहरुले यो ESMF को प्रयोग गर्नेछन् ।

३.२ ग्रामिण सडक सुधार तथा स्तरोन्नती र पुलहरुको निर्माणले स्थानीय बसिन्दाहरुको पहुँच राष्ट्रिय तथा सहायक स्तरका सडकहरुसम्म पुर्‍याउनेछ । परियोजनाको अन्तिम लक्ष्य गरीबि घटाउने हो । तसर्थ सडक सुधारको कार्यले मानिसहरुको आय, रोजगार र सेवाहरुमाथिको पहुँचका साथै जीवनस्तर उकास्ने छ । निम्न कारणहरुले गर्दा SNRTP का सहायक परियोजनाहरुले वातावरण तथा सामाजमा उल्लेख्य नकारात्मक प्रभावहरु पार्ने छैनन्;

- परियोजना अन्तर्गत प्रस्तावित सहायक परियोजनाहरुले हाल कायम रहेका सडकहरुको मात्र स्तरोन्नती तथा सुधार र औसत २५ मी. लामा पुलहरुको मात्र निर्माण गर्नेछन् ।

- उत्खनित माटोको व्यवस्थापन, अस्थिर भिरालो जग्गा, भूक्षय, पहिरो, प्राकृतिक खोल्सीको बहावमा अवरोध र रुख तथा झाडी नष्ट हुनु पहाडी क्षेत्रको सडक स्तरोन्नतिको मूख्य समस्या रहेको छ । त्यसकारण यस परियोजनाले विद्यमान प्राकृतिक अवस्थालाई सुधार गर्न वायो इन्जिनियरिङ्ग तथा अन्य सुरक्षा संरचना निर्माण कार्यहरु गरेर सुरक्षित गर्नेछ । साथै परियोजनाले श्रममा आधारित प्रविधिको प्रयोग गरि कमजोर भूभागलाई हानी हुनबाट जोगाउनेछ । ठूलाठूला मेसिनरी औजारहरु र स्काभेटरको प्रयोगलाई सिमित गरिनेछ । ब्लाष्टिङ कार्य गरिनेछैन ।

- तराईमा प्रस्ताव गरिएका सबै जसो सडकहरु उत्तर देखि दक्षिण जाने छन् । यद्यपि यी सडकहरुमा पूर्व पश्चिमका सडकहरुमा भन्दा बाढीले गर्ने नोक्सानीको सम्भावना कम छ । माटो उत्खनन् क्षेत्रको व्यवस्थापनमा समस्या तथा बाढीले कृषिजन्य क्षेत्रमा असर तथा सडकको इन्वेन्कमेन्टमा भूक्षय तथा स्काउरिङ्गको असर तराइका सडकका समस्या हुन् ।

- स्थानीय समुदायहरुलाई सडक निर्माण, संरक्षण साथै अनुगमनमा सामेल गराइनेछ जसले गर्दा आदिबासीहरुमा भएको सीप र ज्ञानको प्रयोग गरी नकारात्मक वातावरणीय तथा सामाजिक प्रभावहरुलाई कम गर्न प्रयास गरिनेछ । सडक नक्साङ्कनको अन्तिम निर्णय समुदाय तथा विशेष गरि सडकको लागि जग्गा दान गर्ने व्यक्तिहरुको सुझावका आधारमा गरिनेछ । परियोजना कार्यान्वयनको अनुगमनमा पनि समुदायका व्यक्तिहरुको सहभागिता रहनेछ । परियोजना सञ्चालित जिल्लाहरुमा समुदायका व्यक्तिहरुलाई सामाजिक उत्तरदायित्व सम्बन्धि प्रशिक्षित गर्नको लागि गैह्रसरकारी संस्था अथवा फर्मलाई जिम्मेवारी दिइनेछ । त्यस्ता समुदायका सदस्यहरु गाउँस्तरिय छलफलबाट छनौट गरिनेछन् ।

- सडक तथा पुलहरु नेपाल सरकारको विकेन्द्रिकरण नीति अनुसार सुधार तथा स्तरोन्नति र निर्माण गरिने हुनाले सम्बन्धित जिविसहरु यी सडक तथा पुलहरुको निर्माण कार्य सम्पन्न भए मर्मत सम्भारका लागि प्रत्यक्ष रुपमा जिम्मेवार हुनेछन् । यसले गर्दा सबै सहायक परियोजनाहरु राम्ररी सन्चालन हुने र दिगो हुने साथै सामाजिक तथा वातावरणीय मुद्दाहरुको पहिचान भै नकारात्मक प्रभावहरु न्युन हुन जान्छन् ।

३.३ नेपालमा दुई किसिमका सडकहरु छन् । १) रणनीतिक सडकहरु, जसमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्ग पर्दछन् र २) जिल्लास्तरका सडकहरु, जसमा जिल्ला स्तरका क, ख र ग वर्गका सडकहरु पर्दछन् । रणनीतिक सडकहरु, सडक विभाग (DOR) का मातहतमा हुन्छन् भने जिल्ला स्तरका सडकहरु जिल्ला विकास समितिका मातहतमा हुन्छन् । सबै SNRTP सडकहरु जिल्लास्तरका "क" वर्गका सडकहरु हुन्, जसलाई जिल्ला विकास समितिहरुले व्यवस्थापन गरेको हुन्छ । यी सडकहरुको स्तरोन्नती स्थानीय समुदायहरुले अनुरोध गरे र उनीहरु श्वेच्छाले जमीन प्रदान गर्न तयार भए मात्र गरिनेछ ।

३.४ SNRTP ले संघिय मामला तथा स्थानिय विकास मन्त्रालयको कार्य निर्देशिका पालन गरी गाउँ सडक समन्वय समिति र स्थानिय सडक उपभोक्ता समितिलाई सडक निर्माणको लागि सहभागी गराउनेछ । परियोजनाले निर्माण गर्ने त्यस्ता समितिमा लैंगिक समावेशितालाई ध्यानमा राखी उनीहरुको बढी भन्दा बढी प्रतिनिधित्व गराउनुपर्नेछ ।

३.५ कुनैपनि आरक्षित क्षेत्र (राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र) मा प्रस्तावित सहायक परियोजनाहरु (सडक तथा पुल) ठूलो पहिरो तथा जोखिमपुर्ण क्षेत्रबाट जाने देखिएमा कार्यन्वयनका लागि स्वीकृती दिइनेछैन ।

३.६ मध्यवर्ती क्षेत्र, भौतिक, साँस्कृतिक तथा धार्मिक महत्वका क्षेत्रहरुमा प्रस्तावित पुल तथा सडकको कार्यान्वयन अगावै PMU ले DOLIDAR र विश्व वैंकबाट पूर्वस्वीकृति लिनुपर्ने हुन्छ ।

## सडक अधिकार क्षेत्र (Right of Way) र सडक प्रभाव क्षेत्र (Corridor of Impact)

३.७ ग्रामीण सडकका सम्बन्धमा सडक अधिकार क्षेत्र (Right of Way) हिमाल, पहाड तथा तराइ सवै क्षेत्रमा बाटोको केन्द्रदेखि दुवैपट्टि १० मी. हुन्छ । तसर्थ निर्माणको क्रममा सडकको यति चौडाइभित्र कुनै किसिमको संरचना निर्माण नहोस् भनेर जनजातिलाई सूचित गर्नु पर्दछ । सहायक परियोजनाको Corridor of Impact कति हो भनी शुरुकै अवस्थामा परिभाषित गरिनेछ । Corridor of Impact ले निर्माण गर्दा चाहिने सडकको चौडाइलाई मात्रै जनाउँछ, जुन प्राविधिक निर्देशिका अनुसार हुनेछ । तर CoI भौगोलिक, बातावरणीय र सामाजिक परिबेश अनुसार फरक-फरक हुन सक्दछ ।

३.८ Corridor of Impact मा पर्ने स्थानीय बासिन्दाको जमीन उनीहरुबाट स्वेच्छिक रुपमा प्राप्त गरिनेछ र यसको प्रमाण/रेकर्ड राखिनेछ । यस्तो रेकर्डमा हाल कायम रहेको सडकको चौडाइमा थप कति जमीन लिइएको हो साथै त्यसरी जमीन लिंदा कति जना व्यक्तिहरु प्रभावित भए सोको रेकर्ड पनि राखिनेछ ।

३.९ जिल्ला प्राविधिक कार्यलयका प्राविधिकको उपस्थितिमा आमभेलाले स्थानीय उपभोक्ताहरुसँगको छलफल पुल तथा सडकको प्रभाव क्षेत्र परिभाषित गर्नेछ ।

## वातावरणीय प्रभावहरु (Environmental Impacts)

३.१० SNRTP मा परिकल्पना गरिएका वातावरणीय प्रभावहरु सबै ठाउँमा एकैनासका छैनन् । एकै क्षेत्रका फरक प्रकृतिका सहायक परियोजनाहरु, भिन्न भिन्न क्षेत्रका परियोजना (जस्तै, तराइ र पहाड) र नयाँ बाटो निर्माण वा भइरहेको बाटोलाई स्तरोन्नति गरिएको हो भन्ने आधारमा यस्ता प्रभावहरु फरक फरक हुन्छन् । यसअघिका परियोजनाहरुको कार्यान्वयनबाट प्राप्त अनुभवका आधारमा यस्ता प्रभावहरु निम्न प्रकारका छन् :

उत्खनित पदार्थको व्यवस्थापन, अस्थिर भिरालोपना, पहिरो, भुक्षय, पानीका खोल्सीमा अवरोध र रुख तथा झाडीहरु नष्ट हुनु, माटो निकालिएको खाल्डोको व्यवस्थापन, पानी जम्ने र बाढीले गर्दा खेतीयोग्य जमिन डुबानमा पर्नु, सडक इम्बेन्कमेन्टबाट माटो क्षय तथा स्काउरिङ्ग, सार्वजानिक सम्पति, सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको सुरक्षण, इत्यादि । निर्माणबाट पर्नसक्ने असरहरु र यसबाट बच्न सक्ने उपायहरुको बारेमा पहाडी तथा तराइको सडक तथा पुल आयोजनाको ३.१, ३.२, ३.३ र सेक्सन ३.११ मा उल्लेख गरिएको छ ।

**वातावरणीय प्रभावहरु (Environmental Impacts)**

**३.११** SNRTP मा परिकल्पना गरिएका वातावरणीय प्रभावहरु सबै ठाउँमा एकैनासका छैनन् । एकै क्षेत्रका फरक प्रकृतिका सहायक परियोजनाहरु, भिन्न भिन्न क्षेत्रका परियोजना (जस्तै, तराइ र पहाड) र नयाँ बाटो निर्माण वा भइरहेको बाटोलाई स्तरोन्नति गरिएको हो भन्ने आधारमा यस्ता प्रभावहरु फरक फरक हुन्छन् । यसअघिका परियोजनाहरुको कार्यान्वयनबाट प्राप्त अनुभवका आधारमा यस्ता प्रभावहरु निम्न प्रकारका छन् :

उत्खनित पदार्थको व्यवस्थापन, अस्थिर भिरालोपना, पहिरो, भुक्षय, पानीका खोल्सीमा अवरोध र रुख तथा झाडीहरु नष्ट हुनु, माटो निकालिएको खाल्डोको व्यवस्थापन, पानी जम्ने र बाढीले गर्दा खेतीयोग्य जमिन डुबानमा पर्नु, सडक इम्बेन्कमेन्टबाट माटो क्षय तथा स्काउरिङ्ग, सार्वजानिक सम्पति, सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको सुरक्षण, इत्यादि । निर्माणबाट पर्नसक्ने असरहरु र यसबाट बच्न सक्ने उपायहरुको बारेमा पहाडी तथा तराइको सडक तथा पुल आयोजनाको ३.१, ३.२, ३.३ र सेक्सन ३.११ मा उल्लेख गरिएको छ ।

तालिका ३.१: तराईका सडक आयोजनाको योजना तर्जुमा, डिजाइन, निर्माण तथा संचालनका बेलामा हुनसक्ने असर र न्युनीकरणका उपायहरु

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| १ | पानी जम्ने तथा बाढीका कारणले हुने कृषि जन्य भूमिमा असर:<br>सडकहरुले प्राकृतिक रुपमा रहेको पानीको वहावलाई रोक्ने काम गर्दछन् जसले गर्दा बाढी तथा पानी जम्न जान्छ त्यस्ता बाढी तथा जमेका पानीले कृषि योग्य जमिनहरु विर्गाछन्, वालिनालीको विकास तथा उत्पादन क्षमतामा कमी आउँछ र समग्रमा यसले कृषि जन्य उत्पादनमा असर पार्दछ । | ड्रेनेज निर्माण गर्दा प्राकृतिक रुपमा रहेको पानीको वहावलाई कम भन्दा कम असर पर्ने गरि विस्तृत योजना तथा नक्साङकन कार्य गर्नुपर्दछ साथै पानीबाट सर्ने रोग र झिंगा, फटेंग्रालाई रोक्ने गरि किसान तथा सडक प्रयोग गर्ने व्यक्तिहरुसँग सल्लाह गरि योजना तयार पार्नुपर्दछ ।<br>तल्लो भुभागको धान खेती योग्य जग्गालाई सिचाँइ व्यवस्था र सतही पानीको बहाव व्यवस्थापन गर्नुपर्दछ । | पानी जमेर तथा बाढी आएर कृषि योग्य जमिनलाई हुनसक्ने असरबाट जोगाउनको लागि पर्याप्त क्रस ड्रेनेजको निर्माण गर्नुपर्दछ ।<br>हरेक २०० देखि ३०० मिटर दूरीको विचमा विशेष गरि खेतियोग्य क्षेत्रमा क्रस ड्रेनेजको व्यवस्था गर्नुपर्दछ । किसानहरुको सल्लाहमा कल्भर्ट तथा ह्युमपाइप राख्नुपर्दछ । |
| २ | सतही पानीको बहाव बढेर इन्व्याक्मेन्टमा खियाउने तथा भूक्षय हुने :<br>विषेश गरि मनसुनको बेलामा इनव्याक्मेन्ट भासिने र यातायातमा समस्या हुने गर्दछ । | सतही पानीको बहावलाई व्यवस्थापन गर्न प्रशस्त मात्रामा नाली सुधारको कार्य गर्नुपर्दछ । बरोपिट, इन्व्याक्मेन्टबाट रुखविरुवा हटाउने कामलाई कम गर्नुपर्दछ । | स्थानीय समुदायहरुसँग समन्वय गरि मानव वस्ती रहेको क्षेत्रमा सहायक नाला निर्माण गरि मुख्य निकास नालामा जोड्नु पर्दछ ।<br>डिजाइनमा उल्लेख भएअनुसारको नाला सुधारको कामहरु गर्नुपर्दछ । इनव्याक्मेन्टको भिरालोमा बायोइन्जिनियरिङ्ग गरि अनावश्यक माटो स्काउरिङ्ग र भुक्षयबाट बचाउने काम गर्नुपर्दछ । |
| ३ | बरोपिटः<br>सतही माटो, जमिन र उत्पादकत्वमा कमि, पानी चुहावट र पानीसँग सम्बन्धित रोगहरुमा वृद्धि, चोटपटक, दुर्घटना तथा मृत्युको सम्भावना हुन्छ । | मानव वस्ती तथा इनव्याकमेन्टको छेउछाउमा बरोपिट बनाउन हुदैन ।<br>इनव्याकमेन्ट तथा कृषियोग्य जमिनको छेउछाउमा बरोपिट पार्न हुदैन । यदि कृषि योग्य क्षेत्रमा बरोपिट पारिएको छ भने सडकको १.५ मि भन्दा नजिक नगर्न र गहिराइ ३० सेन्टिमिर भन्दा गहिरो हुन हुदैन र १५ सेन्टिमिटर सतही माटो हटाए ३० सेमी भन्दा तल खन्नुहुदैन ।<br>खोलाको छेउमा यदि यो अवस्थित छ भने खोला भन्दा १५ मिटर टाढा हुनुपर्दछ ताकि बर्षातको पानीले यसलाई कुनै असर नपारोस् | उत्खनन् गर्नुपर्ने पदार्थ र योजना अनुसारको उपयुक्त आकारको बरोपिटको प्रयोग गर्नुपर्दछ ।<br>अतिरिक्त बरोपिट नबनोस् भनेर इनव्याक्मेटलाई सन्तुलन गरि पानी निकासको लागि नाली बनाउनु पर्दछ ।<br>प्रस्तावित पुर्नस्थापना योजनाले अपेक्षा गरेअनुरुप बरोपिट पुर्नस्थापना निर्माण कार्यको निरीक्षण गर्नुपर्दछ । |

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | वाढीको स्तर र अवधी हेरी लिड दुरी आवश्यकता अनुसार ५० मि भन्दा बढी पनि हुनसक्दछ।<br><br>निम्नलिखित क्षेत्रहरुमा निर्माण कार्य गर्न हुदैन :<br><br>घाँसे मैदान<br><br>बस्तीबाट ०.५ किमि भन्दा नजिक<br><br>वातावरणित दृष्टिकोणले संम्वेदनशील क्षेत्रहरु<br><br>आरक्षित क्षेत्र तथा बनजंगलहरु<br><br>अस्थिर पहाडी भूभाग<br><br>पानीका स्रोतहरु<br><br>खोल्सा, दलदल पानी जम्मा भएको र पानी चुहावट हुने क्षेत्रहरु<br><br>दुर्लभ वनस्पति तथा प्राणीहरुको बासस्थान भएको क्षेत्र<br><br>निर्माण कार्य शुरु गर्नु भन्दा पहिला बरोपिट व्यवस्थापन योजना बनाइ स्वीकृत गराइसक्नुपर्दछ। | |

तालिका ३.२ : पहाडका सडक आयोजनाको योजना तर्जुमा, डिजाइन, निर्माण तथा संचालनका बेलामा हुनसक्ने असर र न्युनीकरणका उपायहरु

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| १ | उत्खनित माटो तथा निर्माण फोहोरहरुको व्यवस्थापनले कृषि योग्य भूमि, बन तथा घाँसे मैदानमा पर्ने असर।<br>बनजंगल, घाँसे मैदान तथा जमिनको | • प्रभावकारी र व्यवहारिक रुपले उत्खनित माटोको व्यवस्थापनका लागि आवश्यकता अनुसार ५० मि. भन्दा बढि सम्मको पनि लिड दुरी लिनुपर्दछ।<br>• पुनप्राप्ति /सुधार योजना अन्तरर्गत टिपिङ प्लानको तयारी, प्रमाणित तथा अनुमोदन गराउनुपर्छ। | • उत्खनित माटो व्यवस्थापन योजनाको कार्यान्वयन गर्नुपर्दछ।<br>• उत्खनित माटो तथा काम नलाग्ने वस्तुहरु व्यवस्थापन गर्दा सकेसम्म राम्रो अवसरहरु खोज्नुपर्दछ।<br>• स्थानीय समुदायको संलग्नतामा कमसल भूमिमा |

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | उत्पादकत्वमा ह्रास | • डिजाइन योजनामा माटोको उत्खनन् र माटो भर्ने कामलाई सकेसम्म सन्तुलन गराउने प्रयास गर्नुपर्दछ।<br>• उत्खनित माटो व्यवस्थापनको लागि आवश्यक पर्खालहरु, स्लोप ग्रेडिङ तथा बोटविरुवा रोप्ने काम गर्नुपर्दछ।<br>• निर्माण सामग्री भण्डारण गर्नको लागि उपयुक्त क्षेत्रको पहिचान गरि अनुमोदन गर्नुपर्दछ।<br>• कल्भट, ड्रेनेज तथा सडक एलाइन्मेन्ट निर्णय गर्नुभन्दा अगाडि स्थानीय व्यक्तिहरुसँग छलफल गर्नुपर्दछ ताकि भुक्षय हुने ठाउँ नपरोस्। | उत्खनित माटो व्यवस्थापन गर्ने काम गर्नुपर्दछ।<br>• कृषि योग्य जमिन यदि उत्खनित माटोको कारणले बिग्रिएको छ भने त्यसलाई पुनःप्राप्ती गर्नुपर्दछ।<br>• टिपिङ गर्दा उत्खनित माटो तथा अन्य फोहोरबाट खेती जन्य जमिन तथा माटो बचाउन सुरक्षित किमिमबाट काम गर्नुपर्दछ।<br>• काम नलाग्ने वस्तु थन्कयाउने भण्डारण कक्षलाई पुर्नस्थापना गर्नुपर्दछ। |
| २ | अस्थिर भीर, भुक्षय र पहिरो : यी विषयहरु परम्परागत किसिमबाट वा श्रमिकको प्रयोग नगरि ठूला मेसिनहरु (एक्साभेटर, बुलडोजर र भाइभ्रेटर इत्यादी) प्रयोग गरि निर्माण गरिएको सडकमा बढी देखिन्छन्। यस्ता समस्याहरु पानीको व्यवस्थापन राम्ररी नगरेका ठाउँहरुमा बढी देखिन्छन्। | • भुक्षय, पहिरो र संवेदनशील भिरालो ठाउँहरुको ख्याल गरि क्षति न्युनीकरण गर्नको लागि विस्तृत योजनाहरु र सुची तयार पार्नुपर्दछ।<br>• सडकको ग्रेडिङ ५ प्रतिशतमा सिमित गर्नुपर्छ। सडकको ग्रेडिङ गर्दा DOLIDAR को जिल्ला सडक स्तर ग्रेडिङ निर्देशिका पालना गर्नुपर्छ।<br>• यदि ७ प्रतिशत भन्दा माथी ग्रेडिङ गरिन्छ भने नालाको व्यवस्थापन गर्नुपर्दछ।<br>• माटो कटान तथा पुर्ने कामको लागि सकेसम्म सन्तुलित पद्धति पालना गर्नुपर्दछ।<br>• उत्खनित माटो व्यवस्थापन गर्ने क्षेत्रको पहिचान तथा स्विकृति लिनुपर्दछ। सडकको छेउमा उत्खनित माटो फाल्नहुदैन।<br>• वायो इन्जिनियरिङ कार्य गर्नका लागि भिरालो र माटो पुरेको ठाउँहरुको पहिचान गर्नुपर्दछ। | • सडक चौडा पार्दा बोट विरुवा सकेसम्म नष्ट गर्नुहुदैन।<br>• स्लोप टो (Slope Toe) को माटो काट्दा फेदिबाट काट्नहुदैन।<br>• निर्माण क्षेत्र तयारीको लागि तयार पारिएको निर्माण संरचना उपलब्ध गराउनुपर्दछ।<br>• उचित समयमा नै वायो इन्जिनियरिङ कार्य गर्नको लागि नक्साङ्कन गर्ने र उपयुक्त समयमा सो लागु गर्नुपर्दछ।<br>• सडकको छेउछाउबाट माटो नभिmक्नको लागि स्थानीय व्यक्तिहरुलाई सचेत गराउनुपर्दछ।<br>• बर्षातको समयमा माटो उत्खननको कार्य सकेसम्म गर्न हुदैन।<br>• पानीको उचित व्यस्थापनको लागि उपयुक्त इन्जिनियरिङ कार्यहरु गर्नुपर्दछ जसबाट पहिरो तथा भीर बग्ने सम्भावना नरहोस्। |

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | | • RAIDP को केही उपपरियोजनाहरुमा प्रयोग गरिए जस्तै उत्खनित माटो व्यवस्थापनका लागि पर्खालको निर्माण गर्नुपर्दछ जसबाट माटो बग्ने समस्या कम हुन जान्छ ।<br><br>• रिटेनिङ पर्खाल निर्माण गर्दा जालि तथा सुख्खा ढुङ्गा प्रयोग गर्नुपर्दछ र स्लोपको लागि ब्रेष्ट पर्खाल बनाउनुपर्दछ ।<br><br>• इन्जिनियरिङ्ग प्रावधान अनुरुप भीर कटानको स्लोप निर्धारण गर्नुपर्दछ (माटोको चरित्र अनुरुप स्लोपको प्रतिशत ) जसले गर्दा भीर खस्न बाट रोकियोस् ।<br><br>• भुक्षय नियन्त्रण गर्नका लागि आवश्यक उपायहरु अवलम्बन गर्ने (जस्तै- जमिनलाई कम चलाउने, माटो कटान गर्दा थोरै समय लगाउने, सडकको सतह स्थिर गर्नको लागि चट्टान युक्त सामग्रीहरु प्रयोग गर्ने, सम्बेदनशील क्षेत्रमा माटो स्थिर गर्ने, खनेको ठाउँको वरिपरि वृक्षारोपण गर्ने, मध्यवर्ती क्षेत्रमा रुखविरुवाहरु र पानीको व्यवस्थापन आदि गर्नुपर्दछ ।<br><br>**सडक संचालन**<br><br>• ROW पालना गरेर सडक सतहलाई सडकको छेउछाउहरुमा पुरातन प्रजातिका रुखविरुवाहरु रोपि स्थीर गराउने जुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले भरखर तयार गरेको खेस्रा EFLG मा उल्लेख समेत गरिएको छ ।<br><br>• उचित समयमा सडक पुल, सडक छेउका भिरहरु तथा बोटविरुवा र अन्य सडकसँग जोडिएको आधारभूत कुराहरुको उचित मर्मत तथा |

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | | व्यवस्थापन गर्नुपर्दछ । |
| ३ | प्राकृतिक खोल्सी समेतको ड्रेनेज व्यवस्थापन : यो विषय एकदमै महत्वपूर्ण रहेको छ । मौसमी तथा वर्षेनी बग्ने खोला तथा झर्ना व्यवस्थापनको उचित अभावमा भुअस्थिरता, भुक्षय, पहिरो जान बल पुर्‍याउन सक्ने समस्या सडकका छेउछाउ पर्न सक्दछ । | • खेती योग्य र पानीको मुहान अवस्थित रहेको क्षेत्रमा पर्याप्त मात्रामा ड्रेनेजको निर्माण गर्नुपर्दछ ।<br>• ड्रेनेजको नक्साङ्कन गर्दा प्राकृतिक ड्रेनेजलाई पनि समेटेर पानीको गति भिरालो ठाउँमा सीमित गर्नुपर्ने हुन्छ ।<br>• धरै खोल्सा खोल्सी भएको ठाउँमा आवश्यक कजवेहरुको निर्माण गर्नुपर्दछ ।<br>• पानी तथा माटोमात्र भएको जग्गामा स्तरोन्नति गर्दा ढुङ्गा ओछ्याउने र ग्राभेलिङ कार्यको नक्साङ्कन गर्नहुन्न । | • RAIDP अन्तरगत विभिन्न निर्माण कार्यहरु भएता पनि वर्षातको समयमा पानी व्यवस्थापन कार्य एउटा ठुलो समस्याको रुपमा देखा परेको छ । सडकको अवलोकन कार्यक्रमको बेलामा स्थानीय उपभोक्ताहरुले उपयुक्त ड्रेनेज र त्यसको विकासको अभावमा वर्षातको बेलामा पानी उनीहरुको खेती वालिमा पसेर अन्नवाली नष्ट गरेको गुनासा गर्ने गर्दछन् ।<br>• उपभोक्ताहरुसँग छलफल गरेर प्राकृतिक खोल्सा खोल्सी हरुमा आवश्यक संख्या र आकारको क्रस ड्रेनेजहरु निर्माण गर्नुपर्दछ ।<br>• प्राकृतिक वहावलाई रोक्ने अथवा अन्यत्र बहाव परिवर्तन गर्ने काम गर्नहुन्न ।<br>• वातावरणीय ह्रासलाई रोक्न मर्मत सम्भार व्यक्ति तोक्ने काम गर्नुपर्दछ जसले भुक्षय, पहिरो र स्लोप अनिश्चितताको बारेमा जानकारी राखोस् ।<br>• समयमा नै उचित ठाउँमा उपयुक्त क्रसिङ संरचनाको निर्माण गर्नुपर्दछ ।<br>पानीका झरना तथा बहावलाई तथा नालीलाई आवश्यक बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरि प्रमुख पानीको नालीको संरचना सबै पानीका नालीहरुलाई लिने गरि बनाउनुपर्दछ ।<br>**सडक संचालन**<br>• प्राकृतिक वहावलाई सडक छेउमा बनेका नाला तथा खाल्टाहरुसँग जोड्नुपर्दछ ताकि सुरक्षित रुपमा पानी बाहिर जान सकोस् ।<br>• सडक विभागले गरे जस्तै र RAIDP का केही जिल्लाले शुरु गरे जस्तै सडक मर्मत सम्भार व्यक्ति तोकी दिगो |

| क.स. | सवाल/असर | क्षति न्युनीकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | | समाधानको व्यवस्थापन गर्नुपर्दछ। |

तालिका ३.३: पहाडी तथा तराईका सडक आयोजनाका योजना तर्जुमा, डिजाइन, निर्माण तथा संरचनाका बेलामा हुन सक्ने असर र न्युनीकरणका उपायहरु

| क.स. | सवाल/असर | क्षति न्युनिकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| १ | बोटविरुवा तथा वन्यजन्तुहरु :<br>वासस्थान विनास, जैविक विविधतामा ह्रास, संरक्षित प्रजातिहरुको लोप | सम्भव भएसम्म बन क्षेत्रबाट सडक निर्माण गर्नुहुदैन।<br>जथाभावि किसिमले उत्खनित माटो बन क्षेत्रमा फ्याँक्न हुदैन।<br>क्षति पुर्तिको रुपमा आवश्यकता अनुसार वृक्षारोपणको योजना तयार गर्नुपर्दछ ।<br>सबै सरोकारवाला पक्षहरु जस्तै सडक उपभोक्ताहरु र सडक छिमेकीहरुको लागि वातावरणीय सचेतना कार्यक्रमको सञ्चालन गर्नुपर्दछ।<br>ROW पालना गरेर सडक सतहलाई सडकको छेउछाउहरुमा पुरातन प्रजातिका रुखविरुवाहरु रोपि स्थीर गराउने जुन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले भरखर तयार गरेको खेस्रा EFLG मा उल्लेख समेत गरिएको छ।<br>करार सम्झौतामा जंगली जनावरहरुलाई कुनै पनि किसिमको अप्ठयारो पर्ने प्रावधान राख्नहुदैन।<br>आरक्षित क्षेत्र तथा घना जंगलमा विकास निर्माण कार्यहरु गर्नुहुदैन।<br>सम्भव भएसम्म जैविक विविधता भएको क्षेत्रमा विकास कार्यक्रम गर्नुहुदैन।<br>उच्च भुक्षय तथा अस्थिर जमिन भएको क्षेत्रमा विकास कार्य गर्नुहुदैन। | सडक चौडा पार्नका लागि रुख विरुवा तथा बुट्यानहरु नष्ट हुनबाट रोक्नुपर्दछ।<br>काटिने रुखहरुको प्रजाती तथा संख्या र साइजको लेखाजोखा राख्नुपर्दछ।<br>वृक्षारोपण र संरक्षण कार्यमा सामुदायिक बन उपभोक्ता समुह तथा समुदायमा आधारित संस्थाहरुलाई संलग्न गराउने र वृक्षारोपण र संरक्षणको कार्य प्रगति सम्बन्धित सडकका LRUC/ VRCC ले गर्नुपर्दछ ।<br>निर्माण कार्यका लागि थोरै परिणाममा काठ प्रयोग गर्नुपर्दछ ।<br>स्थानिय वन उपभोक्ता समुह र जिल्ला विकास समितिसँग करार गरेर विग्रीएको तथा विग्रिन सक्ने सम्भावित क्षेत्रहरुमा वृक्षारोपण कार्यक्रम गर्न अगुवाई गर्नुपर्दछ ।<br>स्थानीय वन उपभोक्ता समुहमा दायित्व अभिवृद्धि गर्नुपर्दछ ।<br>कामदारहरुलाई बनमा जान, आश्रित हुन र शिकार गर्न रोक्नुपर्दछ।<br>जिल्ला वन कार्यलय र आरक्षित वन क्षेत्रका अधिकारी तिनका तल्ला निकायसँग समन्वय गरी विकास निर्माण कार्यको अनुगमन गरि वन्यजन्तुलाई समात्ने, तर्साउने र शिकार गर्ने कार्यलाई न्युनिकरण गर्नुपर्दछ। |

| क.स. | सवाल/असर | क्षति न्युनिकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | | वन्यजन्तुहरुलाई कुनै पनि किसिमको अप्ठयारो पार्नहुदैन ।<br><br>जंगली जनावरहरुलाई शिकार नगर्ने निश्चित गर्नुपर्दछ ।<br><br>वन्यजन्तुहरुलाई अप्ठयारो नपरोस् भनेर विकास निर्माण कार्यहरु दिनको समयमा सञ्चालन गर्नुपर्दछ ।<br><br>**कार्यसञ्चालन**<br><br>LRUCs का सडक संचालन सदस्यहरु र सडक उपभोक्ताहरुलाई वातावरणीय संरक्षणको बोरमा भइरहेको क्रियाकलापको जानकारी गराउनुपर्दछ । |
| २ | जमिन र माटो : जमिन र माटो प्रदुषण, माटोको उत्पादकत्वमा ह्रास र भुक्षय | माथिल्लो भागको माटो सुरक्षित गर्न र पुर्न प्रयोग गर्नको लागि EMP र BOQ मा व्यवस्था गर्नुपर्दछ ।<br><br>बरोपिट तथा खानी क्षेत्र नक्साङ्कन गर्ने बेलामा अनुत्पादक तथा प्रयोग नभएको जग्गामा निश्चित गर्नुपर्दछ । यस्ता प्रक्रियाले खेति योग्य जमिनको उत्पादकत्वमा ह्रास आउन दिदैन ।<br><br>सडकको सतह क्षेत्रफललाई कम गर्नुपर्दछ ।<br><br>उच्च पहाडी तथा जोखिमपूर्ण क्षेत्रमा सडक निर्माण कार्य गर्न हुदैन ।<br><br>प्रदुषित क्षेत्रहरुमा निर्माण कार्य नगर्ने ।<br><br>संवेदनशील क्षेत्रमा वैकल्पिक मार्ग प्रयोग गरि माटोको उत्खनन् र पुर्ने कामलाई सन्तुलित गर्नुपर्दछ जसले उत्खनित माटोको उत्पादन तथा बरोपिटलाई कम गर्न सक्दछ ।<br><br>कटान भिरालो र इन्बेन्कमेन्ट बनाउँदा प्राकृतिक भिरालोलाई नबिगार्न हुदैन । वृक्षारोपण गर्नुपर्ने क्षेत्रमा तुररुन्त निर्माण कार्य भइरहेकै बेलामा गर्नुपर्दछ । | माथिल्लो भागको माटो पुर्न, प्रयोगको सुरक्षाको लागि उचित ठाउँमा भण्डारण गर्न निर्माण कामदारहरुलाई प्रशिक्षित गर्नुपर्दछ ।<br><br>निर्माण सामग्रीहरु जस्तै विटुमिन, बालुवा, ग्रावेल र मेसिनको इत्यादिको प्रयोग गर्दा सावधानी अपनाउनुपर्दछ र कामदारहरुलाई प्रशिक्षित गर्नुपर्दछ । पहुँच सडक तथा कामदार तथा श्रमिक क्याम्पका आवश्यक जग्गा पहिलाकै अवस्थामा प्रयोग गर्न मिल्ने गरि जग्गा धनीलाई हस्तान्तरण गर्नुपर्दछ ।<br><br>तेल, ग्रिज जस्ता सामग्रीहरु (मेसिन अथवा गाडीहरुमा प्रयोग हुन्छ) नपोख्नको लागि श्रमिकहरुलाई निर्देशन दिनुपर्दछ । यस्ता पर्दाथले जग्गा तथा माटोलाई प्रदुषित गर्ने गर्दछ ।<br><br>ब्रस प्रयोग गरेर सडकका सामग्रीहरु सफा गर्नुपर्दछ ।<br><br>भुक्षय तथा पानीको थोपाबाट सडक सुरक्षित गर्नुपर्दछ ।<br><br>रुख र बुट्यानको साहराले उचो भिरालो ठाउँलाई सुरक्षा दिनुपर्दछ । |

| क.स. | सवाल/असर | क्षति न्युनिकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | | माटो थेग्ने क्षमता अभिवृद्धि गर्नको लागि जराको सुरक्षा गर्नुपर्दछ ।<br><br>सतही पानीको बहावलाई कम गर्न इन्फिल्ट्रेसनलाई व्यवस्थित गर्नुपर्दछ । |
| ३ | व्यक्तिगत,सार्वजनिक सम्पति, सांस्कृतिक, ऐतिहासिक र धार्मिक क्षेत्रहरुको सुरक्षा एवं पुनर्निर्माण :<br>यस सवालले व्यक्तिगत एवं सामुदायिक आधारभूत संरचनाहरु जस्तै खानेपानी, कुलो, पैनी, लास गाड्ने तथा जलाउने ठाउँ, स्मारक तथा मन्दिरहरुको संरक्षण तथा पुनर्निर्माणलाई जनाउँछ । | व्यक्तिगत तथा सार्वजनिक सम्पतिहरु, सांस्कृतिक, ऐतिहासिक र धार्मिक क्षेत्रहरुको सम्भावित क्षति पहिचान गरि त्यसको अस्थायी रुपमा व्यवस्थापन गर्ने सुची बनाउनुपर्दछ । सांस्कृतिक तथा धार्मिक सम्पतिहरुको सुरक्षाको लागि वैकल्पिक क्षेत्रबाट सडक लैजाने काम गर्नुपर्दछ ।<br>व्यक्तिगत र सार्वजनिक सम्पत्तिहरु तथा सांस्कृतिक एवं धार्मिक क्षेत्रहरुको स्थानान्तरण, पुनर्निर्माण र सुधारका लाागि लागत खर्च BOQ मा उल्लेख गर्नुपर्दछ । | SNRTP परियोजना कार्यान्वयनको समयमा सार्वजनिक सम्पत्तिहरु सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको सुरक्षा तथा संरक्षण गर्नु पर्ने हुनाले उक्त स्थानान्तरण तथा पुनर्निर्माण कार्यको लागि लक्षित वर्गहरुसँग समन्वय गर्नुपर्दछ ।<br><br>लास गाड्ने तथा पोल्ने ठाउँमा निर्माण कार्य गर्नु अगावै सम्बन्धित जग्गा धनीको स्विकृति लिनुपर्दछ ।<br><br>**सडक संञ्चालन**<br><br>सडकको छेउछाउमा बसोबास गर्ने व्यक्तिहरु, सडक उपभोक्ता तथा सडक छिमेकीहरुको लागि वातावरणीय सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ । |
| ४ | धुलो तथा ध्वनी प्रदुषणः<br>स्वास्थ्य समस्याहरु, दिग्दारीपन/चिन्ता | निर्माण कार्यको नक्साङ्कन गर्ने अवस्थामा नै धुलो तथा ध्वनी प्रदुषणलाई सम्बोधन गर्नुपर्दछ । | निर्माण मजदुरहरुलाई व्यक्तिगत सुरक्षा उपकरणहरु उपलब्ध गराउनुपर्दछ ।<br><br>सम्वेदनशील ठाउँहरु जस्तै - अस्पताल तथा मन्दिरहरुको छेउमा काम गर्दा पानी छर्केर धुलो नआउने बनाउनुपर्दछ ।<br><br>मिक्सिङ प्लान्ट, हट मिक्स प्लान्ट, क्रसर, बेचिङ प्लान्ट कमसेकम मानव वस्ती भन्दा एक किलोमिटर टाढा निरिक्षणकर्ताको स्वीकृतिमा स्थापना गर्नुपर्दछ ।<br><br>**सडक सञ्चालन**<br><br>सार्वजनिक स्थानहरु र विद्यालय क्षेत्रलाई धुलो प्रदुषणबाट बचाउनको लागि कोणधारी रुख रोप्ने तथा धुले सडकलाई छोप्ने |

| क.स. | सवाल/असर | क्षति न्युनिकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| | | | गर्नुपर्दछ ।<br><br>धुलो प्रदुषणबाट नजिकैको अस्पताल, विद्यालय र धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक क्षेत्रहरुलाई बचाउनको लागि सडकको पिच गर्नुपर्दछ ।<br><br>सडक प्रयोग कर्ताहरुको लागि वातावरणीय सचेतना तथा सुरक्षा र सडक सुरक्षाका कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ । |
| ५ | श्रमिक क्याम्प तथा सुरक्षा व्यवस्थापनः<br>निर्माण मजदुरहरुको क्याम्पमा उत्पादन हुने फोहोरमैला (जस्तै- प्लाष्टिक तथा धातुका टुक्राहरु र घरायसी निकास) को व्यवस्थापनले असर पारिराखेको हुन्छ । त्यस्तै सार्वजनिक सम्पत्तिहरु जस्तै- खानेपानीका मुहानहरु, स्वास्थ्य चौकीमा चाप बढ्छ र फोहोर तथा सरुवा रोग लाग्न सक्ने सम्भावनाहरु, रक्सी सेवन, जुवा तास स्थानीय मान्छेहरुसँगको द्वन्द जसले कहिले काँही ठूलो दुर्घटना निम्त्याउने गर्दछ । | निर्माण मजदुरहरुलाई व्यक्तिगत सुरक्षा उपकरणहरु उपलब्ध गराउनुपर्ने जसमा प्राथमिक उपचारको व्यवस्था आदि कुराहरु सम्झौता व्यवस्थापन करारमा नै उल्लेख हुनु पर्दछ ।<br>श्रमिक क्याम्प निर्देशिका पालना गर्नुपर्दछ ।<br>IFC ले निर्देश गरेअनुसार तयार गरिएको श्रमिक सुरक्षा निर्देशिका पालना गर्नुपर्दछ । | निर्माण मजदुरहरुलाई कामको बेलामा हुन सक्ने दुर्घटनाबाट जोगाउन प्राथमिक उपचारको तालिम दिनु पर्दछ ।<br><br>श्रमिक क्याम्प व्यवस्थापन निर्देशिकाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।<br><br>श्रमिक क्याम्प व्यवस्थापन र सुरक्षाको लागि ध्यान दिनपर्दछ ।<br><br>निर्माण मजदुरहरुलाई हेलमेट, गमबुट, माक्स, चस्मा जस्ता सुरक्षाका सामग्रीहरु उपलब्ध गराउनु र सो को अनुगमन गर्नुपर्दछ । |
| ६ | निर्माण कार्यको लागि निर्माण सामग्रीहरुको उत्खनन् :<br>निर्माण सामग्रीहरु जस्तै ढुङ्गा, ग्राभेल, बालुवा, ऐग्रीग्रेटस र माटो प्राय गरि खानिबाट उत्खनन् गरिन्छ । यस्ता सामाग्रीहरुको उत्खनन् बन तथा आरक्षित एवं जाखिमपूर्ण क्षेत्र जस्तै ( राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष केन्द्र इत्यादिमा गर्नुहुदैन । | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको भरखरको अध्ययनलाई आधार मानी खानी क्षेत्र प्रयोगको योजना बनाउने तथा संयुक्त सर्भेमा प्रमाणित गर्नुपर्दछ । | संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको अध्ययनको सिफारिसलाई पालना गरि निर्माण सामग्रीको उत्खनन् गर्नुपर्दछ । |

| क.स. | सवाल/असर | क्षति न्युनिकरणका उपायहरु | |
|---|---|---|---|
| | | योजना तर्जुमा तथा डिजाइन | निर्माण तथा संचालन अवस्था |
| ७ | सडक प्रयोग कर्ता तथा पैदलयात्रुहरुको सुरक्षा :<br>बजार क्षेत्र र विद्यालय वरिपरि यो विषयवस्तु अत्यन्त महत्वपूर्ण रहेको छ। वालवालिकाहरु गुडिराखेको गाडीसँग ठोकिने ठूलो जोखिम रहेको छ । प्राय जसो ग्रामीण सडकमा यो देखा पर्दछ । | आवश्यक सुरक्षा अवलम्बन गर्नको लागि सडक प्रयोग कर्ता तथा पैदल यात्रुहरुलाई सडक सुरक्षाको बारेमा जानकारी गराउनुपर्दछ ।<br>ट्राफिक सिग्नल र संकेतहरुको व्यवस्थापन करारमा नै उल्लेख गर्नुपर्दछ । | सडक प्रयोगकर्ता तथा पैदल यात्रुको सुरक्षासम्बन्धि संकेत तथा सिग्नलहरु समाबेश साइनबोर्ड राख्नुपर्दछ यसले गाडी प्रयोगको बारेमा जानकारी पाउनेछन् ।<br>**सडक सञ्चालन** : ट्राफिक सिग्नल र संकेतहरुको व्यवस्थापन विद्यालय, अस्पताल, मन्दिर, बजार क्षेत्र तथा सार्वजनिक स्थान वरपर सुरक्षाको दृष्टिकोणले गर्नुपर्दछ जस्तै- नो हर्न, स्पीड लिमिट, स्पीड ब्रेकर इत्यादी । पैदल यात्रुहरुले बाटो काट्ने ठाउँमा गति नियन्त्रण गर्ने सामग्री राख्नुपर्दछ । |

### ३.१२ : पुल निर्माणबाट हुने असरहरु

पुल निर्माणबाट पर्न सक्ने असरहरु करिब सडक निर्माणबाट हुन आउने असर जस्तै नै हो । यस सेक्सनमा पुल निर्माणबाट हुन आउने  प्रमुख असरहरुलाई व्याख्या गरिएको छ ।

**जलप्रदुषण तथा पानीको तलतिर वहाव** : पुल निर्माणको कार्यले गर्दा ठोस फोहोर, ढल मुत्र तथा हानिकारक फोहोर जताजतै फालिएको (ग्रीज, तेल, रसायनिक पेन्ट, सिमेन्ट इत्यादि) हुन्छ । पुल बनाउन नक्साङ्कन गर्ने बेलामा नै ४० प्रतिशत पानीको वहाव तल तिर पार्नको लागि विचार गरेको हुन पर्दछ । हानीकारक सामग्रीहरुको उचित व्यवस्थापनको लागि आवश्यक भण्डारण तथा स्टोरेज ट्याङ्क निर्माण गर्नुपर्दछ । पुल निर्माण कार्य सुख्खा मौसममा गर्नुपर्ने हुन्छ जसले नदीको वहाव व्यवस्थापन गर्न सकिन्छ ।

**कम्पन र ध्वनी** : ठूला मेसिन तथा औजारहरुले निकाल्ने कम्पन तथा ध्वनीले नजिकैको घर तथा संरचनाहरुलाई  असर पार्न सक्छ । स्थायी घर तथा संरचनाहरु चर्किन नपाओस् भनेर  यसबाट टाढाको क्षेत्रमा मेसिन सञ्चालन गर्नु पर्दछ । असहनिय हो हल्लाले मानिस तथा मजदुरमा चिरचिराहट तथा बेचैनी बनाउने काम गर्छ ।  निर्माण मजदुरहरुले काम गर्दा सुरक्षा निर्देशिका पालना गर्नुपर्ने हुन्छ ।  निर्माण कार्य दिउँसोको समयमा मात्रै गर्नुपर्ने हुन्छ ।

**मानिस तथा जनावरहरुलाई सुविधा** : पुल निर्माण गर्ने समयमा मानिस तथा जनावरहरुको लागि वैकल्पिक बाटोको पहुँच गराउनुपर्ने हुन्छ ।

**वातावरणीय छनौट (Environmental Screening)**

३.१३ SNRTP अन्तर्गत सन्चालित सहायक परियोजनाका हरेक प्रस्ताव कार्यान्वयनका लागि छनौट हुनु अघि वातावरण अनुकुल छन् वा छैनन् भनी स्क्रीनिङ गरिन्छ । जिल्ला विकास समिति र जिल्ला प्राविधिक अधिकृतको सहयोगमा वातावरणीय विशेषज्ञ वातावरण स्क्रीनिङ गर्न जिम्मेवार हुनेछ । उक्त स्क्रीनिङलाई PSC ले हेर्ने छ र CPCU/DOLIDAR ले स्विकृति दिनेछ । स्क्रीनिङ का उद्देश्यहरु यसप्रकार छन् (१) वातावरणीय अध्ययनको आवश्यक तह निर्धारण गर्ने, (२) परियोजनाका कार्यालयहरुलाई परियोजनासँग सम्बन्धित मुद्दाहरु परियोजनाको शुरु बाट देखि नै बुझ्न मद्दत गर्ने, र (३) निर्णय प्रकृयामा सहयोग गर्ने । कुनै पनि प्रस्तावहरु वातावरणीय स्क्रीनिङ प्रतिबेदन तयार भए मात्र अघि बढाइनेछ । वातावरणीय स्क्रीनिङ प्राविधिक, आर्थिक र सामाजिक स्क्रीनिङ सँगसँगै गरिनेछ । स्क्रीनिङका आधारहरु यस प्रकार छन् : वातावरण संरक्षण नियमावली, १९९७, ( EPR) को अनुसूची १ र २ मा उल्लेख गरिएका शर्तहरु, (२) अन्य सरकारी ऐन तथा नियमहरु (जस्तै, वन, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण आदि), तथा (३) सम्भावित प्रभावहरु र खतराहरु । स्क्रीनिङ रिर्पोटले अनिवार्य रुपमा भौगोलिक नक्साङ्कन तयार गरि बातावरणीय जोखिम क्षेत्र उल्लेख गरेको हुनु पर्छ । वातावरणीय स्क्रीनिङ रिर्पोट प्राप्त गरिसके मात्र प्रस्ताव अगाडी बढाइने छ । वातावरणीय छनौट खाका अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

**वातावरणीय व्यवस्थापन योजना (EMP)**

३.१४ सडक निर्माण जस्ता भौतिक कृयाकलाप गर्दा वातावरणमा प्रभाव पर्ने हुनाले त्यस्तो कार्यलाई वातावरणीय हिसाबले संवेदनशील (वा हानी पुर्‍याउन सक्ने) मानिन्छ । SNRTP यस्तो अतिक्रमणबाट हुनसक्ने वातावरणीय समस्याहरुलाई सम्भव भएसम्म कम गर्न चाहन्छ । वातावरणीय स्क्रीनिङको परिणाम जेजस्तो भए पनि हरेक सहायक परियोजनाले स्थान विशेष EMP तयार गर्नुपर्छ । त्यसैले प्रत्येक सहायक परियोजनाले विस्तृत रुपमा इन्जिनियरिङ सर्वेक्षण गर्ने समयमा निर्माण, स्तरोन्नती तथा मर्मत सम्भारका लागि यस्तो स्थान विशेष EMP तयार गर्नुपर्छ ।

३.१५ सम्भावित प्रभावहरुको पहिचान र विश्लेषण : तालिका ३.१, ३.२, ३.३ र सेक्सन ३.११ मा SNRTP का सडक तथा पुलहरुले सामना गर्न सक्ने सम्भावित वातावरणीय मुद्दा उल्लेख गरिएको छ । हरेक सहायक परियोजनाका लागि स्थान विशेषसँग मिल्ने गरी वातावरणीय मुद्दाहरुको पहिचान र सम्भावित प्रभावहरुको लेखाजोखा गरिन्छ । स्क्रीनिङ को प्रतिवेदनमा उल्लेख गरिएका र अन्य सम्वन्धित श्रोतहरुको आधारमा प्रभावहरुको पहिचान गरिनेछ र यस्ता प्रभावहरुलाई स्थलगत भ्रमण र EMP तयार पार्ने बेलामा ठीक छन् छैनन् भनी जाँच गरिन्छ । भविष्यबाणी र मूल्याङ्कन गरि सम्भव भएसम्म प्रभावको परिमाण प्रस्तुत गरिन्छ । भविष्यबाणीको आधारमा न्युनिकरणका उपायहरु पहिचान गर्ने भएकोले यस्तो भविष्यवाणीले महत्वपूर्ण भूमिका खेल्दछ ।

३.१६ वातावरणीय प्रभाव न्युनिकरणका सिद्धान्तहरु : न्युनिकरण तरीकाहरुमा प्रस्तावित योजना र नक्शा बदलेर प्रभावलाई हटाउने, कुनै पनि ठाउँमा गरिने अतिक्रमणको तहलाई घटाएर प्रभावलाई कम गर्ने, उपचारात्मक वा स्थिर पार्ने उपायहरु प्रस्ताव गरी प्रभावलाई कम गर्ने, र हटाउन नसकिने खालका प्रभावहरुलाई क्षतिपूर्तिका उपायहरु सहित कार्यान्वयन गर्ने । वातावरणीय प्रभाव कम गर्नका लागि सम्भव, व्यावहारिक तथा कम खर्चिलो न्युनिकरण तथा सुधारका उपायहरु विकसित गरिनेछ । त्यस्ता उपायहरुलाई योजना तथा योजनाको नक्शा, खर्चको अनुमानित विवरण, BoQ मा एकिकृत गरिनेछ । यसरी न्यूनिकरणका उपायहरुलाई एकिकृत गर्दा समस्याको समाधान भै वातावरणीय दिगोपनमा सहयोग पुग्नेछ । स्थान विशेष EMP ले वातावरणीय समस्याहरु र तिनको न्यूनिकरण उपायहरुलाई सम्बोधन गर्नेछ ।

३.१७ ठेक्केदारहरुका लागि तयार गरिएको निर्देशिकामा निम्न प्रावधानहरु स्पष्ट रुपमा उल्लेख गरिनेछ : स्थान विशेषका लागि गरिनु पर्ने न्युनिकरणका उपायहरु, प्रयोग गरिने सामग्रीहरु, कामदारको बस्ने ठाउँको प्रबन्ध, फोहोर फयाँक्ने ठाउँहरु, साथै स्थान विशेषका अन्य प्रावधानहरु । EMP मा गरिएका सिफारिशहरुको सन्तोषजनक किसिमले कार्यान्वयन नभएसम्म कुनै पनि कामलाई पुरा भएको मानिने छैन । तालिका ३.१, ३.२, ३.३ र सेक्सन ३.११ मा वातावरणीय प्रभावहरुलाई घटाउने सामान्य तरीकाहरु प्रस्तुत गरिएका छन् ।

३.१८ स्थान विशेष (Site specific) वातावरणीय व्यवस्थापन योजना (Environmental management Plan [EMP]) : SNRTP का धेरैजसो सहायक परियोजनाहरुले हाल कायम रहेका सडकहरुको स्तरोन्नती तथा पुल निर्माण गर्ने भएकोले धेरै जसो अवस्थाहरुमा सानातिना नकारात्मक वातावरणीय प्रभावहरु मात्र देखिन्छन् भन्ने आशा गरिएको छ । स्तरोन्नति गर्न लागिएका सडकको वातावरणीय प्रभावहरुको व्यवस्थापन गर्नका लागि स्थान विशेष EMP तयार गरिन्छ । स्थान विशेष EMP Bid document संगसंगै तयार गर्नु पर्दछ । यो योजना Bid document, स्पेसीफिकेसन, अनुमानित लागत र सम्झौता दफाको एउटा अभिन्न अंग हो । स्थान विशेष EMP अनुसुची ४ मा दिइएको ढाँचा बमोजिम तयार गर्नुपर्दछ । जोखिमको साधारण चित्रण पनि EMP मा समाबेश गर्नु पर्दछ ।

३.१९ अन्य योजनाहरु : आवश्यकता अनुसार बायो इन्जिनियरिङ् योजना, क्षतिपूर्तिस्वरुप गरिने बृक्षारोपणको योजना, आदि जस्ता योजनाहरु तयार गरी EMP मा समाबेश गरिनेछ । संरक्षण गर्नु पर्ने भीरको क्षेत्रफल थोरै छ भने न्युनिकरणका उपायहरु (प्रयोग गरीने बोटबिरुवाको जातिको संख्या र किसिम, बृक्षारोपणको तरीका, फेद र ढलको व्यवस्थापनका उपायहरु समेत समाबेश गरी) स्थान बिशेष EMP मा समाबेश गरिनेछ । यदि संरक्षण गरिनुपर्ने क्षेत्र ठूलो छ भने ठाउँ विशेषको योजना समावेश गरिएको छुट्टै योजना तयार गरिनेछ । जस्तै टिपिङ क्षेत्र योजना, उत्खनन क्षेत्र योजना, उत्खनन क्षेत्र निश्चित गर्ने योजना, बरो पिट निश्चित गर्ने योजना इत्यादिहरु आवश्यक छन् ।

**रुख कटान र पुन बृक्षारोपणका सिद्धान्तहरु**

३.२० सेवामूलक परियोजनाले रुख काट्न र पुन बृक्षारोपणका लागि तलका सिद्धान्तहरु अगाल्नेछ :

- जिल्ला विकास समितिले क्षतिपूर्तिस्वरुप पुन वृक्षारोपण योजना तयारी, प्रमाणित तथा स्विकृति गर्ने छ र जिल्ला वन कार्यलयको स्विकृति प्रश्चात कार्यान्वयन गर्ने छ ।
- परियोजनाले आवश्यक पर्ने जमीन जिल्ला वन कार्यालय (DFO) सँग माग गर्नुपर्दछ । यसरी माग गरिएको पत्रमा राष्ट्रिय योजना आयोगबाट परियोजनालाई राष्ट्रिय प्राथमिकताको परियोजना हो भनी उल्लेख गरेको पत्र समेत समाबेश गर्नुपर्दछ ।
- सम्बन्धित जिविसले DFO लाई रुख काट्ने अनुमतिका लागि अनुरोध पत्र लेख्नुपर्दछ । DFO सर्वेक्षकले जिविस इन्जिनियर र सामुदायिक वन उपभोक्ता समूहको उपस्थितिमा परियोजना क्षेत्रमा काटिने रुख गन्ने र चिनो लगाउने काम गर्नेछन् ।
- उपभोक्ता समूहबाट व्यवस्थापन गरीएको वनको हकमा सम्वन्धित DFO ले चिनो लगाइएका रुखहरु काट्ने स्विकृति पत्र CFUG लाई लेख्ने छन । यदि वन सरकारकै मातहतमा छ भने DFO ले नियम अनुसार रुख काट्ने छ र पुन बृक्षारोपणको लागि सम्बन्धित जिविससँग आवश्यक सम्झौता गर्नेछ । जिविसले १:२५को अनुपातमा क्षतिपूर्तिस्वरुप पुन बृक्षारोपण गर्नेछ ।
- यदि निर्माण कार्य संरक्षित क्षेत्रको मध्यवर्ति क्षेत्रभित्र गरिने हो भने जिविसले प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को जिम्मेवारी लिनुपर्छ । जीविसले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागलाई रुख काट्ने अनुमतिका लागि पत्र लेख्नेछ । पत्रमा आवश्यक पर्ने क्षेत्र, अतिक्रमणको प्रकृति, सम्भावित प्रभावहरु र प्रभाव कम गर्ने उपायहरुको स्पष्ट उल्लेख गरिएको हुनुपर्दछ । यदि IEE प्रतिवेदनमा कुनै किसिमको नकारात्मक प्रभाव नपर्ने देखिएमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण बिभागले वन तथा भू संरक्षण मन्त्रालयलाई परियोजना स्विकृतिका लागि सिफारिश गर्नेछ ।

- पुन बृक्षारोपण र संरक्षणको लागि ५ वर्षका लागि आवश्यक पर्ने खर्च EMP मा समाबेश गरिनेछ ।
- जिल्ला विकास समितिले जिल्ला वन कार्यालयको सहमतिमा सामुदायिक वन उपभोक्ता समुह लगायत समुदायमा आधारीत संगठनहरु जस्तै स्थानीय क्लव, आमा समुह, स्थानीय समुहहरुसँग वृक्षारोपण तथा विरुवाहरुको संरक्षण कार्यका लागि सम्झौता गर्ने छ । उक्त कार्य लाई LRUC/VRCC ले अनुगमन गर्ने छ ।

**निर्माण सामग्रीहरुको उत्खनन्**

३.२१ निर्माण सामग्रीहरु निकाल्दा तलका शर्तहरु पुरा गर्नु पर्दछ :

- जिल्ला विकास समितिले ढुंगा खानी क्षेत्र व्यवस्थापन योजनाको तयारी, प्रमाणित तथा स्विकृत गर्दछ । ढुंगा खानी क्षेत्र व्यवस्थापनको नमुना अनुसुचि ५ मा रहेको छ ।
- ठेकेदारले ढुंगा खानी क्षेत्र व्यवस्थापन योजना पालना गर्नुपर्छ ।
- जिल्ला विकास समितिले स्विकृति दिएको ढुंगा खानी क्षेत्रबाट मात्र ठेकेदारले निर्माण सामाग्रीहरु जम्मा गर्न पाउँछ । (स्वीकृत ढुंगा खानी क्षेत्र भन्नाले जसलाई IEE/EIA ले समेत अनुमोदन गरेको छ ।
- आवश्यक कानूनी प्रकृया पुर्याइ IEE/EIA गर्नु पर्दछ । निर्माण सामग्री निकाल्नु अघि ठेक्केदारले कानुनी प्रकृया पुरा गरेको प्रमाण जिविसमा पेश गर्नुपर्दछ ।
- कानूनी मान्यता प्राप्त ठेक्केदारको प्रमाणपत्रको नक्कल पनि पेश गर्नु पर्दछ ।
- निर्माण सामग्री नदी किनाराको कम्तिमा पनि १५ मी. टाढाबाट झिक्नु पर्दछ । निर्माण सामग्री झिक्ने ठाउँ पुलभन्दा १०० मी.पर हुनुपर्दछ । निर्माण सामग्री निकाल्ने खाल्डाहरु कम्तिमा निश्चित दुरीमा हुनुपर्दछ । ढूंगा खानी सडकबाट ५० मी. र बस्ति भएको ठाउँबाट ५०० मी. टाढा हुनुपर्दछ ।

**सामाजिक प्रभावहरु (Social Imapacts)**

३.२२ सहायक परियोजनाका कारणले उत्पन्न हुन सक्ने सबै खालका सामाजिक प्रभावहरुलाई लेखाजोखा गरी परियोजनाको शुरुवात देखि नै अभिलेख राखिनेछ ।

३.२३ समाजमा पर्नसक्ने कुनैपनि प्रभावका बारेमा परियोजनाले प्रभावित व्यक्ति र आदिबासी जनजातीलाई निःशुल्क पूर्व सुचना प्रदान गर्नुपर्नेछ । उनीहरुसँगको छलफललाई लिपिवद्ध गरी परियोजनाले सामाजिक प्रभाव व्यवस्थापन योजना तयार गर्नुपर्नेछ ।

३.२४ परियोजनाले स्थानिय मानिसलाई पुर्‍याउने फाइदाहरु यसबाट पुग्ने बेफाइदा भन्दा धेरै गुणा बढी हुन्छन् भन्ने कुरा सडक सुधार अनुभवले देखाएको छ । समूदायका सदस्यहरुले सडक सूधारबाट हुने प्रत्यक्ष फाइदाहरु नै देख्दछन् । निर्माण कार्यहरुबाट हुने यस्ता फाइदाहरुमा जमीनको मूल्य बढ्ने, बस गाडी गुड्ने, मूख्य सडकसम्म सजिलो संग पुग्न सकिने, यात्रा गर्दा लाग्ने समय र पैसा बच्ने, रोजगारको अवसरहरु सृजना भै आय बढ्ने आदि हुन्छन् । जुन ठाउँमा सडक फराकिलो पार्ने कामका लागि थप जमीन आवस्यक पर्दछ त्यस्ता ठाउँमा जमीनको सानो टुक्रा जाने तथा अन्य संरचनाका केही भाग नष्ट हुने जस्ता नकारात्मक प्रभावहरु पनि पर्न सक्दछन् ।

**सामाजिक छनौट (Social Screening)**

३.२५ सामाजिक स्क्रिनिङ सबै सहायकपरियोजनामा शुरुकै अवस्थामा गरिन्छ । यसले परियोजना कार्यान्वयनको समयमा आउन सक्ने सम्भावित प्रभावहरुको बारेमा आवस्यक सूचनाहरु उपलब्ध गराउने छ । सामाजिक स्क्रीनिङमूख्य सरोकारवालाहरु सँगको छलफलबाट सम्पन्न गरिन्छ । यस्ता समूहहरुमा लाभ प्राप्त गर्ने समुदाय, सडक छेउका किसानहरु, पसलेहरु, महिला, दलित तथा अन्य प्रमुख स्थानीय सूचना दाताहरु पर्दछन् । सामाजिक स्क्रिनिङ

प्रतिबेदनले सामाजिक प्रभाव सम्बन्धि सबै सूचनाहरु उपलब्ध गराउनेछ । सामाजिक स्क्रिनिङको सर्भे प्रश्नावली नमूना अनुसुची १३ मा दिइएको छ ।

३.२६ सामाजिक स्क्रिनिङले सडक परियोजनाको बारेमा पहिलो चरणको सूचना उपलब्ध गराउँछ । यस्तो सूचनाले निम्न कुराहरु पहिचान गर्दछ : (१) परियोजनाले असर गर्न सक्ने विभिन्न प्रभाव क्षेत्रभित्र बस्ने लाभान्वित जनसंख्या, (२) आवस्यक पर्ने जमीन र सोबाट प्रभावित हुने व्यक्ति/परिवारहरु, (३) गरीब तथा जोखिममा रहेका मानिसहरुमा पर्न सक्ने प्रभाव र उनीहरुको सामाजिक तथा आर्थिक सुधारका लागि चाहिने आवश्यक तालिम, (४) स्वेच्छिक जमीन दानका लागि मानिसहरुको चाहना, र (५) अन्य प्रभावहरु ।

३.२७ सामाजिक स्क्रिनिङ प्रतिवेदनले सार्वजनिक सामाजिक सम्पत्तिमा पर्न सक्ने प्रभाव पनि स्पष्ट गर्दछ । त्यस्ता सम्पत्तिमा चौतारो, पानी ट्याङ्की तथा पानीका पाइपहरु, धार्मिक तथा सांस्कृतिक स्मारक र स्थलहरु, गोरेटोबाटो, झोलुङ्गे पुल आदि पर्दछन् । परियोजनाले स्थानीय मानिसहरु, र स्थानीय सडक उपभोक्ता समूह (LRUC) र गाउँ सडक समन्वय समिति (VRCC) हरुसँग सामूहिक रुपमा छलफल तथा लेखाजोखा गरी नोक्सान पुगेका संरचनाहरुको मर्मत र पुनस्थापनाको जिम्मा लिन्छ ।

३.२८ सामाजिक स्क्रिनिङ प्रतिवेदनले सम्बन्धित परियोजना छानिने वा नछानिने भनेर निर्णय लिने आधारहरु उपलब्ध गराउँछ । कुनै खास सहायक परियोजना छानिनका लागि सामाजिक स्क्रीनिङले तलका कुराहरु निश्चित गरेको हुनुपर्दछ :

- सहायक परियोजना जिल्लाको विस्तृत गुरु योजनाको एउटा अंग समेटिएको हुनुपर्नेछ ,
- प्रस्ताव गरिएको सडक सुधार वा स्तरोन्नती गर्न स्थानीय मानिसहरुबाट अनुरोधपत्र/मागपत्र प्राप्त हुनुपर्दछ,
- जमीन दाताले स्वेच्छिकरुपमा बाटो चौडा गर्न चाहिने जमीन दान गर्न मन्जूरीपत्र दिएको हुनुपर्नेछ ,
- सामाजिक स्क्रिनिङले सहायक परियोजनाका कारणले गम्भीर तथा नकारात्मक सामाजिक प्रभावहरु आउने छैनन् भन्ने कुराको निश्चित गरेको हुनुपर्दछ ,
- स्वेच्छिक जमीन दान बाहेक पर्न सक्ने थप प्रभावहरुका लागि मानिसहरु ESMF व्यवस्था भए बमोजिम गरिने क्षतिको मर्मत र पुनस्थापना कार्य स्विकार्न इच्छुक छन् भन्ने कुरा निश्चित हुनुपर्दछ
- RAIDP का परियोजनामा जानकारी प्राप्त भए अनुसार सडक प्रभाव क्षेत्रको छेउछाउमा अव्यवस्थित संरचनाहरु सडक निर्माणको क्रममा नराम्ररी प्रभावित हुने गरेका छन् । त्यस कुरालाई मध्यनजर गरि गरि यस परियोजनामा मर्मत तथा पुननिर्माण सहयोग प्रस्ताव गरिएको छ । यदि कसैलाई स्वेच्छिक जमिन दान बाहेक अन्य सानातिना प्रभावहरु परेमा ESMF को Entitlement matrix अनुसार मर्मत सम्भार सहयोग उपलब्ध गराइनेछ र
- जग्गा धनीहरु परियोजनालाई आवश्यक पर्ने जमीनको स्वामित्व जिविसलाई हस्तान्तरण गर्न इच्छुक हुनुपर्नेछ ।

**लाभान्वित समुहको पहिचान**

३.२९ परियोजना लाभान्वित जनसंख्या भन्नाले सहायक परियोजनाका विभिन्न क्षेत्रमा बसोवास गर्ने मानिसहरु बुझिन्छ । जसलाई निम्न अनुसार परिभाषित गरिएको छ :

- $Z_0$: तराईमा १० मीनेटको दूरीमा र पहाडमा ३० मीनेटको दूरीमा बसोबास गर्ने ,
- $Z_1$: तराईमा १० देखि ३० मीनेटको दूरीमा र पहाडमा ३० देखि ६० मीनेटको दूरीमा रहेका ,
- $Z_2$: तराईमा ३० देखि ६० मीनेटको दूरीमा र पहाडमा १ देखि २ घण्टाको दूरीमा बसोबास गर्ने ,
- $Z_3$: तराईमा १ देखि २ घण्टाको दूरीमा, हिमालमा ४ घण्टा र पहाडमा ६ घण्टाको दूरीमा बसोबास गर्ने ।

३.३० गाविस, जिविस र केन्द्रिय तथ्याङ्क विभाग जस्ता बिभिन्न श्रोतहरुबाट सडक परियोजनाबाट लाभान्वित जनसंख्याको पहिचान गरिनेछ । यसरी लिइएको तथ्याङ्कको सत्यता परिक्षण सर्वेक्षणको समयमा स्थानीय बासिन्दाबाट गरिनेछ ।

३.३१ संभाव्यता अध्ययनको चरणमा तयार गरिएको सामाजिक स्क्रीनिङ प्रतिबेदनमार्फत, स्थान विशेषको सामाजिक प्रभावहरुका साथै त्यस्ता प्रभाव कम गर्न प्रयोग गरिने उपायहरुको समेत पूर्णरुपले पहिचान गरिइनेछ । सामाजिक स्क्रीनिङको बेलामा पहिचान गरिएका सबै नकारात्मक प्रभावहरु सम्वोधन गर्न सामाजिक प्रभाव न्युनिकरण योजना परियोजनाको विस्तृत नक्सांकनको वेलामा तयार गरिनेछ । यस्तो योजनाले जोखिममा रहेका समूदायहरु, संरचनाहरु तथा जमीन र सामूदायिक भौतिक संरचनामा हुने हानी नोक्सानी हरुको पहिचान तथा समाधानका उपायहरु उल्लेख गर्दछ । सामाजिक प्रभाव न्युनिकरण योजनामा छुट्टै खर्चको अनुमानित हिसाब तयार गरी समाबेश गरिनेछ ।

**स्वेच्छिक जग्गा दान**

३.३२ यस अघि नै उल्लेख गरिएझैं SNRTP अन्तर्गत प्रस्ताव गरिएका प्राय सबै सहायक परियोजनाहरुले पहिले नै कायम भएका सडकहरुको सुधार/स्तरोन्नती मात्र गर्ने छन् । जसले गर्दा के भन्न सकिन्छ भने सहायक परियोजनाहरुका कारणले या त क्षति नै हुने छैन यदि भै हाले पनि अति कम मात्रामा मात्र हुनेछ । सम्भावित फाइदाका तुलनामा नकारात्मक प्रभाबहरु निक्कै कम हुने संभावना भएकोले प्रभावित हुने मानिसहरुले आफ्नो जमीन र अन्य सम्पत्ति सडक सुधारका लागि खुशीसाथ दान दिनेछन भन्ने मान्यता राखिएको छ ।

३.३३ परियोजनाले जमीन, बासस्थान वा अन्य संरचना एवं जीविकोपार्जनका साधन तथा सानातिना सम्पत्तिको हानी नोक्सानी जस्ता प्रभावलाई सकेसम्म कम गर्न व्यावहारिक सुरक्षाका उपायहरु अवलम्बन गर्नेछ । यस्ता उपायहरु निम्न छन् : (१) सकेसम्म वैकल्पिक उपाय खोजी गरी जमीन अधिग्रहण, बसोबास तथा अन्य संरचनाहरु र जीविकोपार्जनका उपायमा हुने नोक्शानी जतिसक्दो कम गर्ने र (२) यस ESMF को राहत नीति खाकामा उल्लेख भएबमोजिम प्रभावित संरचनाको मर्मत र प्रभावित भएका परिवारहरुलाई पुनर्स्थापनाको लागि नगद सहयोग गर्ने । VDIMP को रुपरेखा अनुसुची १४ मा दिइएको छ ।

**३.३४ स्वेच्छिक जग्गा दानका आधारहरु** : परियोजनाले आवश्यक पर्ने जग्गा स्वेच्छिक दानबाट प्राप्त गर्ने आशा राखेको छ । जमीन दानका आधारहरु निम्न छन् :

- स्वेच्छिक जग्गा दान सडक प्रभाव पेटी ( Corridor of Impact) भित्र मात्र सिमित हुनेछ ,
- व्यक्तिगत प्रभाव न्यून हुनेछ स्वामित्वको १० प्रतिशत भन्दा माथि सकेसम्म जमिन नलिने । साथै बाँकि जमिन उनीहरुको जीविकोपार्जनका लागि प्रयाप्त छ भन्ने कुरा निश्चित गर्ने,
- स्वेच्छिक जमीन दान गर्ने व्यक्ति/परिवारहरुलाई परियोजनाको प्रत्यक्ष प्रभावित व्यक्ति/परिवारको रुपमा लिइनेछ,
- जमीन दान सार्वजनिक रुपमा स्वतन्त्र भएर गरिनेछ र यसरी दान गर्दा त्यो परिवारलाई खाद्यान्नको समस्या हुने गरी गरिने छैन,
- यदी कसैको जमीन सडकले लिंदा बाँकी रहेको जमिन अनुत्पादक वा आर्थिक रुपमा काम नलाग्ने भएमा त्यस्ता व्यक्ति/परिवारलाई राहत नीति खाका अनुसार सहयोग उपलब्ध गराइनेछ ,
- परियोजनाबाट प्रभावित मानिसहरु सडकलाई जमीन दान गर्ने सिद्धान्तका साथै आवस्यक प्रकृया र ESMF को सहयोग सम्वन्धि व्यवस्थाको बारेमा पूर्णरुपले जानकार हुनेछन् , र
- यदि कसैले सार्वजनिक वा सरकारी जमीन अधिग्रहण गरी बसेको रहेछ भने त्यस्तो जमीन उसले दान गरेको भनी दाबी गर्न सक्ने छैन ।

**३.३५ जग्गा दानको प्रकृया** : जग्गा र अन्य स्थायी सम्पत्ती अधिग्रहण प्रकृयाका मूख्य चरणहरु निम्न छन् :

क) गाउँ सडक समन्वय समिति र स्थानीय सडक उपभोक्ता समिति मार्फत स्थानीय मानिसहरुलाई सडक प्रभाव क्षेत्र ( corridor of impact) का बारेमा जानकारी दिइनेछ ,

ख) NGO तथा जिल्लाका सामाजिक परामर्शदाता (SMO/ESSC) हरुले जमिन दान गर्ने, दान गरिएको जमीनको परिमाण र दातासँग बाँकि रहेको जमीन, आवास संरचनामा पुगेको हानी नोक्सानी र त्यसको प्रतिशत तथा जीविकोपार्जनको साधन र सामान्य संरचनामा भएको हानी नोक्सानी आदिलाई सामाजिक स्क्रीनिङको समयमा पहिचान गर्नेछन् र प्रभावित मानिसहरुलाई उनीहरुको हानी नोक्सानीको बारेमा सूचना दिनेछन्,

ग) प्रभावको विस्तृत विवरण प्राप्त गरिसके, स्थानीय सडक उपभोक्ता समिति मार्फत जिविसले जमीन तथा अधिग्रहण गरिने अन्य स्थायी सम्पत्तिहरुको बारेमा सूचना प्रकाशित गर्नेछ,

घ) स्थानीय NGO र परामर्शदाताहरुले मानिसहरुलाई सडकबाट हुने फाइदाका बारेमा सचेत गराउँनेछन् र जमीन दान तथा संरचना हानीबारे परियोजना भएको व्यवस्था बारे जानकारी दिनेछन्,

ङ) जिविसले राहत वितरण समिति, NGO तथा परामर्शदाता, र स्थानीय सडक उपभोक्ता समितिहरुको समन्वयमा परियोजनाबाट प्रभावित मानिसहरुलाई सहयोग वितरण गर्ने छ र स्वेच्छिक जमीन दानसम्बन्धि फारम भर्ने छ । गम्भीर रुपमा प्रभावित हुने मानिसहरु भन्नाले १० प्रतिशत भन्दा माथि जमीन दान गर्ने दाताहरु र १० प्रतिशत भन्दा माथि घर तथा अन्य संरचनामा क्षति पुग्ने व्यक्तिहरु पर्दछन् । यदि कसैको गुनासो वा उजूरी भएमा मानिसहरुले श्वेच्छिक जमीन दान सँग सम्बन्धित प्रकृयाबारे उजूरी सुन्न र समाधान गर्न बनाइएको जिविस मातहतको गुनासो सुनुवाइ समितिमा गई उजूरी दिन सक्नेछन् ।

च) जिविसले जिल्ला नापी कार्यालयसँगको समन्वयमा प्रभावित क्षेत्रको नापी गरी कित्ताकाटको प्रकृया अगाडी बढाउँनेछ ,

छ) नापी र जमीनको स्वामित्व हस्तान्तरणमा लाग्ने खर्च जिविसले व्यहोर्ने छ । यस सम्बन्धि सबै कार्यमा जिविसको भूमीका उल्लेख्य हुनेछ ,

ज) जिविसले SMO र ESSCमार्फत हरेक घटनाको दस्ताबेजहरु तयार गर्नेछ र अन्त्यमा यस्लाई PMU तथा CPCU मा मासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदनको रुपमा पेश गर्नेछ ।

३.३६ तलका बुँदाहरुले जग्गा स्वेच्छिक रुपमा दान दिएको हो भन्ने कुरा निश्चित गर्नेछन्;

- सम्भव भएसम्म जग्गादानको असर न्युन हुनेछ । १० प्रतिशत भन्दा बढि जग्गा दान लिइनेछैन र बास उठ्ठा गरिनेछैन । १० प्रतिशत भन्दा कम जग्गा दानमा समेत परियोजनाले प्रोत्साहन रकम उपलब्ध गराउनेछ । १० प्रतिशत भन्दा बढी जग्गा दान गरेमा परियोजनाले Entitlement अनुसार थप सहयोग रकम उपलब्ध गराउनेछ ।
- प्रभावित व्यक्ति/समुदायले निर्माण कार्यको लागि आवश्यक पर्ने जग्गाको पहिचान गर्ने छन् नकि सरकारी संघ संस्था र परियोजनाका अधिकारीहरुले । प्राविधिकहरुले उपलब्ध जग्गा परियोजनाका लागि उपलब्ध छ वा छैन र यसमा सडक निर्माण/ विस्तार गर्दा वातावरण तथा स्वास्थ्यमा समस्या हुन्छ हुदैन भनेर निश्चित गर्न सक्दछन् । सडकको रेखांकन हुने क्षेत्र (Alignment) स्थानीय समुदायसंगको छलफलमा निर्धारण गरिनेछ ।
- सडकले लिने जग्गा सुकुम्बासी, अतिक्रमणकारी र अन्य व्यक्तिहरुबाट पूर्णरुपमा अलग हुनुपर्दछ ।
- हरेक जग्गा दाताहरुबाट स्वेच्छिक दान फारम भरिनुपर्दछ । सो दान फारममा साक्षीहरुले स्वेच्छिक रुपमा दान गरेको हो भनी प्रमाणित गरेको हुनुपर्नेछ ।

- यदि जीविकापार्जनको आम्दानीको स्रोत र उठीबास हुने अवस्था देखिएमा , स्वेच्छिक जग्गादान गर्दा हुने सम्भावित प्रभाव न्यूनीकरणका उपायहरु राहत नीति खाकाले व्याख्या गरे अनुसार गरिनेछ ।
- गुनासो सुनुवाइ समितिको स्थापना गरि प्रभावित व्यक्तिहरुलाई त्यसबारेमा सुचित गरिनेछ ।
- जग्गादातालाई सम्मान गरिनेछ ।

३.३७ **जग्गा हस्तान्तरण प्रकृयाः** स्वेच्छिक जग्गादान प्रकृयाको अन्तिम कार्य भनेको जग्गाको स्वामित्व जीविसलाई हस्तान्तरण गर्नु नै हो । सामुहिक वा व्यक्तिगत मन्जुरीनामा संकलन गरिसके नियमानुसार राहत तथा सहयोग रकम वितरण गरिनेछ र स्वामित्व हस्तान्तरण प्रकृया अगाडी बढाइनेछ । जिल्ला नापी कार्यालयबाट दान गर्ने जग्गाको क्षेत्रफल एकिन गरिसके दातासँग समन्वय गरि जिल्ला मालपोत कार्यालयमा गई हस्तान्तरण प्रकृया पूरा गरिनेछ । सबै १० प्रतिशत भन्दा कम जग्गा दाताहरुलाई प्रोत्साहन रकम रु. ५००० प्रदान गरे मात्र हस्तान्तरण प्रकिृया पुरा हुनेछ । जो १० प्रतिशत भन्दा बढी जग्गादान गर्दछन्, उनीहरुलाई राहत वितरण नीति खाका अनुसार थप सहयोग उपलब्ध गराइनेछ । जिविसले गैरसरकारी संस्था वा परामर्शदाताको सहयोगमा जग्गादाताहरुको पूर्ण विवरण, हस्तान्तरण प्रक्रिया, सिकिएको पाठ आदिको रेकर्ड राख्नुपर्नेछ । यी कुराहरु परियोजनाको रिपोर्टिङमा उल्लेख गरिनेछ ।

निर्माण कार्यको थालनी पूर्व नै जग्गा हस्तान्तरणको धेरैजसो कार्य समाप्त भैसक्नु पर्नेछ । यो प्रकृया सम्पुर्ण प्रभावित व्यक्तिहरुको जग्गा हस्तान्तरण नभएसम्म चलिरहनेछ । जग्गा हस्तान्तरण प्रकृयामा निम्न चरणहरु हुनेछन् : १) सामुहिक तथा व्यक्तिगत मञ्जुरीनामा संकलन, २) अमिनको परिचालन, ३) नीति खाका अनुसारको राहत वितरण, ४) जिल्ला मालपोत कार्यालयमा गई औपचारिक रुपमा स्वामित्व हस्तान्तरण, आदि ।

जिल्ला विकास समितिले स्वेच्छिक रुपमा दान गरिएको जग्गाको स्वामित्व हस्तान्तरण (दान ग्रहण) जिल्ला जग्गा अधिग्रहण समितिको निर्णय गराएर गर्न सक्नेछ जुन जग्गा प्राप्ति ऐन, २०३७ को अनुसुची १५ मा व्यवस्था गरिएको छ । जग्गा दान फारम सुची अनुसुची ६ मा दिइएको छ । जग्गादाताले स्वामित्व हस्तान्तरण प्रकृयामा लाग्ने कुनैपनि खर्च व्यहोर्ने छैन ।

३.३८ परियोजनाले प्रभावित व्यक्तिहरुको सामाजिक पहिचान दिन विभिन्न तरीकाहरु अँगाल्नेछ । जस्तै : होर्डिङ् बोर्डमा नाम राख्ने, जमीनदाताहरुलाई प्रशंसा पत्र प्रदान गर्ने, आदि ।

३.३९ जतिसुकै प्रतिशत जग्गा दान गरेको भएता पनि १६९२ वर्ग मी. भन्दा कम जग्गा बाँकी हुनेहरुलाई अति प्रभावित व्यक्ति/परिवार ठानिनेछ । त्यस्ता अति प्रभावित व्यक्ति/परिवारहरुलाई दुई समूहमा राहत उपलब्ध गरिनेछ : पहिलो समूहमा ८५० देखि १६९२ वर्ग मी. जग्गा हुने; दोस्रो समूहमा ८४९ वर्ग मी भन्दा कम जग्गा हुने जसलाई राहत वितरण नीति खाका अनुसार राहत उपलब्ध गराइनेछ (तालीका ३.४) । यसको अर्थ यो हुन्छ कि SNRTP ले दान गर्ने व्यक्तिसँग आधारभुत न्यूनतम जमीन मात्र (तराईमा ५ कट्ठा वा पहाडमा ३.५ रोपनी वा १६९२ वर्ग मी.) छ भने श्वेच्छिक दानको जमीन समेत राहत उपलब्ध गराएर मात्र स्विकार गर्दछ । तराईमा ५ कट्ठा तथा पहाड वा हिमाली क्षेत्रमा ३.५ रोपनी नेपालको ग्रामीण जीवनमा जीविकोपार्जनका लागि नभै नहुने क्षेत्रफल हो भनेर ठानिएको छ । जग्गा दानको खाका अनुसुची १५ मा दिइएको छ ।

**३.४० आवास संरचनाको क्षति** : यस अधिको अनुभवमा परियोजना अन्तर्गत सडक सुधार वा फराकिलो पार्ने कार्यले आवास संरचनाहरुलाई विभिन्न तहमा हानी नोक्सानी पुर्‍याउँछ भन्ने देखिएको छ । अनुभवकै आधारमा यस्ता संभावित संरचनागत हानी नोक्सानीहरुलाई विभिन्न तहमा परिभाषित गरिएको छ :

- १० प्रतिशत सम्म भत्किएको वा क्षति पुगेकोमा सामान्य प्रभाव मानिनेछ । यस्तो अवस्थामा परियोजनाले आफैं मर्मत गर्ने छ ।

- १० देखि ५० प्रतिशत सम्म भत्किए वा क्षति पुगेमा अति प्रभावित ठानिनेछ । त्यस्तो परिवारलाई राहत वितरण नीति खाका अनुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ ।
- ५० प्रतिशत भन्दा बढि क्षति भएमा सम्पुर्ण क्षति भएको मानि अति प्रभावित व्यक्ति वा परिवारमा सुचिकृत गरिनेछ । यस्तो व्यक्ति वा परिवारलाई राहत वितरण नीति खाका अनुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

परियोजनाले क्षति भएर बाँकी रहेको संरचनाको आर्थिक सुरक्षाका निमित्त संरचनाको आर्थिक सम्भाव्यता र स्थीरताको समीक्षा गरी सामान्य, प्रभावित र अति प्रभावित वा सम्पूर्ण प्रभावित भनी वर्गीकरण गर्ने छ ।

३.४१ संरचनागत नोक्सानी वा हानीको विषयमा परियोजनाले नीजि जमीन भएका र नीजि नमिन नभएकाहरुलाई भिन्न भिन्न किसिमले व्यवहार गर्नेछ किनकि नीजि जमीनवालाहरुले आफ्नो जमीनसँगै घर आदि पनि गुमाउँछन् भने नीजि जमीन नभएकाहरुले संरचना मात्र गुमाउँछन् । कम्पाउण्ड पर्खाल, गाइको गोठ, पानीको धारा, खम्बा, ट्यूबवेल आदिजस्ता अन्य नीजि संरचनाहरुको नोक्सानी वा हानीलाई सामान्य मानिनेछ । यस्ता कम महत्वका संरचनागत हानी नोक्सानीलाई परियोजनाले राहत वितरण नीतिखाका अनुसारको निश्चित सहयोग उपलब्ध गराउनेछ । चौतारो, पानीको ट्याङ्की, मन्दिर, गोरेटो, झोलुङ्गे पूल आदिजस्ता समुदायका साझा संरचनाहरुको हानी नोक्सानी भएमा परियोजनाले स्थानीय सडक उपभोक्ता समितिहरु (LRUC) र गाउँ सडक निर्माण समिति जस्ता स्थानीय समितिहरु मार्फत मर्मत र पुनस्थापना गर्ने जिम्मा लिन्छ ।

**३.४२ जीविकोपार्जन/आय श्रोतको नोक्सानी** : जीविकोपार्जन अथवा चिया पसलजस्ता सानातिना पसलहरु, घुम्ति पसल आदि जस्ता आय श्रोतको नोक्सानी पुग्ने मानिसहरु र जमीन दान गर्दा आधारभूतरुपमा चाहिने कृषियोग्य जमीनभन्दा कम जमिन बाँकि हुनेका हकमा परियोजनाले पुनस्थापनाको लागि सहयोग उपलब्ध गराउनेछ । यस्तो जीविकोपार्जनको सहयोग परिवारको कमाउन सक्ने उमेरको (१६ देखि ६० वर्ष भित्रको) बढीमा एकजना सदस्यलाई जिल्लामा चलेको दैनिक ज्याला दरको हिसाबले हुन आउने तीन महिना वरावरको रकम उपलब्ध गराउनेछ ।

**३.४३ बाली नोक्सानी** : सहायकपरियोजनाले सम्भावित बाली नाशको विषयमा सम्बन्धित मानिसलाई अग्रीम सूचना दिइ खेतबाट वाली हटाउने समय दिइनेछ । यदि सहायक परियोजनाका कारणले बाली नाश भएमा यसलाई प्रत्यक्ष प्रभाव ठानिनेछ र परियोजनाले त्यस ठाउँमा चलेको बालीको बजार मूल्य उपलब्ध गराउनु पर्नेछ ।

**स्वेच्छिक दान प्रभाव व्यवस्थापन कोष (VDIMF)**

३.४४ नेपाल सरकारले राष्ट्रिय स्तरको सडक परियोजनाको लागि जमीन अधिग्रहण ऐन २०३४ अन्तर्गत जग्गा अधिग्रहण गर्ने गरे तापनि SNRTP ले ग्रामीण सडक सुधारका लागि जमीन धनीबाट सिमित जमीनमात्र स्वेच्छिक रुपमा लिने सिद्धान्तलाई अवलम्वन गर्दछ । साथै जमीन दातालाई उनीहरुले गरेको जमिन दान अनुसारको नगद सहयोग उपलब्ध गराउँछ । नेपाल सरकारको सम्पत्तिमाथिको अधिकारलाई ग्यारेन्टी गर्ने नीति र विश्व बैंकको सामाजिक सूरक्षा नीतिलाई ध्यान दिदै परियोजनाले प्रभावित मानिसहरुलाई नगद सहयोग निश्चित गर्न VDIMP को व्यवस्था गरेको छ । स्वेच्छिक जग्गादानले अति कम प्रभाव परेता पनि परियोजनाले सहयोग उपलब्ध गराउने ।

३.४५ प्रभावलाई न्यूनीकरण गर्न **स्वेच्छिक दान प्रभाव व्यवस्थापन कोष** को व्यवस्था प्रस्ताब गरिएको छ । यो कोष आवास संरचनाहरुको मर्मत गर्न र स्वेच्छिक दान गर्दा परियोजनाबाट गम्भिररुपमा प्रभावित भइ आफ्नो स्थायी सम्पत्ती तथा जमीन गुमाएका मानिसहरुको आयश्रोतको पुनर्स्थापना गन खर्च गरिनेछ ।

३.४६ जम्मा परियोजना खर्चको ३ प्रतिशत रकम यो कोषको लागि छुट्याइनेछ । यो कोष नेपाल सरकारले व्यहोर्ने शिर्षकबाट प्राप्त गरिनेछ । यस कोषको प्रयोग स्वेच्छिक दान प्रभाव न्यूनिकरण योजना (VDIMP) अनुसार हुनेछ । साथै यसको कार्यान्वयन स्थापित बिधिअनुसार गरिनेछ ।

३.४७ स्वेच्छिक जग्गा दानको प्रभाव न्यूनीकरणका लागि VDIMP मा निम्न कुराहरु संलग्न हुनेछन् :

- प्रभावित संरचनाहरुको मर्मत सम्भार खर्च
- १० प्रतिशत भन्दा बढी जग्गादान गर्नेलाई उपलब्ध गराउने राहत
- जग्गा दाताहरुलाई जग्गा दान गरेबापत प्रोत्साहन रकम
- जीविकोपार्जन सहयोग
- जग्गा हस्तान्तरण खर्च
- जोखिमपूर्ण समुदाय विकास खर्च र अन्य सामाजिक प्रभाव न्यूनीकरण खर्च

सम्बन्धित जिविसले स्वेच्छिक दानले पार्ने प्रभाव कम गर्ने योजना र जोखिम समुदाय विकास योजनामा लाग्ने अनुमानित खर्चको हिसाबसहितको योजना PMU मा पेश गर्नु पर्नेछ । PMU ले अनुमानित खर्चलाई जाँच गरी DOLIDAR र MOFALDसँग समन्वय गरी स्विकृति दिनेछ । जिविसले सहयोग वितरण समितिमार्फत स्थानीय NGO र स्थानीय सडक उपभोक्ता समितिसँग समन्वय गरी सम्बन्धित व्यक्ति तथा परिवारहरुलाई सहयोग उपलब्ध गराउँनेछ । १० प्रतिशत भन्दा कामको संरचनागत हानीका लागि सम्बन्धित जिविसले LRUC को माध्यमबाट मर्मतको जिम्मा दिनेछ ।

३.४८ RAIDP ले के अनुभव गरेको छ भने केही सडक परियोजनाहरुमा सडक निर्माण तथा स्तरोन्नति गर्दा आकस्मिक रुपले आवास संरचनामा क्षति हुंदरहेछ । यस्तो क्षति व्यवस्थापनको खर्च VDIMP मा समावेश भएको हुदैन किनकि यस्ता आकस्मिक क्षतिहरु पहिले नै अनुमान गर्न सकिदैन । यस्तो आकस्मिक क्षति व्यवस्थापनको लागि परियोजना व्यवस्थापन इकाईले हरेक सहायक परियोजनाको VDIMP खर्चमा रु. १ लाखका दरले समावेश गरी छुट्याएर राखी आवश्यक परेका जिल्लाहरुलाई दिने व्यवस्था गर्नुपर्दछ ।

**३.४९ स्वेच्छिक दान प्रभाव व्यवस्थापन योजना (VDIMP)** : सामाजिक स्क्रीनिङ प्रतिबेदनमा आधारीत भइ हरेक सहायक परियोजनाको स्वेच्छिक दान प्रभाव व्यवस्थापन योजना (VDIMP) तयार गरी सामाजिक प्रभावहरुलाई संबोधन गर्नु पर्दछ । यस्ता सामाजिक प्रभावहरुमा (क) जमीनको नोक्सानी , (ख) आवास संरचनाको हानी (ग) जीविकोपार्जन/आयश्रोतको हानी (घ) सामुदायि सम्पत्तिको हानी, आदि हुन्छन् । VDIMP (अनुसुची १५) ले दाताहरुको सम्पूर्ण जमीन, दान गरिएको जमीन र यसको प्रतिशत, संरचनागत हानीको प्रतिशत र आयश्रोत र साझा सामुदायिक सम्पत्तिमाथि भएको हानी नोक्सानी प्रस्तुत गर्दछ । साथै VDIMP ले जग्गादातालाई ४ वर्गमा विभाजित गरेको हुन्छ**;** (क) १० प्रतिशतभन्दा कम जमीन दान गर्नेहरु (ख) १० प्रतिशत भन्दा बढी जमीन दाता जसको बाँकि जमीन १६९३ वर्ग मी. भन्दा बढी छ, (ग) जमीन दाता जसको बाँकि जमीन ८५० देखि १६९२ वर्ग मी. छ, र (घ) जमीन दाता जसको बाँकि जमीन ८४९ वर्ग मी. भन्दा कम छ । VDIMP ले सामाजिक प्रभाव न्यूनिकरणको उपायहरु र लाग्ने खर्च, राहत वितरणनीति खाका अनुसार आवश्यक बजेट र जमीन हस्तान्तरणको बेलासम्म लाग्ने खर्चको पुरा योजना प्रस्तुत गर्दछ । SMO/ESSC ले जिविससँग समन्वय गरी VDIMP तयार गर्दछन् । VDIMP को बजेट र सामाजिक प्रभाव संबोधनका तरिका सामाजिक प्रतिबेदनले निश्चित गरे अनुसार हुनेछ । प्रभाव न्युनिकरण योजनाको अंगको रुपमा सवै प्रभावित परिवारहरुको (जसलाई जीविकोपार्जन र घर बनाउने सहयोग आवश्यक पर्दछ) सामाजिक आर्थिक

विशेषताहरु संकलन गरिने छ जसले उनीहरुमा परेको प्रभावको लेखाजोखा गर्न र उनीलाई आवश्यक पर्ने सहयोग रकम निधो गर्न मद्दत पुग्नेछ । यस्ता प्रमुख सूचनाहरुमा सम्बन्धित व्यक्तिका जमीन, आय, रोजगार, स्थायी सम्पत्ति, ऋण, घर तथा अन्य स्थायी सम्पत्ति पर्दछन् । यो NGO, ESSC, SMO द्वारा संकलन गरिनेछ ।

३.५० VDIMP ले प्रभावित व्यक्तिलाई दिने सहयोगको कानुनी, संस्थागत र सामाजिक आधारहरु परिभाषित गर्दछ । VDIMP को अवधारणा RAIDPको मध्यावधि पूल्यांकनको समयमा विकसित भएको हो । सो मूल्यांकनको समयमा सामाजिक सूरक्षा नीति कार्यान्वयनमा केही रिक्तता देखिएकोले VDIMP सिफारिस गरिएको थियो ।

३.५१ प्रभावित व्यक्तिहरु र आदिबासी जनजातीहरुसँग नियमित रुपमा पूर्वसुचित गरि सरसल्लाह गरिनेछ । ESSC तथा SMO हरुले त्यस्ता समूहसँग समन्वय गर्दै सरसल्लाह गर्नेछन् । सहायक परियोजनाको छनौट भए स्थानीय समुदायसँग समन्वय गरि सरसल्लाह गर्ने कार्य शुरु हुनेछ । उनीहरुलाई परियोजनाको बारेमा सुचित गरिनेछ । स्थानीय स्तरमा LRUC र VRCC गठन, परियोजना र यसको ESMF का बारेमा सचेतना, परियोजना सम्बन्धि आवश्यक सुचना, प्रभावित व्यक्तिहरुको सूची प्रकाशन, राहत नीति खाका वितरण, राहत वितरण र प्रभाव अध्ययन, आदि स्थानीय स्तरमा गरिने सम्पर्क र सरसल्लाहका मूख्य-मूख्य घटनाहरु हुन् । स्थानीय स्तरमा गरिने सम्पर्क र सरसल्लाहका चरणहरुमा : १) सामाजिक छनौट (Scoial Screening) जुनबेला ESSC र SMO ले सम्भावित क्षतिका बारेमा प्रष्ट पार्नेछन् । २) जग्गा नापी जतिबेला जग्गा दाताले वास्तविक क्षति थाहा पाउनेछन् । ३) स्वेच्छिक जग्गादान फारम संकलन र आधारभूत सामाजिक आर्थिक विवरण संकलन । ४) जग्गादाताहरुको नामावली, दान गर्ने जग्गाको क्षेत्रफल र कित्ता नं. प्रकाशन । ५) स्थानीय स्तरमा LRUC का सदस्यहरुसँग बसी प्रभावित व्यक्तिहरुको नाम प्रमाणीकरण । ६) VDIMP को तयारी प्रकृया । ७) प्रभावित व्यक्तिहरुको नाम नेपालीमा प्रकाशन । ८) प्रभावित व्यक्तिहरुलाई राहत वितरण नीति खाका प्रदान । ९) प्रभावित व्यक्तिहरुले पाउने राहत रकम बताउने । १०) उनीहरुलाई जिल्ला मालपोत कार्यालयमा स्वामीत्व हस्तान्तरण गर्न जाने दिन र समय बताउने । ११) स्थानीय स्तरमा सार्वजनिक रुपमा राहत वितरण गर्ने । १३) उनीहरुलाई LRUC र VRCC को माध्यमबाट प्राप्त राहत रकमको सदुपयोगको बारेमा बताउने र १४) सामाजिक आर्थिक प्रभाव अध्ययनको बेलामा सम्पर्क तथा सरसल्लाह र छलफल,आदि पर्दछन् ।

**राहत वितरण नीति खाका**

३.५२ तल प्रस्तुत गरिएको राहत वितरण नीति खाका (Entitlement Policy Matrix) सम्बन्धित सरोकारवालासँगको सम्पर्क र छलफलबाट नकारात्मक प्रभाव न्युनीकरण गरी प्रभावित व्यक्तिहरुको जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्यले तयार गरिएको छ ।

**तालिका ३.४ : राहत वितरण नीति खाका**

| प्रभावको किसिम | अधिकारको इकाइ | अधिकार | कैफियत |
|---|---|---|---|
| **१. जग्गा दाताहरु** | | | |
| क. १० प्रतिशत सम्म जमीन क्षति हुने | आफ्नै नाममा जमीन हुने | • श्वेच्छिक दान<br>• जमीन हस्तान्तरण प्रोत्साहन रकम रु. ५००० | |
| ख. १० प्रतिशत भन्दा माथि जमीन क्षति हुने जसको बाँकि जमीन १६९३ वर्ग मी. भन्दा बढि छ | आफ्नै नाममा जमीन हुने | • १० प्रतिशतभन्दा बढीको हानीका लागि पहाडमा रु. ३० र तराइमा रु. ४० प्रति वर्ग मी. का दरले ।<br>यो रकम कम्तिमा रु. ५००० हुन पर्ने | RAIDP को परियोजना क्षेत्रमा भएका जमीनको अधिकतम र न्यूनतम मूल्य विचार गरी साथै नेपाल बैंकमा धितो राख्दा गरिने मूल्याङ्कनको मूल्य विचार गरी तय गरिएको छ । बास्तविक मूल्यको लगभग ६० प्रतिशत मूल्य यसले सम्बोधन गर्दछ । |
| ८५० र १६९२ वर्ग मी. बीचमा जमीन बाँकि रहनेहरु | | • राहत रकम पहाडमा रु. ३० र तराइमा रु.४० प्रति वर्ग मी. का दरले। यो रकम रु. ५००० भन्दा कम हुन नहुने र घरको एक जना वयस्क सदस्यलाई जिल्लाको प्रतिदिनको सबैभन्दा कम ज्याला दरले २ महिना वरावरको जीविकोपार्जन सहयोग । | |
| ८४९ वर्ग मी. भन्दा कम जमीन बाँकि रहनेहरु | | • राहत रकम पहाडमा रु. ३० र तराइमा रु. ४० प्रति वर्ग मी. का दरले ।<br>यो रकम रु. ५००० भन्दा कम हुन नहुने र घरको एक जना वयस्क सदस्यलाइ जिल्लाको प्रतिदिनको सबैभन्दा कम ज्याला दरले ३ महिना वरावरको जीविकोपार्जन सहयोग । | ऐलानी तथा पर्ती जमीन ओगटेर बसेको हकमा दानको रुपमा मानिने छैन । |
| **२. आवास संरचनाको क्षति** | | | |
| क. १० प्रतिशत सम्म | आफ्नै नाममा आवास/घर हुने/नहुने | • परियोजनाले मर्मतको जिम्मा लिनेछ | |
| ख. १० देखि ५० प्रतिशत | आफ्नै नाममा आवास/घर हुने /नहुने | • मर्मतका लागि सहयोग<br>कच्चीका लागि रु. ३००/वर्ग फिट<br>अर्धपक्कीका लागि रु. ५००/ वर्ग फिट र पक्कीका लागि रु. ७०० / वर्ग फीटका दरले | RAIDP का सहायक परियोजना क्षेत्रका आवास संरचनाको मूल्य नेपाल बैंकमा संरचना धितो राख्दा प्राप्त हुने मूल्य विचार गरी तय गरिएको छ। यो रकम |
| ग.सम्पूर्णरुपमा हानी (५० देखि १०० | आफ्नै नाममा आवास/घर | • मर्मतका लागि सहयोग<br>कच्चीका लागि रु. २०० | |

| प्रभावको किसिम | अधिकारको इकाइ | अधिकार | कैफियत |
|---|---|---|---|
| प्रतिशत) | हुने /नहुने | अर्धपक्कीका लागि रु. ४०० र पक्कीका लागि रु. ६०० प्रति वर्गफीटका हिसाबले दिइनेछ । | हाल कायम मूल्यको लगभग ७० प्रतिशत हुनेछ । |
| **३. जीविकोपार्जन/आय श्रोतहरुको हानी** | | | |
| क. जीविकोपार्जन/आय श्रोतको हानी | सबै १० प्रतिशत भन्दा बढि जग्गा दान गर्नेहरु र जतिसुकै प्रतिशत जग्गा दान गरेपनि जोखिमपूर्ण जग्गादाता । | • पुनस्थापनो सहयोग<br>जिल्लाको प्रतिदिन ज्यालादरले तीन महिना (९० दिन) को १ जना वयस्क (१६–६० वर्ष) सदस्य वरावरको रकम | काम गर्न इच्छुक भएमा सहायक परियोजनामा काम गर्ने अवसर दिइने |
| **४. सामूदायिक सूविधाहरु/संरचनाहरु** | | | |
| क. सामुदायिक भवन, मन्दिर, नहर, खानेपानीको पाइप, कल्भर्ट, पूल आदि | | • परियोजनाले आफैं मर्मत र पुनर्स्थापना गर्नेछ | " |
| **अन्य स्थायी सम्पत्तिहरुको हानी** | | | |
| सानातिना संरचना/सम्पत्ति<br><br>क) १० प्रतिशत सम्म<br><br>ख) १० देखि ५० प्रतिशत सम्म<br><br>ग) सम्पूर्ण अर्थात ५० देखि १०० प्रतिशत सम्म हानी हुने | आफ्नै नाममा संरचना/सम्पत्ति हुने/नहुने | • परियोजनाले आफै मर्मत गर्नेछ<br><br>• रु. ३००० का दरले सहयोग उपलब्ध गराइनेछ ।<br><br>• रु. ५००० का दरले सहयोग | |
| **६. बालीनालीको हानी नोक्सानी** | | | |
| क. बालीको नाश/हानी | आफ्नै नाममा जमीन हुने | • बाली उठाउन अग्रीम सूचना दिइने<br>• सकेसम्म नोक्सानी हुन नदिने<br>• (बाली उठाउन) अग्रीम सूचना दिन नसकिने भए बाली नाश भए अनुसारको क्षतिपूर्ति | |
| ख. बालीको नाश/हानी | आफ्नै नाममा जमीन नभएकाहरु | • बाली उठाउन अग्रीम सूचना दिइने<br>• सकेसम्म नोक्सानी हुन नदिने<br>• (बाली उठाउन) अग्रीम सूचना | |

| प्रभावको किसिम | अधिकारको इकाइ | अधिकार | कैफियत |
|---|---|---|---|
| | | नदिइएको भए बाली नाश भए अनुसारको क्षतिपूर्ति दिने | |
| पहिचान नभएका प्रभावहरु | | • सहयोग र राहतको सिद्धान्तमा आधारीत भएर प्रभाव न्यूनिकरण उपायहरु प्रस्तावित गरिइनेछ | |

**अन्य सामाजिक व्यवस्थापन योजना**

३.५३ जोखिम समुदाय विकास योजना (VCDP) : जोखिममा रहेका समूदायको अवस्था सपार्नका लागि VCDP तयार गरिनेछ (यसभित्र $Z_0$ को जनसंख्या मात्र लिइनेछ) । VCDP ले लक्षित गरेका मानिसहरुमा तलका व्यक्ति तथा समूहहरु पर्दछन् ।

- परियोजनाबाट गम्भिररुपमा प्रभावित भएका मानिसहरु/परिवारहरु (SPAPIF)
- अति पिछडिएको समूह जस्तै : आदिबासी, जनजाति, दलित, अल्पसंख्यक, समूह तथा अति विपन्नहरु
- एकल महिलाहरु/महिलाहरु प्रमुख भएका घरहरु, र
- भूमीहीन, बृद्ध र अपाङ्गहरु ।

३.५४ VCDP तयारीको क्रममा आदिबासी समुदाय र जोखिमपूर्ण समुदायहरुसँग सरसल्लाह र छलफल गरिनेछ । VCDP ले त्यस्ता समूह तथा समुदायहरुको आवश्यकता र प्राथमिकता पहिचान गरी उपयुक्त तालिम तथा सीप हस्तान्तरण गर्नेछ । VCDP तयारीका क्रममा निम्न चरणहरु पूरा गरिनेछ :

- कार्यक्रमको उद्देश्य र कृयाकलापका बारेमा आदिबासी तथा जोखिमपूर्ण समुदायलाई सुचित गर्नु
- सडकको वर्तमान रेखांकनको नकारात्मक प्रभाव र सो प्रभाव हटाउने र न्यूनीकरण गर्ने बारेमा छलफल
- परियोजनाको सम्भावित फाइदाका बारेमा सुचित गर्नु र सो कसरी प्राप्त गर्न सकिन्छ छलफल गर्नु
- जग्गा तथा प्राकृतिक स्रोतको पुर्ख्यौली अधिकार पहिचान गर्ने र यसलाई अझै प्रभावकारी कसरी गर्न सकिन्छ छलफल गर्नु
- परियोजनाको माध्यमले कसरी खाद्य सुरक्षाको अभिवृद्धि गर्न सकिन्छ छलफल गर्नु
- परम्परागत ज्ञान र सीपलाई परियोजना निर्माणमा लगाउनु
- परियोजनामा प्रभावित व्यक्तिहरुको सहयोग प्राप्त गर्नु र
- परियोजनाको कार्यान्वयन तथा निरिक्षण र मूल्यांकनमा जनसहभागिताको रणनीति बनाउनु ।

VCDP को खाका अनुसुची १६ मा दिइएको छ । ESSC तथा SMO ले LRUC तथा VRCC सँग समन्वय गरी जोखिमपूर्ण समुदायको समस्या, आवश्यकता र प्राथमिकताहरु पहिचान गर्नेछन् । VCDP निर्माण प्रकृयामा (क) जोखिमपूर्ण समूह वा समुदायको पहिचान, (ख) त्यस्ता समुदायसँग सम्पर्क, छलफल तथा आवश्यकता र प्राथमिकता पहिचान (ग) VCDP लेखन, आदि जस्ता कार्यहरु पर्दछन् । LRUC तथा VRCC का सदस्यहरुले VCDP तयारीको प्रकृयामा सहयोग गर्नेछन् ।

३.५६ **आयआर्जनका कृयाकलापहरु** : जोखिमपूर्ण समुदाय तथा उनीहरुका आवश्यकता र प्राथमिकता पहिचानका लागि धेरै चरणमा छलफल तथा समन्वयको आवश्यकता पर्दछ । ESSC तथा SMO ले LRUC सँग समन्वय गरि VCDP को उद्देश्य बताउने र आवश्यकता पहिचान गर्न आम भेलाको आयोजना गर्दछन् । आमभेलामा पहिचान हुन नसकेका समुदायसँग पुनः बसी आवश्यकताहरु पहिचान गरिनेछ । त्यस्ता भेलाहरुबाट तालिम तथा आयआर्जनमा इच्छुक जोखिमपूर्ण समुदायहरु पहिचान गरिनेछ । भेलाबाटै तालिमका विकल्पहरु जुन स्थानीय स्तरमा उपयुक्त हुन्छन् तिनको संख्या, प्रकार र तालिम लिने व्यक्तिहरु पहिचान गरिनेछ । VCDP को तालिम गैरसरकारी संस्थाबाट संचालन गरिनेछ तर ESSC र SMO ले तालिम प्राप्त भए/नभएको र लिने व्यक्तिहरुले तालिमलाई व्यवहारमा लगाए नलगाएको निश्चित गर्नेछन् । ESSC तथा SMO ले तालिम, तालिम दिने प्रकृया, प्रभावकारिता आदिको अनुगमन गरि सुधार गर्नुपर्ने वा कमजोरीहरु भए हटाउनेछन् । VCDP तालिमको प्रभावकारिता मूल्यांकन तालिम संचालन भएको बेलामा गरिनेछ । परियोजनाको मध्यकालिन मूल्यांकन प्रतिवेदनमा रेकोमेन्डेसन भए ध्यानमा राखि प्रभावकारी बनाउन कदम चाल्नेछ ।

३.५७ **लैङ्गिक रुपरेखा** : लैङ्गिक तथा सामाजिक समावेशीकरण परियोजनाको मूख्य सरोकारको विषय हो । लैङ्गिक तथा सामाजिक बहिस्कृत समूहहरुलाई विकासको मूलधारमा ल्याउनु राज्यको प्रमुख दायित्व हो । सहायक परियोजनाको तयारी र कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक बहिस्कृत समूहहरुलाई ध्यान दिनुपर्दछ । Social Screening, VDIMP, VCDP र अन्य योजना बनाउने बेलामा लैङ्गिक विश्लेषण गर्नुपर्दछ । सहायक परियोजनाको योजना र कार्यक्रमहरु तयार गर्दा अनिवार्य रुपले लैङ्गिक विश्लेषण गर्नुपर्दछ । लाभान्वित जनसंख्याको लागत लिंदा नै लिंग छुट्याएको तथ्यांक लिनुपर्दछ र रेकर्ड लिङ्ग छुट्यारै राख्नु आवश्यक छ । सामाजिक योजनाहरु तयारी गर्दा संकलन गरिएका तथ्यांकले लैङ्गिक विभेद, आवश्यकता, कठिनाई र प्राथमिकता साथै सम्भावित असमानताको जोखिम, लाभ र अवसरहरु सम्बन्धि समेत स्पष्ट उल्लेख गर्नुपर्दछ ।

३.५८ देशको आधा भन्दा बढी जनसंख्या महिलाहरुको छ, तसर्थ समावेशी र समतामुलक विकासका लागि परियोजनाको निर्माण, कार्यान्वयन, लाभ वितरण र निरिक्षण तथा मूल्यांकनमा उनीहरुको अर्थपूर्ण सहभागिता हुन जरुरी छ । गरीब, दलित, आदिबासी, अल्पसंख्यक, महिलाहरुको सहभागिताले परियोजनाको दिगोपना निश्चित गर्दछ । तसर्थ सहायक परियोजनाका कार्यक्रमहरु जस्तै LRUC, GHC, DMC आदिमा उनीहरुको सहभागिता अनिवार्य हुनुपर्दछ । परियोजनाले मुख्य गरि निम्न कुराहरु गर्नेछ :

- सहायक परियोजनाका फरक फरक क्षेत्रका महिला र पुरुषको तथ्यांक,
- जम्मा महिला घरधूरी संख्या,
- परियोजना प्रभावित महिला घरमूली संख्या,
- प्रभावित महिला घरधूरीको सामाजिक आर्थिक तथा जातीय तथ्यांक,
- सडकको विभिन्न क्षेत्र (ZOI) का महिलाहरु मूख्य सरोकार र प्राथमिकताका क्षेत्रहरु पहिचान,
- स्थानीय स्तरमा बालश्रमिकको अवस्था, र
- लैङ्गिक विभेदको अवस्था रेकर्ड गरिएको हुनुपर्दछ ।

## वातावरणीय तथा सामाजिक सूरक्षा उपायहरु सम्बन्धि ठेक्केदारले पूरा गर्नु पर्ने शर्तहरु

३.५९ ठेक्केदारहरु परियोजनाका मूख्य साझेदार हुन् । तसर्थ नकारात्मक प्रभावहरु पहिचान गर्ने र त्यस्ता प्रभावलाई कम गर्ने प्रकृयामा उनीहरुको पनि महत्वपूर्ण भूमीका हुन्छ । त्यसकारण ठेक्का सम्वन्धि कागजातले ठेक्केदारहरुको निम्न बमोजिमको भूमीका तथा उत्तरदायित्व स्पष्ट पार्न आवश्यक छ :

क) स्विकृत ठाउँको र मापदण्ड बमोजिमको गुण भएको निर्माण सामग्री प्रयोग गर्ने,

ख) काम सकिए ढुंगा खानी निकालेको ठाउँलाई सम्याउने र खनिएको खाल्डोलाई पुर्ने,

ग) प्रज्ज्वलनशील पदार्थ लाई गाउँ/बस्तीभन्दा कम्तिमा १ कि.मी टाढा राख्ने,

घ) श्रमिकहरु बस्न बनाइएको अस्थायी घरको स्वास्थ्य र सरसफाइ कायम राख्ने,

ङ) श्रमिकको साप्ताहिक स्वास्थ्य परिक्षणको रेकर्ड राख्नु,

च) फोहोर पदार्थलाई भीरहरु, बनस्पती भएको क्षेत्रहरु, नदी तलाउ आदि र अन्य वातावरणीयरुपले संवेदनशील क्षेत्रमा फाल्न नदिने,

छ) परियोजना व्यवस्थापकले स्विकृत गरी सिफारिश गरिएको ठाउँहरुमा मात्र फोहोर फ्याँक्न लगाउने,

ज) श्रमिकहरुलाई स्वास्थ्य र सूरक्षा पोसाक उपलब्ध गराउने,

झ) श्रमिकलाई वन पैदावर प्रयोग गर्न, शिकार खेल्न प्रतिबन्ध गर्ने,

ञ) स्थानीय श्रमिकहरुको ज्यादाभन्दा ज्यादा प्रयोग गर्ने (गरीब, सीमान्तकृत र दलितलाई प्राथमिकता दिने),

ट) १६ बर्षमुनिका बालश्रमिकको प्रयोग नगर्ने,

ठ)पाएसम्म कम्तिमा ३३ प्रतिशत महिला श्रमिक हुनु पर्ने,

ड) जिविसले तय गरेको न्यूनतम दैनिक ज्याला श्रमिकहरुलाई भूक्तानी दिने साथै महिला श्रमिकलाई पुरुष सरह ज्याला उपलब्ध गराउनुपर्ने,

ढ) श्रमिकहरुको जीवन बीमा गर्ने,

ण) ऐतिहासिक, सांस्कृतिक र पूरातात्विक प्राकृतिक वासस्थान माथि प्रभाव पर्न नदिने,

त) सार्वजनिक भौतिक संरचना जस्तै विजुलीको खम्वा, टेलिफोनको खम्बा, धारा, सिँचाइको कुलो, आदि सडकमा पर्न गएमा ठाउँ सारी दिने ।

माथि उल्लेख गरिएका कुराहरु तथा थप कुराहरु जस्तै स्वास्थ्य तथा सुरक्षासँग सम्बधित कृयाकलापहरुको निरिक्षण तथा अनुगमन प्राविधिक निरिक्षण समुह र वातावरणिय विशेषज्ञ लगायत जिल्ला एवं केन्द्रिय तहका अधिकारीहरुले निरिक्षण गर्ने छन् ।

## अनुपस्थित जग्गा धनिको जग्गा अधिग्रहण प्रक्रिया

३.६० सडक सुधार गर्दा सडकमा जग्गा पर्ने सम्वन्धित व्यक्ति अनुपस्थित भएमा जिल्ला विकास समितिले सडकको नाम, ठेगाना साथै अधिग्रहण गर्नुपर्ने कारण खुलाइ प्रभावित गा.वि.स/न.पा., वडा नं. तथा सुधार गर्न चाहेको सडकको क्षेत्रमा परी अधिग्रहण गर्न सक्ने जग्गाको क्षेत्रफल खोली राष्ट्रिय दैनिक पत्रिकामा जग्गा अधिग्रहणको सुचना प्रकाशित गर्नुपर्ने छ । सो सुचना जि.वि.स., जिल्ला प्रशासन कार्यालय, जिल्ला मालपोत कार्यालय, र सम्वन्धित गा.वि.स./न.पा.कार्यालय र प्रभावित क्षेत्रमा समेत प्रकाशित गर्नुपर्दछ ।

३.६१ जि.वि.स.ले अधिग्रहण गर्नुपर्ने जग्गा धनिको नाम र सो व्यक्तिको पुरा ठेगाना सहित जग्गा लेन-देन रोक्का गर्न जिल्ला मालपोत कार्यालयलाई अनुरोध गर्ने छ ।

३.६२ अनुपस्थित जग्गा धनि जिवितै भएको हकमा भने हकवालाहरु अख्तियारीनामा सहित राहत रकम दावी गर्न आउन सक्ने छन । यसका लागी गा.वि.स. ⁄ न.पा.द्धारा प्रदान गरीएको नाता प्रमाणीत प्रमाण-पत्र आवश्यक पर्ने छ । सो प्रमाण-पत्रमा हकवालाहरुको फोटो र हस्ताक्षर अनिवार्य हुने छ ।

३. ६३ जग्गा धनिको मृत्यु भएको अवस्थामा भने हकवालाहरु मृत्युदर्ता प्रमाण-पत्र र निजहरु सो जमिनको हकवाला भएको प्रमाण खुल्ने प्रमाण-पत्र सहित राहत रकम दाविका लागि आउन सक्नेछन । तोकीएको म्याद भित्र अन्य व्यक्ति हकदावि गर्न नआएमा, सम्वन्धित गा.वि.स. ⁄ न.पा.ले दिएको नाता प्रमाण-पत्रको आधारमा निजहरुलाई राहत उपलब्ध गराउन सकिनेछ । यदी किर्ते कागजातहरु तयार गरी कसैले राहत रकम बुझिलिएको तथ्य खुल्न आएमा त्यस्तो व्यक्तिलाई कानुन अनुसार कारवाही गरीने छ साथै निजले लिएको राहत रकम सम्वन्धित गा.वि.स. ⁄ न.पा.मा जम्मा गर्न लगाई सम्वन्धित हकवालालाई दिइनेछ । अनुपस्थित जग्गा धनिको हकमा राहत रकम बुझिलिने हकवालाले माथि उल्लेखित आबस्यक कागजात सहित हस्ताक्षर खुलेको निवेदनमा एक प्रति फोटो टाँस गरी राहत रकम दावि गर्न आउनु पर्ने छ ।

३.६४ जग्गा धनि जिवितै भएको तर समय सिमा भित्र सम्पर्क गर्न नआएमा राहत रकम सम्वन्धित व्यक्ति वा हकवाललाई वितरण गर्ने गरी गा.वि.स. ⁄ न.पा.मा जम्मा गरीने छ । यसरी गा.वि.स. ⁄ न.पा.मा जम्मा गरेको राहत रकमका वारेमा जि.वि.स.ले सार्वजानिक सुचना जारी गरी एक हप्ता जमिन हस्तान्तरणको आवस्यक प्रक्रिया सुरु गर्ने छ । यस्तो अवस्थामा सम्वन्धित गा.वि.स. ⁄ न.पा.ले जिल्ला मालपोत कार्यलयलाई जमिन नामसारीको लागि पत्र लेख्नु पर्ने छ ।

## बहु-स्वामित्वको जमिन भएमा

३.६५ जग्गा धनिको मृत्यु भैसकेको तर निजका नामको उल्लेखित जग्गा निजका छोरा ⁄ हकवालाहरुको सामुहिक स्वामित्वमा रहेको अवस्थामा त्यस व्यक्तिले पाउने राहत रकम सबै हकवालालाई दामासाहिले वितरण गरिने छ । तर हकवालाहरुले तोकीएको समय भित्र सबै प्रकृया पुऱ्याई गा.वि.स. ⁄ न.पा. को सिफारीस र अन्य कागजात सहित जि.वि.स.मा निवेदन दर्ता गर्नुपर्नेछ । स्वेच्छिक जग्गा दान फारममा सहि गरे राहत प्राप्त हुनेछ र तत्पश्चात सम्बन्धित कार्यालयामा गई कित्ता काट र नामसारीको काम गर्नुपर्ने छ । स्वमित्व सम्वन्धि वा राहत रकम बराबरी लिने सम्वन्धि विवादको कारणले हकवालाहरु जि.वि.स. ले राहत लिन आउने सुचना जारी गरेको म्याद भित्र हकदावी गर्न नआएमा पुनः एक हप्ताको समय दिई दोस्रो पटक सुचना जारी गर्ने छ । दोस्रोपटक दिएको समय भित्र पनि हकवालाहरु अनुपस्थित रहेमा राहत रकम गा.वि.स. ⁄ न.पा. मा जम्मा गरी सडक निर्माण कार्य अघि बढाइने छ । यस्तो अवस्थामा सम्वन्धित गा.वि.स. ⁄ न.पा. ले जिल्ला मालपोत कार्यलयलाई जमिन नामसारीको लागि चिठि लेख्नु पर्ने छ ।

# चौथो अध्याय : योजना तथा कार्यान्वयन संयत्र

४.१  परियोजनाले ग्रामीण सडक निर्माण गतिविधिलाई कार्यान्वयन गर्न र प्रभाव न्युनिकरण गर्न प्रभावकारी संयन्त्र र प्रकृयाको आवश्यकता पर्दछ । यो अध्यायले परियोजनाबाट हुने वातावरणीय तथा सामाजिक सुरक्षाका मुद्दाहरुलाई सम्बोधन गर्न चाहिने योजना र कार्यान्वयन संयन्त्रहरुको चर्चा गर्दछ ।

४.२  वातावरणीय मुल्यांकन (Assessment) र सामाजिक लेखाजोखा परियोजना चक्रको एउटा अति आवश्यक अंग हो । यो चक्र परियोजनाको पहिचानबाट नै शुरु हुन्छ । सहायक परियोजना स्क्रीनिङबाट शुरु भई प्रभावहरुको पहिचान, नकारात्मक प्रभाव न्यूनिकरण योजनाको तयारी, कार्ययोजनाको कार्यान्वयन, मूल्याङ्कन, अनुगमन र परियोजनाको लेखा परिक्षणमा पुगि अन्त्य हुन्छन् । हरेक योजनाको प्रमुख लक्ष्य वातावरणीय र सामाजिक प्रभावहरुलाई उचित रुपले संबोधन गर्नु हो । तथापि, योजनाले प्रभाव पहिचानको शुरुवात र पूर्व सम्भाव्यता अध्ययन देखि निर्माण  सम्मको अवस्थालाई समाबेश गर्दछ । योजनाको विभिन्न खुड्किलाहरु, त्यस अन्तर्गत हुने गतिविधि तथा उत्तरदायित्व तालीका ४.१ मा छोटकरीमा प्रस्तुत गरिएको छ ।

तालिका ४.१ परियोजना चक्रभित्रको वातावरणीय र सामाजिक व्यवस्थापन

<table>
<tr><th>परियोजनाका तहहरु/अवस्थाहरु</th><th colspan="4">वातावरणीय तथा सामाजिक गतिबिधिहरु</th><th>उत्तरदायित्व</th></tr>
<tr><td>परियोजना पहिचान</td><td colspan="4">सहायक परियोजनाको छनौट : सरोकारवालाहरुसँगको प्रारम्भिक छलफलबाट तयार गरिएको वातावरणीय विषयहरु/समस्याहरुको संक्षिप्त टिप्पणी गर्ने ।</td><td>जिविस/ DTO<br>SMO/ ESSC</td></tr>
<tr><td>परियोजना स्क्रीनिङ</td><td colspan="4">प्राविधिक र आर्थिक स्क्रीनिङ सँगै वातावरणीय र सामाजिक स्क्रीनिङ – यदि चारमध्ये कुनै एक स्क्रीनिङसमाबेश नभए स्क्रीनिङ अपूर्ण हुनेछ ।</td><td>जिविस/ DTO<br>SMO/ ESSC</td></tr>
<tr><td></td><td colspan="4">PCU मा छनौट प्रतिबेदन पेश गर्ने</td><td>जिविस</td></tr>
<tr><td>मूल्याङ्कन र स्विकृति</td><td colspan="4">वातावरणीय तथा सामाजिक स्क्रिनिङको पुन मूल्याङ्कन गर्ने</td><td>CPCU</td></tr>
<tr><td></td><td colspan="4">आवश्यकता अनुसार IEE/EIA गर्ने</td><td></td></tr>
<tr><td>विस्तृत इन्जिनियरिङ् डिजाइन</td><td colspan="2">वातावरणीय योजना : स्थान विशेष EMP, बृक्षारोपणको योजना, बायो इन्जिनियरिङ् योजना तयार गर्ने</td><td colspan="2">समाजीक व्यवस्थापन योजना : VCDP, VDIMP, CIDP</td><td>DDC-PSE/ ESSS</td></tr>
<tr><td>निर्माण अवधि</td><td colspan="2">EMP कार्यान्वयन</td><td colspan="2">SMP कार्यान्वयन</td><td>जिविस/जि. प्र. का.<br>SMO/ESSC</td></tr>
<tr><td></td><td>निरीक्षण</td><td>प्रतिवेदन</td><td>अनुगमन</td><td>स्वतन्त्र लेखा परीक्षण</td><td>जिविस, DTO, DRCC,<br>स्वतन्त्र तेश्रो पक्ष,<br>SMO, ESSC</td></tr>
<tr><td>सन्चालन अवधि</td><td colspan="4">प्राविधिक, वातावरणीय र सामाजिक परीक्षण</td><td>NVC</td></tr>
</table>

## वातावरणीय प्रभाव न्युनिकरण संयन्त्र

### वातावरणीय छनौटका शर्तहरु

४.३ आवश्यक वातावरणीय लेखाजोखाको तह निर्धारण गर्न, वातावरण संरक्षण नियमावली ( EPR) १९९७ मा उल्लेख भएका शर्तहरुलाई आधार मानिनेछ । SNRTP सडकको निर्माण, स्तरोन्नति, सुधार तथा पुलहरुको निर्माणमा बढी लागू हुने EPR सम्बन्धि आवश्यक शर्तहरु ( EPR अनुसुची १ र २ ) तालिका ४.२ मा प्रस्तुत गरिएको छ । स्क्रीनिङ EPR अनुसुचीमा उल्लेखित शर्तलाई मात्र आधार मानेर गर्नु हुँदैन । यसलाई सम्भावित वातावरणीय प्रभावहरु र खतराहरु समेत विचार गरेर गरिनु पर्दछ ।

तालिका ४.२ : EIA र IEE का लागि EPR ले तयार गरेका आवश्यक शर्तहरु

| IEE आवश्यक पर्ने सडकहरु | EIA आवश्यक पर्ने सडकहरु |
|---|---|
| • जिल्लाका सडकहरुको निर्माण<br>• शहरी क्षेत्रका सडकहरुको निर्माण<br>• सहायक सडकहरुको सूधार, पुनर्स्थापना र पुनर्निर्माण<br>• रु. ५ करोड देखि २५ करोड सम्म खर्च लाग्ने अन्य कुनै पनि परियोजनाहरु | मूख्य सहायक सडकहरुको निर्माण<br><br>संवेदनशील क्षेत्रहरुमा सडक निर्माण :<br>ऐतिहासीक, सांस्कृतिक र पुरातात्वीक महत्वका ठाउँहरु<br>वातावरणीय रुपले कमजोर र ओसिला ठाउँहरु<br>राष्ट्रिय निकुन्जहरु, वन्यजन्तु आरक्षण तथा संरक्षित क्षेत्रहरु<br>अर्ध सुख्खा, पहाडी तथा हिमाली क्षेत्रहरु<br>बाढी आउने सक्ने र अन्य खतरनाक ठाउँहरु<br>आवास, विद्यालय र अस्पताल क्षेत्रहरु<br>सार्वजनिक खानेपानीको प्रमुख श्रोत भएका क्षेत्रहरु<br>रु. २५ करोड भन्दा बढी खर्च लाग्ने अन्य कुनै पनि परियोजनाहरु । |
| अन्य कानूनी शर्तहरु (वन ऐन, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन आदि) | |
| निम्न क्षेत्रमा नकारात्मक प्रभाव पर्ने भएमा<br>• संरक्षित क्षेत्रहरु<br>• वन<br>• पहिरो र भूक्षय ग्रस्त क्षेत्र<br>• बाढी आउन सक्ने क्षेत्रहरु<br>• पानी जम्नसक्ने क्षेत्रहरु<br>• पानीका श्रोतहरु<br>• ऐतिहासिक, सांस्कृतिक र धार्मिक क्षेत्रहरु<br>• खुल्ला सार्वजनिक ठाउँहरु<br>• सामुदायिक भौतिक संरचनाहरु<br>• विशेष समूहका मानिसहरु<br>• प्राकृतिक आदि दृश्यावलोकन गर्ने क्षेत्रहरु<br>• विकासका लागि सम्भावित क्षेत्रहरु<br>वातावरणीय लेखाजोखाको तह भविष्यबाणी गरिएका प्रभावको परिमाण, सीमा र अवधिमा पनि भर पर्दछ । यदि प्रभावहरु गम्भिर खालका छन् भने लेखाजोखा गर्ने समूहले IEE/EIA सिफारिश गर्न सक्छ । तर यदि प्रभावहरु कम असर, सीमा र अवधिका छन् भने सबै सहायक परियोजनाका लागि स्थान विशेष EMP तयार गरिनेछ । | |

४.४ यदि कुनै सडक सम्बेदनशील क्षेत्र (Sensitive area) भित्र पर्दैन भने वातावरणीय व्यवस्थापन योजना ( Environmental Management Plan (EMP) ) मात्र बनाए हुन्छ तर सम्बेदनशील क्षेत्रबाट जाने सडकको सन्दर्भमा अनिवार्य रुपमा IEE गर्नुपर्छ ।

४.५ आरक्षित क्षेत्र (राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र आदि ) तथा विश्व सम्पदा सुचीमा सुचिकृत क्षेत्र साथै भू क्षय र पहिरोको उच्च जोखिम भएका ठाउँबाट जाने सडक तथा पुलहरु र लामा पुलहरु जसका कारण लोपोन्मुख प्रजातिहरुको प्राकृतिक बासस्थानमा खतरा पुग्न सक्छ, त्यस्ता क्षेत्रहरुका निर्माण प्रस्ताव चयन हुनेछैन । त्यस्तै प्रस्तावित सडक तथा पुलको कार्य वातावरणीय दृष्टिले तुलनात्मक रुपमा जोखिममा रहेका क्षेत्र जस्तै मध्यवर्ति क्षेत्र तथा भौतिक, सांस्कृतिक, धार्मिक क्षेत्रमा पर्ने भए सम्बन्धित आधिकारीक निकाय, DOLIDAR र विश्व बैंकको पूर्वस्विकृती लिएर मात्र निर्माण कार्य अगाडी बढाउन सकिने छ ।

४.६ कमजोर क्षेत्रहरु (पहिरोको उच्च जोखिम रहेको, Main Centrul Thrust (MCT), Main Boundary Thrust (MBT), बाढी प्रभावित क्षेत्र, सिमसार) तथा पिउने पानीका मूख्य मुहानहरु भएको ठाउँ, मध्यवर्ति क्षेत्र, ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्व भएका क्षेत्रहरु आदिमा सडक तथा पुल निर्माण गर्नुपर्ने भए डोलिडार र विश्वबैंकको पूर्व स्वीकृति लिन आवश्यक छ ।

४.७ Environmental Screening र प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्ने जिम्मेवारी जिविस/जिल्ला प्राविधिक कार्यालयको हुनेछ । उक्त कार्य गर्नका लागि वातावरणीय विशेषज्ञले जिविसलाई सहयोग गर्नेछ । परियोजना छनौटको बेलामा Environmental Screening को प्रतिवेदन पेश गर्दा यो सँग प्राविधिक, आर्थिक र सामाजिक स्क्रीनिङ्गको प्रतिवेदन पनि पेश गर्नुपर्दछ । Environmental Screening को प्रतिवेदन PMU ले हेर्नेछ र डोलिडारले स्वीकृत गर्नेछ । Environmental Screening नगरिएको सहायक परियोजना प्रक्रियामा जान योग्य हुनेछैन । यदि प्रारम्भिक वातावरणीय अध्ययन गरेको हो भने EMP को अध्यायमा समाबेश गरेको हुनुपर्छ । यदि स्क्रीनिङ्गले प्रारम्भिक वातावरणीय अध्ययन गर्न नपर्ने देखाएको खण्डमा जिविसले पूर्ण इन्जिनयरिङ्ग डिजाइनका बेला क्षेत्र विशेष (Site Specific) EMP तयार गर्नुपर्छ ।

४.८ वातावरण विशेषज्ञको मूख्य भूमिका निम्न प्रकार रहेका छन् :

- SNRPT परियोजनाको EMP तयार गर्न, Verify गर्न तथा स्वीकृत गर्न सहयोग गर्ने
- SNRPT सहायक परियोजनाको वातावरणीय सुरक्षाका सम्पूर्ण कार्यहरु कार्यान्वयन गर्न जीविसलाई सहयोग गर्ने
- वातावरणीय सवालहरुमा चेतना जगाउने तथा वातावरणीय योजनाहरु बनाउने
- गोष्ठी, तालिम तथा बैठकहरु आयोजना गर्ने
- EMP कार्यान्वयनको निरिक्षण तथा अनुगमन गर्ने
- जीविस र PMU मा प्रतिवेदन पेश गर्ने ।

४.९ PSC ले वातावरणीय स्क्रिनिङको छोटकरी टिप्पणी प्रतिबेदन र सिफारिशहरु स्विकृतिका लागि CPCU मा पठाउनेछ । CPCU को सिफारिशमा स्थानीय पुर्वाधार विकास तथा कृषि सडक विभागले छनौट प्रतिबेदनमाथि पूनर्विचार गरी स्विकृत गर्नेछ ।

**प्रारम्भिक वातावरणीय परीक्षण**

४.१० स्क्रीनिङ गर्ने समूहले प्रारम्भिक वातावरणीय परीक्षण ( IEE) चाहिन्छ भन्ने ठानेमा जिल्ला विकास समितिले IEE गर्नेछ । स्क्रीनिङ गरी सके र बिस्तृत इन्जिनियरिङ् नक्शाङ्कन सर्वेक्षण शुरु हुनु अघि IEE तयार गर्नेछ । EPR ले दिएको खाका अनुसार IEE गरिनेछ र सम्बन्धित मन्त्रालयबाट स्विकृत गराइनेछ । प्रारम्भिक सर्वेक्षण (Base Line Survey) को समयमा एकपटक र IEE प्रतिबेदनको पाण्डुलिपि तयार भइ स्विकृत हुनुअघि अर्को पटक (जम्मा दुइ पटक) स्थानीय तहमा छलफल गरिनेछ । छलफलबाट आएका सुझावहरुलाई IEE को अन्तिम प्रतिवेदनमा समाबेश गरिनेछ ।

**स्थान विशेष वातावरणीय व्यवस्थापन योजना** ( EMP)

४.११ निर्माण कार्यको शुरुवात स्थान विशेष EMP स्विकृत नभइ शुरु हुनेछैन । EMP मा तलका अंग समाबेश हुन्छन्:

**४.१२ मुद्दाहरु** : EMP ले परियोजनाका प्रभावहरु र न्युनिकरणका उपायहरुको विस्तृत तस्विर प्रस्तुत गर्दछ । EMP मा वातावरणीय मुद्दाहरु, र सहायक परियोजनामा EMP तयार गर्नुको महत्व आदि समाबेश हुन्छ । कुनै पनि बिषयको महत्व सहयोगी सूचना र त्यसको व्याख्यामा भर पर्दछ । EMP अन्तर्गत आउन सक्ने मुद्दाहरु हरेक सहायक परियोजनामा भिन्दा भिन्दै हुन सक्छन् । यस्ता मुद्दाहरु निन्नानुसार हुन्छन् : भूक्षय नियन्त्रण, भीर संरक्षणको उपाय, खाल्डोहरुको (Borrow Pit) व्यवस्थापन, कम्पन नियन्त्रण, धुलो र ध्वनी नियन्त्रण, खानेपानीका श्रोतहरुको संरक्षण, रुख कटान, सडक किनाराका वोटविरुवाको संरक्षण र वन्यजन्तुलाई पुग्ने नोक्सानी रोक्ने काम, ढुंगा खानी व्यवस्थापन, माटो व्यवस्थापन, ढल व्यवस्थापन (पानी जम्नाले पानीको वहाव रोकिने र फोहोर थुप्रिइ ढल थुनिने आदि), सांस्कृतिक तथा ऐतिहासिक स्मारकहरुको संरक्षण, सामाजिक सेवाको पुनर्स्थापना/मर्मत (खानीपानीको पाइप, सिँचाइको नहर, टेलिफोन, विजुलीको लाइनको व्यवस्थापन) आदि ।

४.१३ **विकल्पहरु** : EMP ले प्रभावहरुबाट बच्न वैकल्पिक उपायहरु पनि सिफारिश गर्न सक्छ । जस्तै : सडक मार्ग परिवर्तन गर्नु पर्ने भएमा जिल्ला विकास समितिको स्विकृति र समुदायको छलफल आवश्यक पर्छ ।

४.१४ **न्युनिकरण** : EMP ले हरेक प्रभावको लागि स्थान सुहाउँदो, कम खर्चिलो र विस्तृत उपायहरु पहिचान गर्दछ । यी उपायहरुले पहिचान गरिएका नकारात्मक प्रभावलाई स्विकार गर्न सकिनेसम्म को तहमा घटाउँछ । यदि न्युनिकरणका उपायहरु संभव, कम खर्चिलो वा प्रयाप्त छैनन् भने यो योजनाले क्षतिपूर्तिका उपायहरु (जस्तै रुख रोप्ने, मर्मत, स्थानान्तरण, पुनर्स्थापना आदि) समाबेश गर्नु पर्दछ ।

४.१५ **क्षमता अभिवृद्धि तथा तालिम** : वातावरणीय सुझाव कार्यान्वयन निश्चित गर्नको लागि आवश्यक परेमा EMP ले परियोजनाका कर्मचारी, ठेक्केदारहरु, र समुदायका मानिसहरुका लागि विशेष, लक्षित तालिम गराउनका लागि सिफारिश गर्न सक्दछ ।

४.१६ **कार्यान्वयन समय तालिका र अनुमानित खर्च** : सबै न्युनीकरण कार्य र क्षमता विकासका लागि EMP ले निम्न कुराहरु उपलब्ध गराउँछ : (क) परियोजना अन्तर्गत पूरा गरिनुपर्ने उपायहरुको कार्यान्वयनको समय तालिका, र (ख) EMP को कार्यान्वयनको लागि लाग्ने खर्चको अनुमानित हिसाब ।

४.१७ **एकिकरण (वा समावेश)** : EMP लाई परियोजनाको योजना र नक्सांकन, बजेट, specifications, अनुमानित खर्च, ठेक्काको कागजपत्र, ठेक्का/सम्झौताका शर्तहरु आदिमा समाबेश गरिने छ । यसका लागि जिविस/जि. प्र. का. जिम्मेवार हुन्छ, तर क्षेत्रगत वातावरणविद्लाई यसका लागि परिचालन गरिनेछ र कार्यान्वयनका लागि सहयोग

गरिनेछ । PSC/PCU ले स्थान विशेषको EMP ले सिफारिश गरे अनुसार योजना तथा नक्सांकन, अनुमानित खर्च, specifications, BoQ, र ठेक्काका शर्तहरुमा उचित किसिमले समाबेश गरिएका छन् भनी प्रमाणित गरे मात्र ठेक्काको लागि प्रकृया अगाडी बढाइन्छ ।

४.१८ **समय** :स्थान विशेषको EMP विस्तृत इन्जिनियरिङ् नक्सांकन योजनाको शुरुकै अवस्थामा तयार गरिन्छ र CPCU ले स्वीकृत गर्नेछ । । यसो गर्नाले EMP का लागि गरिने कृयाकलापहरुलाई विस्तृत नक्सांकनमा समाबेश गर्न सकिन्छ । EMP का सुझावहरु ठेक्काको कागजातमा संलग्न भएको CPCU ले प्रमाणित गर्दछ । EMP मा जटिलताहरु भएमा CPCU ले सो का लागि डोलिडारसँग सम्पर्क गर्नेछ ।

**सामाजिक व्यवस्थापनका योजनाहरु**

४.१९ जिविससँग समन्वय गरी NGO/ESSC द्वारा सम्भावित social screening गरिनेछ जसले सम्भाबित सामाजिक प्रभावहरु पहिचान गर्न र त्यस्ता प्रभाव न्युनिकरणको योजनाहरु बनाउन मद्दत गर्नेछन् । प्रभावहरु कम गर्न थुप्रै सम्भावित विकल्पहरु खोजिनेछ । social screening प्रतिबेदनमा स्थानीय बासिन्दाको सडक माग पत्र, स्वेश्छिक जमिन दानको मन्जुरीनामा आदि समाबेश हुने छन् । स्कृनिङको प्रतिबेदनले प्रस्तावित सडक विस्तार कार्य ( चौडा पार्ने काम) का लागि स्थानीय गाउँलेहरुको प्रारम्भिक अनुरोधहरु, साथै श्वेच्छिक जमीन दानका लागि उनीहरुले गरेको सङ्कल्प आदि लाई पनि समाबेश गर्नेछ । ESSC ले social screening प्रतिबेदन स्विकृतिका लागि PMU मा सिफारिश गर्नेछ । PMU ले आवश्यकता अनुसार DOLIDAR मा सम्पर्क गरी स्विकृतिका लागि आवश्यक प्रकृया पूरा गर्नेछ ।

४.२० Social screening ले समस्या पहिचान गरिसके राहत वितरण नीति खाका अनुसार सामाजिक प्रभाव न्युनिकरण योजनाहरु तयार गरिनेछ । गम्भिर रुपमा प्रभावित परिवारहरुका हकमा भने उनीहरुको विस्तृत सामाजिक आर्थिक विवरण सङ्कलन गरिनेछ । सो विवरण विश्लेषण गरि आवस्यक तथ्याङ्कहरु न्यूनिकरण योजनामा समाबेश गरिनेछन् । यी विवरणहरु गम्भिररुपमा प्रभावित परिवारहरुलाई दिइने सहयोगको प्रभाव मूल्याङ्कनका बेलामा लेखाजोखा गर्ने आधार हुनेछन् । Social Management Plan मा स्वेच्छिक दान प्रभाव न्युनिकरण योजना (VDIMP), लैंगिक विकास योजना र जोखिम समूदाय विकास योजना (VCDP) समाबेश हुनेछन् ।

## जोखिमपूर्ण समुदाय विकास कार्यक्रम (VCDP)

४.२१ परियोजनाको शून्य प्रभाव क्षेत्र भित्रका महिला घरधूरी, दलित, गरिब, अति पिछडिएको वर्ग र अति प्रभावित व्यक्तिहरुको जीविकोपार्जन उत्थानका लागि जोखिमपूर्ण समुदाय विकास कार्यक्रम परियोजनाको एउटा महत्वपूर्ण अंग हो । यस कार्यक्रमले तालिमको माध्यमबाट त्यस्ता समुदायको गरिबी निवारणमा प्रत्यक्ष योगदान गर्दछ । परियोजनाले आदिबासी, जनजाति र जोखिमपूर्ण समूदायसँग निशूल्क पूर्व सम्पर्क तथा परामर्श गर्नेछ । जोखिमपूर्ण समुदाय विकास कार्यक्रमले विविध किसिमका तालिमहरु सञ्चालन गर्नेछ जुन तल उल्लेखित मात्र सीमित हुनेछैन :

- सीप विकास तालीम जस्तै ड्राइभिङ्ग, आरनको काम, मिस्त्री, कपाल काट्ने, पाइप जडान, सिकर्मी, डकर्मी, हस्तकलाका सामान बनाउने, लुगा सिउने, आदि ।
- आयआर्जन तालीम जस्तै लघुउद्योग, तरकारी खेती, कुखुरापालन, बंगुरपालन, आदि
- सुरक्षित मातृत्व, महिला सशक्तिकरण, नेतृत्व विकास, स्वास्थ्य तथा सरसफाई

- नर्सरी स्थापना, फलफुल खेती, डालेघाँस खेती, आदि र
- अन्य उपयुक्त सीपविकास र स्थानीय चाहना अनसार व्यवसायिक तालीमहरु ।

४.२२ जिल्ला विकास समीतिले सामाजिक परिचालक तथा वातावरण तथा सामाजिक सुरक्षा परामर्शदाताको सहयोगमा सामाजिक स्क्रीनिङ्ग गर्नासाथ VCDP बनाई सामाजिक व्यवस्थापन योजनामा संलग्न गर्नेछ । यो योजनाले जोखिमपुर्ण व्यक्तिहरुको संख्या , उनीहरुको व्यवसाय, आवश्यकताका प्राथमिकताहरु, प्रस्तावित तालीम, चाहिने स्रोत साधन र कार्यान्वयनको समय र मिति प्रस्तुत गर्नेछ । सामाजिक व्यवस्थापन योजना स्वीकृत भए सामाजिक परिचालक तथा वातावरण तथा सामाजिक सुरक्षा परामर्शदाताले आवश्यक कार्य अगाडी बढाउनेछ । सम्बन्धित जिल्ला विकास समीतिले NGO तथा परामर्शदाताद्धारा LRUC/VRCC सँग समन्वय गरी तालीम आयोजना गर्नेछ । जिल्ला विकास समीतिले तालीम र यसको प्रगति नियमित रुपमा परियोजनालाई रिपोर्टिङ्ग गर्नेछ ।

**लैङ्गिक कार्ययोजना**

४.२३ महिलाहरुलाई जोखिमपूर्ण समूह भनेर पहिचान गर्दैमा र VCDP मा लाभान्वित समूह भनेर समावेश गर्दैमा समाजमा गहिरिएर रहेको सामाजिक, आर्थिक र सांस्कृतिक समस्या समाधान हुदैन । जुनसुकै जातजातिका भएपनि पुरुषहरुबाट दमित हुने हुनाले महिलाहरुको जीविकोपार्जन उकास्नका लागि विशेष व्यवस्था हुन जरुरी छ । Social Screening र सम्पर्क तथा छलफलबाट सहायक परियोजना क्षेत्रका महिला र पुरुषका सरोकारहरु र समस्याहरु संकलन गर्नुपर्दछ जसले पूर्ण रुपमा लैङ्गिक कार्ययोजना (Gender Action Plan) बनाउन मद्दत गर्दछ । यहाँ उपलब्ध सुचना र RAIDP को अनुभवका आधारमा Gender Action Plan तयारीको व्यवस्था गरिएको छ ।

**४.२४ लैङ्गिक विकासका लागि सरकारी नीति**

- नेपाल सरकारले राष्ट्रिय नीति तथा योजनाहरुमा महिलाहरुलाई विशेष महत्वका साथ अगाडी बढाउने कार्यक्रमहरु समाबेश छन् । महिला संलग्नताको सम्भाव्यता महसुस गरेर सरकारले आर्थिक तथा राजनैतिक क्षेत्रमा महिला सहभागिता बढाउने नीति लिएको छ । यसका अतिरिक्त राष्ट्रिय महिला आयोगको स्थापना गरि हरेक क्षेत्रमा महिलाका सरोकार जस्तै : घरेलु हिंसा, सम्पत्तिको अधिकार, मूख्य पदमा महिला प्रतिनिधित्व आदिका बारेमा चासो राख्ने गरेको छ ।

- नेपाल सरकारले १९९० देखि नै महिला हकहित, लैङ्गिक समानता र सशक्तिकरण सम्बन्धि महत्वपूर्ण प्रतिबद्धताहरु जनाउदै आएको छ । त्यसै गरि विकासमा महिला र पुरुषको समान सहभागिता होस् भन्ने हेतूले यस दशकबाट विकासमा महिलाहरुको सहभागिता सुनिश्चित गर्न Gender Approach to Development लागू गरेको छ । दशौं पञ्चवर्षिय योजनाको गरिबी निवारण रणनीति पत्रमा गरिबी निवारणका लागि लैङ्गिक समावेशीकरण मूख्य रणनीतिका रुपमा प्रस्तुत गरेको छ । सामाजिक समावेशीकरण र लक्षित कार्यक्रमहरु दशौं योजनाका ४ खम्बा मध्ये एउटा मूख्य खम्बा हो । यो योजनाले लक्षित कार्यक्रममा भन्दा पनि लैङ्गिक र जातिय विषयलाई समाधान गर्न चारैवटा खम्बालाई प्राथमिकतामा राखि महिला सशक्तिकरण र समानतालाई बढी जोड दिएको छ । त्यसै गरी त्रिवर्षिय अन्तरिम योजना ( २००८-

२०१०) ले पनि द्वन्द्व पश्चातको पुन निर्माण, पुनर्स्थापना र पुनर्मिलन र गरीबी निवारणको लक्ष्यमा महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिएको छ ।

- त्यसैगरी थुप्रै मानव अधिकार सम्बन्धि अन्तरराष्ट्रिय अभिसन्धि र घोषणापत्रमा नेपाल सरकारले हस्ताक्षर गरेको छ । जसले गर्दा हस्ताक्षरकर्ता राष्ट्रहरुले आफ्नो देशमा सबैखाले लैङ्गिक विभेद, शिक्षा, स्वास्थ्य तथा अन्य क्षेत्रको पहुँचमा हुने असमानता अन्त गर्नुपर्दछ । महिला विरुद्धका सबैखाले विभेद अन्त गर्ने अभिसन्धिमा नेपालले १९९१ मा हस्ताक्षर गरी शिक्षा, स्वास्थ्य, नागरिकता, सम्पत्ति र रोजगारीमा महिलाको समान सहभागिता गराउन कानुनी तथा संबैधानिक व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ ।

## ४.२५ लैङ्गिक समावेशी नक्सांकन र GAP को तयारी

लैङ्गिक समावेशी नक्सांकन प्रकृयाले महिलामुखी विकासका कार्यक्रमहरुमा जोड दिन्छ जसले गर्दा उनीहरुसँग रहेका सम्भावनाहरु व्यवहारमा लागू गर्न सकिन्छ । त्यसका लागि उनीहरुका आवश्यकता, इच्छा र क्षमता पहिचान गरी सहयोग गर्न परियोजनाले निम्न कार्यहरु गर्दछ :

- महिला सहभागिता र परियोजनाले पुऱ्याउने लाभमा उनीहरुको पहुँच बढाउनु । जस्तै शिक्षा, सीप विकास तालिम, लाभान्वित समूहमा आबद्ध गर्नु,
- स्थानीय विकासका कृयाकलाप र विविध अवसरहरुमा महिला प्रतिनिधि निश्चित गर्नु र रोजगारीका अवसरहरुमा समावेश गर्नु,
- स्थानीय सामाजिक परिचालक, तालिम दिने र सहयोग गर्ने व्यक्तिहरु नियुक्ति गर्दा होस् वा केन्द्रिय स्तरमा कुनैपनिपदमा नियुक्ति गर्दा होस् महिलाहरुको अवसर निश्चित गर्नु,
- परियोजनाका विभिन्न कृयाकलापमा महिला सहभागिताको लागि विशेष व्यवस्था गर्नु,
- विद्यालय, बजार लगायतका भौतिक पूर्वाधारहरु निर्माणगर्दा लैङ्गिक रुपमा सम्वेदनशील हुनु पर्नेछ,
- महिलाहरुलाई मध्यनजर गरि भौतिक सम्पत्ति जस्तै घर, जमिनको स्वामित्व संयुक्त रुपमा राख्ने व्यवस्था गर्नु,
- GAP मा हुने खर्च सामाजिक व्यवस्थापन योजनामा हुनेछ ।

तालिका ४.३ : लैङ्गिक कार्ययोजना (GAP) तयारी तथा अनुगमनका लागि सामान्य रुपरेखा

| कृयाकलापहरु | सुचकांक र लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|
| समूह निर्माण/ परियोजना प्रभावित परिवार र अन्य गठित समूह सुदृढिकरण | समूह संख्या | ESSC and SMO |
| परियोजनाको निर्माण कार्य तथा अन्य स्रोतमा महिलाहरुलाई आर्थिक कृयाकलापमा संलग्न गर्नु | रोजगार महिलाहरुको संख्या | परियोजना प्रमुख, ठेकेदार, ESSC and SMO |
| व्यवसायिक सीप र कृषि तथा गैरकृषि क्षेत्रको आर्थिक उत्पादनमा | तालिम प्राप्त महिलाको संख्या र विविध आर्थिक उत्पादनको कार्यमा | परियोजना, ESSC and SMO |

| | | |
|---|---|---|
| महिलाको संलग्नता | संलग्नको संख्या | |
| आर्थिक उपयोगी र संस्कृति सुहाउँदो प्रविधि र सहयोग वितरण | प्रविधि तथा सुविधा वितरण परिणाम | परियोजना, ESSC and SMO |
| परियोजनाबाट बिउ रकम वितरण र समूहद्धारा सो रकमको उपयोग | बचतमा अभिवृद्धि र उद्देश्य अनुसार प्रयोग | परियोजना, ESSC and SMO |
| स्वास्थ्य सम्बन्धि तालिम संचालन ( एच.आइ.भी, एड्स, बालपोषण आदि) | संचालित कार्यक्रमको संख्या र लक्षित समूह | परियोजना, स्थानीय स्वास्थ्य कार्यकर्ता, NGO, ESSC, SMO |
| घरेलु हिंसा अन्तका लागि चेतना अभिवृद्धि | सामुदायिक प्रहरीमा दर्ज भएका घटनाको संख्या | परियोजना, NGO, ESSC, SMO |

**कार्यान्वयनको व्यवस्थापन**

४.२६ **राहत वितरण समिति** : सम्बन्धित जिविस मार्फत तलका प्रबन्धहरु मिलाइ सामाजिक प्रभाव न्युनिकरण योजना कार्यान्वयन गरिनेछ। राहत वितरण समिति सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारी (LDO) को अध्यक्षतामा गठन गरिनेछ। समिति निम्न बमोजिमको हुनेछ :

- स्थानीय विकास अधिकारी (LDO) : अध्यक्ष
- जिल्ला प्राविधिक कार्यालय प्रमुख : सदस्य
- सम्बन्धित LRUC/VRCC का अध्यक्ष : सदस्य
- महिला LRUC प्रतिनिधि : सदस्य
- SMO/ESSC and PSE : सहयोगी

४.२७ राहत वितरण समितिको कार्यालय जिविसको कार्यालयको भवनमा रहनेछ । यो समितिले तलका जिम्मेवारीहरु पुरा गर्नु पर्नेछ :

क) जमीन दाताहरुको नामावलीको लिने, र जिविस कार्यालय र सम्बन्धित गाविसमा त्यो सूची प्रकाशित गर्ने ।

ख) कम्तिमा पनि १५ दिन अघिदेखि स्थानीय पत्रिका र एफएम रेडियोबाट सहयोग वितरणको सूचना प्रकाशित गर्ने ।

ग) प्रभावित मानिसहरुलाई SMO/ESSC मार्फत प्रस्तावित कार्यक्रमका बारेमा LRUC/VRCC का माध्यमबाट सूचित गर्ने ।

घ) राहत बितरणको मिति र समय तय गर्ने, र सम्बन्धित मानिसहरुलाई कम्तिमा एक हप्ता अगाडी खबर गर्ने ।

ङ) राहत रकम सार्वजनिक ठाउँमा (गाविस कार्यालय उपयुक्त हुन्छ) वितरण गर्ने । रु. ५,००० भन्दा माथिको सबै रकम चेकबाट दिइने छ । पैसा लिने मानिसको आफ्नो बैंक खाता छैन भने NGO ले त्यस्ता मानिसहरुलाई बैंक खाता खोल्न सहयोग गर्नेछन् । नगद नै वितरण गर्नुपर्ने अवस्थामा भने साक्षीहरुको उपस्थितिमा सार्वजनिक ठाउँमा मात्र दिनु पर्नेछ ।

च) राहत बितरणको हिसाब किताब व्यवस्थितरुपमा राख्नु पर्नेछ ।

छ) राहत प्राप्त गर्नेहरुको उचित रेकर्ड राख्ने (उनीहरुको सही गराउने), त्यसैगरी प्रभावको प्रकार, राहत रकमको राशी र राहत रकमको प्रयोगको उद्देश्य र जमीन हस्तान्तरणको समय, आदि समेतको रेकर्ड राख्नु पर्नेछ ।

४.२८ राहत प्राप्त गर्ने मानिसहरुले सो रकम हानी नोक्सानीको मर्मत सम्भारका लागि प्रयोग गर्नेछन् भन्ने विश्वास गरिएको छ । LRUC/VRCC र स्थानीय NGO र व्यक्तिगत परामर्शदाता मार्फत जिविसले राहत रकमको प्रयोगको निरीक्षण गरी CPCU मा प्रगति विवरण पठाउने छ ।

४.२९ **उजूरी सून्ने र त्यसलाई सम्बोधन गर्ने संयन्त्र** : विवादमा संलग्न पक्षहरुको समझदारीमा तेश्रो पक्ष समाबेश गरी अनौपचारिक रुपमा विवाद समाधान गर्ने अभ्यास नेपालका प्राय सबै समुदायमा प्रचलित छ । स्थानीय परम्परा र संस्कृतिको अनुशरण गर्दै, असन्तुष्ट पक्षहरु आफ्ना गुनासाहरु लिएर सर्वप्रथम VRCC र LRUC मा जानेछन् । VRCC/LRUC का सदस्यहरु स्थानीय संस्कृतिको बारेमा परिचित हुन्छन् तसर्थ उनीहरुले प्राप्त गरेका गुनासाहरु सोही अनुसार समाधान गर्दछन् । LRUC/VRCC सानातिना समस्याहरु स्थानीय रुपमा हल गर्न सक्छन् । कानुनले नै स्थानीय समूहहरुलाई समाजका सानातिना मूद्दा (Civil Case) समाधान गर्ने अधिकार दिएको छ । यदि मुद्दा मिलाउन सकेनन् भने उनीहरुले यस्ता मुद्दाहरुलाई गुनासो सूनुवाइ समितिमा पठाउँनेछन् ।

४.३० खासगरी गुनासाहरु जमीन अधिग्रहण, संरचनाको हानी, जीविकोपार्जनका साधनमा असर तथा सानातिना सम्पत्तिको हानी नोक्सानी र सहयोग वितरणका कारणले उत्पन्न हुन सक्दछन् । यस्ता गुनासाहरु गुनासो सुन्न बनाइएको समितिमा सिधै जान्छन् । यो समितिले गुनासो प्राप्त गरे SMO/ESSC र VRCC/LRUC बाट जाँच गरी आफ्नो निर्णय दिनेछ ।

४.३१ उजूरी सुन्ने र निर्णय दिने समितिमा हरेक जिल्लामा निम्न सदस्यहरु रहनेछन् :

- जिल्ला सडक समन्वय समितिबाट मनोनित : अध्यक्ष
- जिविसको योजना, निरीक्षण र प्रशासनिक अधिकारी : सदस्य
- प्राविधिक कार्यालयले मनोनित गरेको इन्जिनियर : सदस्य
- SMO/ESSC (आमन्त्रित सदस्य) : सहयोगी
- सम्बन्धित सहायक परियोजनाको सामाजिक परिचालन उत्प्रेरक अधिकृत : आमन्त्रित सदस्य एवं सहज कर्ता
- परियोजना प्रभावित व्यक्तिहरुको एकजना प्रतिनिधि आमन्त्रित सदस्यको रुपमा रहन्छ ।

४.३२ उजूरी सुन्न बनाइएको समितिको कार्यालय जिविस भवनमा रहनेछ । उजूरी सुन्न बनाइएको समितिको निर्णय परियोजनाको हकमा अन्तिम हुनेछ तर यसले व्यक्तिलाई अन्य कानुनी विकल्पहरु खोज्नबाट रोक्ने छैन । उजुरी सुन्न बनाइएको समितिले निम्न बमोजिमको जिम्मेवारीहरु पूरा गर्नु पर्नेछ :

- लिखित उजूरी लिने र त्यसलाइ दर्ता गरी उचित रुपमा अभिलेखिकरण गर्ने,
- उजूरीलाई गोप्य राख्ने र सो मुद्दाका बारेमा SMO/ESSC र सम्बन्धित VRCC/LRUC का सदस्यहरुबाट कुनै किसिमको गल्ति भएको छ कि भनी जाँच गर्ने,
- उजूरीको प्रकृति हेरी समितिले सबै सूचनाहरु ठीक छ वा छैन भनी जाँच गर्ने र उजूरीवालाको साथै आवस्यकता अनुसार अन्य साक्षीहरुको विचार सुन्ने र आफ्नो निर्णय दिने ।

४.३३ परियोजनाले नेपाल सरकारको क्षतिपूर्ति निर्धारण गर्ने समिति भन्दा फरक राहत बितरण समिति र उजूरी सून्ने समिति प्रस्ताव गरेको छ । स्थानीय विकास विभाग अन्तर्गतका अन्य परियोजनाहरुको अनुभवको आधारमा क्षतिपूर्ति निर्धारण समितिको कार्य लामो र झन्झटिलो हुन्छ भन्ने मान्यताका आधारमा SNRTP ले विचको बाटो अपनाएको छ ।

**सार्वजनिकीकरण**

४.३४ ESMF तथा जोखिम न्युनिकरणका सबै योजनाहरु स्थानीय विकास मन्त्रालय, विभाग, SNRTP र सम्बन्धित जिविसको वेव साइटहरु तथा र विश्वबैंकको सुचना साइटमा समेत राखिने छन् । प्रतिबेदनका सारांसहरु संभव भएसम्म परियोजना संचालन भएका जिल्लाका स्थानीय भाषाहरुमा समेत उपलब्ध गराइनेछन् । परियोजनाबाट प्रभावित भएका मानिसहरु/परिवार को नामावली प्रकाशन सहयोग वितरण प्रकृयाकोएउटा महत्वपूर्ण चरण हो । परियोजना समन्वय इकाइले केन्द्रमा, जिविसले जिल्लामा र गाविसले स्थानीय तहमा परियोजना प्रभावित व्यक्तिहरु/परिवारहरुको नामावली प्रकाशित गर्नेछ । साथै, जिविसले स्थानीय पत्रिका र आमसंचार खास गरी एफएम रेडियोबाट सहयोग पाउनेहरुको नामावली प्रकाशन वा सार्वजनिक गर्नेछ ।

**गैर सरकारी संस्था र सामाजिक विकास परामर्शदाताको भूमिका**

४.३५ परियोजनाले स्थानीय तहका गतिबिधिहरु कार्यान्वयनमा जिविसलाई सहयोग गर्न स्थानीय NGO र व्यक्तिगत परामर्शदाता नियुक्त गरेको छ । NGO लिइएका जिल्लाहरुमा सामाजिक परिचालन अधिकारीहरु हुनेछन् । सामाजिक परिचालन अधिकारीहरु नभएका जिल्लामा परियोजनाले सिधै व्यक्तिगत परामर्शदाता नियुक्त गर्नेछ । यी व्यावसायिक व्यक्तिहरुसँग social screening प्रकृया र अन्य सम्बन्धित गतिबिधिहका बारेमा आवश्यक अनुभव र ज्ञान हुन्छ । उनीहरुको योग्यता र आवश्यक अनुभवहरु Terms of Reference को अभिलेखमा परिभाषित गरिएको हुन्छ । सामाजिक परिचालन अधिकारी र सामाजिक विकास परामर्शदाताका प्रमुख भूमीकाहरु निम्न छन् :

क) स्थानीय समूदायहरुको परिचालन : सडक सहायक परियोजना गतिविधिहरु, स्वेच्छिक जमीन दान, LRUC/VRCC को गठन, उनीहरुको बैठक र बैठकको निर्णय आदिको रेकर्ड राख्ने, सामूदायिक लेखा परीक्षण र सार्वजनिक सुनुवाइ गर्ने र यस्तै अन्य कुराहरुको बारेमा चेतना जगाउने,

ख) जमीनदानबाट गम्भीर रुपमा प्रभावित भएका व्यक्तिहरुको आधारभूत सामाजिक तथ्याङ्क संकलन गर्ने ।

ग) स्वेच्छिक दानले ल्याउने प्रभावलाई कम गर्ने योजना र जोखिममा रहेका समूदायको विकास योजना तयारी गर्ने, र सो योजना कार्यान्वयनका लागि LRUC/VRCC/DRCC र जिविस लाई सहयोग गर्ने,

घ) समुदायमा आधारीत निरीक्षण र सामाजिक तथा वातावरणीय चासोका विषयहरुका बारेमा कार्यशाला गोष्ठीहरु, तालिम र बैठकहरु, आदि सन्चालन गर्ने ।

ङ) आवस्यकता अनुसार जिविस लाई VDIMP र VCDP कार्यान्वयन गर्न सहयोग गर्ने,

च) सामूदायिक लेखापरीक्षण सम्बन्धि अभ्यास र सहायक परियोजनासँग सम्वन्धित अन्य सामाजिक गतिविधिहरुका सम्बन्धमा जिविस/DTO, PCU CPCU लाइ जानकारी गराउने ।

VCDP संचालनको लागि एक गैरसरकारी संस्थालाई प्रतिस्पर्धाबाट छानिनेछ । सो संस्थाको कार्य निम्नानुसार हुनेछ:

- परियोजनाले तयार पारेको VCDP पुनरावलोकन गर्ने र आवश्यक परे आवधिक गर्ने,

- जोखिमपूर्ण समुदाय र आदिबासी जनजातिसँग निशुल्क पूर्व सुचना जारी गर्ने, भेटघाट र छलफल गर्ने,
- योजनामा उल्लेख गरिए अनुसार VCDP कार्यान्वयन गर्ने,
- सहभागिहरुलाई उत्प्ररित गरी तालिममा सहभागी गराई, ज्ञान तथा सीप प्रदान गर्ने र सो सीप र ज्ञानलाई व्यवहारमा लागू गर्ने अवस्थाको निश्चित गर्ने,
- जिविस, प्राविधिक कार्यालय, सामाजिक परामर्शदाताका बीचमा सम्बन्ध स्थापना गर्ने र जोखिमपूर्ण समूहको जीविकोपार्जन उकास्न मद्दत गर्ने,
- गैरसरकारी संस्था लिने TOR अनुसूची २१ मा संलग्न छ ।

**सम्पर्क- छलफल तथा सार्वजनिकरण रणनीतिको रुपरेखा**

४.३६ नेपाल वातावरण संरक्षण नियमावली, २०५४ र विश्वबैंकको कार्यनीति ४.१२ को बलजफ्ति पूनर्वास र ४.१० को आदिबासी जनजाति सम्बन्धि व्यवस्थाअनुसार परियोजना लाभान्वित जनसंख्या र स्थानीय गैरसरकारी संस्थाहरुलाई सम्पर्क तथा छलफल गरी उनीहरुको सहभागिता सुनिश्चित गर्नुपर्दछ । यस्ता समुदायलाई प्रत्यक्ष असर पर्ने भएमा सम्पर्क तथा छलफल गर्न अति नै आवश्यक हुन्छ । प्रभावित जनसंख्यासँग अग्रिम सम्पर्क तथा छलफल नगरी स्थानीय सामाजिक एवं प्राकृतिक वातावरणमा परिवर्तन ल्याउन/गर्न पाइनेछैन । प्रभावित जनसंख्याको प्रतिनिधि र स्थानीय गैरसरकारी संस्थाहरु मार्फत् सम्पर्क र छलफल अगाडी बढाउनुपर्दछ ।

विश्वबैंकको नीतिअनुसार संचारका साधन र गैरसरकारी संस्थाहरु मार्फत स्थानीय कानुन सम्मत ढंगले परियोजना कार्यान्वयनको समयमा स्थानीय जनतासँग सम्पर्क र छलफल गरिनेछ । यस समयमा परियोजनासँग सम्बन्धित सुचनाहरु जस्तै : सहायक परियोजनाको क्षेत्र, प्रभावको मात्रा (नकारात्मक तथा सकारात्मक), सामाजिक तथा वातावरणीय फाइदाहरु, दिगोपना, अनुगमन व्यवस्था र परियोजनाको उपलब्धी आदि कुराहरु सार्वजनिक गरि छलफल चलाइनेछ ।

तालिका नं. ५.५ मा सम्पर्क तथा छलफल गर्नुपर्ने सम्भावित सरोकारवालाहरु, छलफल तथा सम्पर्कको तरिका र विभिन्न चरणमा सूचनाको सार्वजनिकरण गर्ने तरिका आदि प्रस्तुत गरिएको छ । क्षेत्रिय स्तरमा परियोजना समन्वय इकाई र जिल्ला विकास समितिका कार्यालयहरु स्थानीय स्तरमा सम्पर्क तथा छलफलका लागि जवाफदेही हुनेछन् ।

**तालिका नं. ५.५: जनसम्पर्क तथा छलफलका लागि सम्बन्धित सरोकारवालाहरु**

| जनसम्पर्कको चरण | रणनीतिक कार्य | जनसम्पर्कका तरिकाहरु | कसलाई सम्पर्क गर्ने |
|---|---|---|---|
| १) स्क्रीनिङ्ग | आवश्यकता अनुसार क्षेत्र भ्रमण र टेबुलको काम गर्ने | सार्वजनिक बैठक, अन्तरक्रिया, समूह छलफल र स्थानीय क्षेत्र अवलोकन भ्रमण<br>परियोजनाका बारेको सूचना स्थानीय /नेपाली भाषामा प्रवाह गर्ने | स्थानीय समुदाय |
| २)सहायक परियोजना निर्माण | इच्छुक व्यक्ति तथा समुहहरुको पहिचान गर्ने ,जनसम्पर्क पद्धतिको | गाउँ स्तरिय सामुहिक छलफल चलाउने साथै स्थानीय/ नेपाली भाषामा पर्चा वितरण | जग्गा दाता, VRCC तथा LRUC सदस्यहरु, स्थानीय गैरसरकारी संस्थाहरु |

| | | | |
|---|---|---|---|
| | चयन गरि कार्यतालिका बनाउने र नक्सांकन क्षेत्र परिवर्तन सम्बन्धि पुनरविचार गर्ने | | |
| ३) प्रभाव मूल्यांकन (Impact Assessment) | पहिचान, मूल्यांकन र व्यवस्थापन प्रकृया निश्चित गर्ने, वैकल्पिक क्षेत्र पहिचान गर्ने र समाधानका उपायहरु तय गर्ने | क्षेत्र बैठकहरु, समूह छलफल, एक-एक सँग स्थानीय भाषामा छलफल गर्ने | जग्गा दाता, VRCC र LRUC सदस्यहरु, स्थानीय गैरसरकारी संस्थाहरु |
| ४)कार्यान्वयन तथा अनुगमन | परियोजनाका हरेक कृयाकलापहरुमा जनसम्पर्क र सामूहिक सहभागिता खोज्ने | अन्तरक्रिया, क्षेत्र बैठक र समूह छलफल | जग्गा दाताहरु, VRCC र LRUC सदस्यहरु, स्थानीय गैरसरकारी संस्थाहरु, सामाजिक उत्तरदायी समूहका सदस्यहरु |

**संस्थागत सुढृढिकरण र क्षमता अभिवृद्धि**

४.३७ स्थानीय विकास विभागको परियोजनासँग सम्बन्धित वातावरणीय र सामाजिक समस्याहरु समाधान गर्ने क्षमता सीमित छ । दातृनिकायबाट लगानी भएका परियोजनाहरुमा सामाजिक तथा वातावरणीय समस्या समाधानका लागि स्रोत छुट्याइएको छ । आवश्यक मानव संशाधन आपूर्ती गरी परियोजनाको आवश्यकता पूरा गर्न सकिन्छ । दातृनिकायले सामाजिक र वातावरणीय समस्या परियोजनाको तहमा मात्र हेर्दछन् । स्थानीय विकास विभागका प्राविधिक कर्मचारीहरु(Engineers)पनि परियोजनाले गर्दा वातावरणीय र सामाजिक समस्या समाधान र व्यवस्थापनमा परिचित हुन थालेका छन् । डोलिडारमा सामाजिक तथा वातावरणीय व्यवस्थापनको स्थायी संस्थागत व्यवस्था र दृष्टिकोणको कमी देखिन्छ । हाललाई डोलिडारको निरिक्षण तथा अनुगमन विभागलाई परिआएको खण्डमा सामाजिक तथा वातावरणीय क्षेत्र हेर्न भनिएको छ । जिविसको त स्थानीय विकास विभागको जति पनि क्षमता देखिदैन । तसर्थ प्रस्तावित परियोजनामा डोलिडारमा सामाजिक तथा वातावरणीय क्षेत्र हेर्ने, व्यवस्थापन गर्ने, समन्वय गर्ने तथा जिल्ला विकास समितिको क्षमता अभिवृद्धि गर्ने आधिकारिक तथा समर्पित इकाई प्रस्ताव गरिएको छ । परियोजना कार्यान्वयनका बेलामा एउटा विभागीय सामाजिक र वातावरणीय नीति पत्र तयार गरिनेछ । प्रस्तावित परियोजनाले आवश्यक सामाजिक तथा वातावरण सम्बन्धि काम गर्ने, चेतना अभिवृद्धि गर्ने र निरिक्षण गर्ने मानव स्रोत राख्न केन्द्रिय परियोजना समन्वय इकाई र क्षेत्रिय परियोजना समन्वय इकाईका लागि सहयोग उपलब्ध गराउनेछ।

४.३८ सामाजिक तथा वातावरणीय सुरक्षा कार्यका लागि फरक फरक तहमा विभिन्न व्यक्ति तथा संघसंस्थाहरु संलग्न हुनेछन् । जिल्ला तहमा ESMF प्रयोगमा ल्याउन स्थानीय तहमा काम गर्ने व्यक्तिहरु (श्रमिक, नेता, मेशिनचालक),VRCC र LRUC का सदस्यहरु, SMO, ESSC र PSE लाई समय-समयमा यस व्यवस्था र प्रकृयाका बारेमा अभिमूखीकरण र क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ । त्यसै गरी ठेक्का लागि सके ठेकेदारलाई ESMF का व्यवस्था र प्रकृयाका बारेमा अभिमुखीकरण गरिनेछ । यसबाहेक केन्द्रिय परियोजना समन्वय इकाई र परियोजना सपोर्ट परामर्शदाताका वातावरण र सामाजिक सुरक्षा हेर्ने कर्मचारीलाई र तेस्रो पक्षबाट मूल्यांकन गर्ने (Audit) व्यक्तिहरुलाई अभिमुखीकरण गरिनेछ । साथै, NGO र जिल्लाको ESSC ले क्षमता विकास गर्नेछ ।

सहायक परियोजनासँग सम्बन्धित EMP र SMP ले तालिमहरु प्रस्ताव गर्नेछन्, साथै सरोकारवलालाई तालिम र अभिमूखीकरणका लागि खर्चको व्यवस्था गर्नेछन् । जिल्ला प्राविधिक कार्यालयको प्राविधिक कर्मचारीहरु र जिविसका इन्जिनियर तथा ओभरसियरहरुलाई सामाजिक र वातावरणीय सुरक्षा सम्बन्धि क्षमता अभिवृद्धि गरिनेछ साथै जिविस र जिल्ला प्राविधिक कार्यालयलाई सामाजिक तथा वातावरण सम्बन्धि संस्थागत विकासमा सहयोग गरिनेछ ।

४.३९ यदि जिविस र जिल्ला प्राविधिक कार्यालयका कर्मचारीहरुलाई वातावरण र सामाजिक सुरक्षा योजना निर्माण र कार्यान्वयनका कृयाकलापमा क्षमता अभिवृद्धि गर्ने र डोलिडारमा वातावरणीय र सामाजिक इकाई (ESU) स्थापना गर्ने हो भने SNRTP कार्यान्वयनमा सहयोग पुग्नेछ । नमुनाका आधारमा केन्द्र, क्षेत्र र जिल्ला तहमा ESMF कार्यान्वयन भयो भएन भनेर केन्द्रिय परियोजना इकाई र क्षेत्रिय परियोजना कार्यान्वयन इकाईबाट अनुगमन गर्ने व्यवस्था परिमार्जित ESMF ले गरेको छ । SNRTP मा वातावरण र सामाजिक विशेषज्ञ राख्ने गरिएको छ जसले समस्या समाधानका उपायहरु कार्यान्वयन गर्ने र अनुगमन गर्नेछन् ।

## ESMF कार्यान्वयन कोष

४.४० सहायक परियोजना तयारीका क्रममा वातावरणीय र सामाजिक समस्या समाधानमा लाग्ने खर्च पत्ता लाग्नेछ जुन आन्तरिक व्यवस्थापन गरी योजना बनाउने, नक्सांकन गर्ने र परियोजनामा कार्यान्वयन गरिनेछ । प्रस्तावित परियोजनाको आन्तरिक खर्चबाट केन्द्र, क्षेत्र तथा जिल्लामा वातावरण र सामाजिक विशेषज्ञहरु (आवश्यकता अनुसार) नियुक्ति गर्ने प्रावधान गरिएको छ साथै सचेतना, तालिम र अनुगमन व्यवस्थापन खर्चमा गरिनेछ ।

### विभिन्न संगठनहरुको भूमीका तथा उत्तरदायित्व

४.४१ परियोजना कार्यान्वयन गर्ने संघ संस्थाका अधिकारीहरु ESMF(EMAP) कार्यान्वयन गर्न उत्तरदायी हुनेछन् ।

४.४२ तालिका ४.३ ले सामाजिक र वातावरणीय प्रभावहरुसँग र परियोजना गतिविधिहरुको कार्यान्वयनसँग सम्बन्धित विभिन्न गतिबिधिहरुका लागि जिम्मेवार निकायहरुको पहिचान गर्दछ ।

**तालिका ४.३ : प्रमुख निकायहरुको उत्तरदायित्व**

| सि नं | संयन्त्र | उत्तरदायित्व |
|---|---|---|
| क | नेपाल सरकारका नीति नियमका आधारमा SNRTP का लागि नीतिगत निर्देशनहरु परिभाषित गर्ने | MOLD, DOLIDAR |
| ख | विशेष सहायकपरियोजनाको लागि ToR को पाण्डुलिपि तयार गर्ने | DOLIDAR, सम्बन्धित जिविस |
| ग | वातावरणीय तथा सामाजिक लेखाजोखा गर्ने | सम्बन्धित जिविस, परियोजना इकाइ |
| घ | सरकारी निकाय भित्र अधिकारीहरुको विभिन्न तहहरु बीचमा आन्तरिक समन्वयको निश्चित गर्ने । | जिविस र DOLIDAR |
| ङ | SNRTP सँग सम्बन्धित नयाँ प्रावधानहरु बारे परिचित हुने | DOLIDAR, जिविस, परियोजना इकाइ |
| च | SNRTP का प्राथमिकताहरु परिभाषित गर्ने । | DOLIDAR, जिविस, परियोजना इकाइ |

| सि नं | संयन्त्र | उत्तरदायित्व |
|---|---|---|
| छ | वातावरणीय र सामाजिक लेखाजोखा गर्न सार्वजनिक छलफल कार्यक्रम आयोजना गर्ने | DOLIDAR, जिविस, परियोजना इकाइ, NGO, |
| ज | नीति, कार्यक्रम, र कार्यान्वयनको तहमा वातावरणीय तथा सामाजिक चेतनाका लागि बिधिहरु विकास गर्ने । | DOLIDAR, जिविस |
| झ | तालिम र सूचनाका लागि अभियानहरु आयोजना गर्ने । | परियोजनाको सहयोग सहित DOLIDAR, जिविस |

४.४३ **SNRTP परियोजनामा ESMF कार्यान्वयन गर्नका लागि संस्थागत प्रबन्ध तल दिइए बमोजिमको हुनेछ :**




**पर्यवेक्षण, अनुगमन र मूल्याङ्कन**

४.४४ परियोजनाको दिगोपन परियोजना कार्यान्वयनको समयमा सामाजिक तथा वातावरणीय मुद्दाहरुलाई कति राम्ररी व्यवस्थित गरिएको छ भन्ने कुरामा भर पर्दछ। वातावरणीय तथा सामाजिक प्रभावहरुको सफल कार्यान्वयनका लागि तलका संयन्त्रहरु प्रतावित गरिएको छ।

४.४५ **केन्द्रिय तहको पर्यवेक्षण** : केन्द्रिय तहको पर्यवेक्षण परियोजनाको प्रगति जाँच्न र कमीहरुलाई सच्याउनका लागि गरिनेछ। यसको प्रमुख लक्ष्य समस्याहरु पहिल्याउनु र स्थानीय तहमा समस्या समाधान गर्न सहयोग गर्नु हो। केन्द्रिय तहको पर्यवेक्षण CPCU बाट प्रत्येक चार महिनामा एकपटक छानिएको वा अति खतरायुक्त सडकमा गरिनेछ। पर्यवेक्षण समूहले सडकको भ्रमण पत्ता लागेका वातावरणीय र सामाजिक मुद्दाहरुलाई जिल्लामा र PMU मा briefing गर्नेछ र फील्ड भ्रमणको प्रतिबेदन, सिफारिशहरु र समाधानका उपायहरु PMU मा पेश गर्नेछ। यसमा पत्ता लागेका कुराहरु नेपाल सरकारको चौमासिक पुनरावलोकन प्रतिबेदनमा समाबेश गरिनेछ।

**४.४६ क्षेत्रिय स्तरको अनुगमन** : दुई वटा क्षेत्रिय परियोजना कार्यान्वयन इकाईले पूर्व र पश्चिमका जिल्लाहरुको वातावरण तथा सामाजिक सुरक्षाको अनुगमन गर्नेछ ।

४.४७ **जिल्ला तहको पर्यवेक्षण** : जिल्ला तहको पर्यवेक्षण ESSC र SMO/NGO को सहयोगमा जिविस/DTO द्वारा गरिनेछ । उनीहरुले जिविस/ DTO का साथै ठेकेदारलाई सडकको अवस्था, कार्यक्रम र समस्याहरुको बारेमा छोटकरीमा भन्नेछन्, र हरेक सडक सहायक परियोजना सम्बन्धि आफ्नो प्रतिबेदन हरेक दूई महिनामा जिविसको माध्यमबाट PMU लाई पेश गर्नेछन् ।

४.४८ **जिल्ला तहको स्वतन्त्र अनुगमन** : जिल्ला तहको अनुगमन निर्माणाधीन प्रत्येक सडकका लागि हरेक ६ महीनामा जिल्ला सडक समन्वय समिति (DRCC) द्वारा गठीत अनुगमन समितिद्वारा गरिनेछ । तर ठेक्केदारले काम सकेको दावी गरे र जिविसले उसलाई निर्माण सम्पन्न भएको प्रमाणपत्र दिनु अघि एकपल्ट अनुगमन गर्नुपर्दछ । कुनै पनि उल्लेखनीय सुधार गर्नुपर्ने भए वा EMP अन्तर्गत परिभाषित कार्यहरु बाँकि भए निर्माण कार्य सकिएको प्रमाण पत्र दिनु अघि नै पूरा गर्नुपर्दछ । जिल्ला स्तरको अनुगमन कार्यका लागि आवश्यक पर्ने खाका अनुसुची १८ मा दिइएको छ । DRCC ले मनोनयन गरेको व्यक्तिको नेतृत्वमा एउटा तीन सदस्यीय अनुगमन उप समिति गठन हुनेछ, जसलाई ESSC/SMO/NGO ले सहयोग गर्नेछन् । समितिको संरचना निम्नानुसारको हुनेछ :

DRCC द्वारा मनोनित : समूहका नेता

लाइन एजेन्सीहरु* : सदस्यहरु

४.४९ बोलपत्र आह्वान, ठेक्का दिने काम, र निर्माण सकिएको प्रमाण पत्र दिनु अघि ESMF ले तोके बमोजिमका कामहरु पुरा भए नभएको हेर्ने जिम्मा यसै समितिलाई हुनेछ ।

**सामूदायिक कार्यहरु र सामाजिक प्रभावहरुको न्यूनिकरण वीचमा समन्वय**

४.५० सामूदायिक कार्यहरुसँगै सामाजिक प्रभावहरु पनि समयमै न्युनिकरण गरिनेछ भन्ने निश्चित गर्नका लागि तल दिइएको समन्वयको कार्य गरिनेछ । सामुदायिक कार्यका लागि बोलपत्र आह्वान गरिनु अघि तलका क्रियाकलापहरु पुरा गरिनेछ ।

- सामाजिक स्क्रीनिङ प्रतिबेदन,
- प्रभाव क्षेत्रमा लाभ लिने समूहको पहिचान,
- श्वेच्छिक जमीन दानका लागि जग्गा धनीहरुको व्यक्तिगत/समूहगत स्विकृति,
- VDIMP (विश्व बैंकबाट सहमति दिइएको र नेपाल सरकारबाट बजेट सहित स्विकृति दिइएको), र

**ठेक्का दिनु अघि तलका कामहरु सारवत् रुपमा सम्पन्न भएको हुनुपर्छ :**

- जमीन दानबाट प्रभावित घरपरिवाहरु लाई राहत तथा प्रोत्साहन रकम दिने,
- प्रभावित भएका संरचनाहरुको परियोजनाद्वारा गरिनु पर्ने मर्मत गर्ने,
- प्रभावित सामुदायिक सम्पत्तिको पुनिर्माण गर्ने, र

* जिल्ला वन कार्यालय, जिल्ला भू तथा जलाधार संरक्षण कार्यालय, डिभिजन सडक कार्यालय, जिल्ला कृषि कार्यालय, राष्ट्रिय निकुन्ज वा आरक्षणका कार्यालयहरु आदि मध्येबाट दूइ जना सदस्यहरु

- VCDP (नेपाल सरकारद्वारा बजेटसहित स्विकृत भएको) तयार गर्ने ।

माथि दिइएका कामहरु सन्तोषजनक रुपमा पुरा भएको छ/छैन भनी जिल्ला अनुगमन समिति द्वारा मूल्याङ्कन र प्रमाणित गरिनेछ ।

**वातावरणीय र सामाजिक लेखा परीक्षण**

४.५१ वातावरणीय तथा सामाजिक लेखा परीक्षण दूइ तहको हुनेछ : केन्द्रिय तहको लेखा परीक्षण र स्थानीय तहको लेखा परीक्षण ।

**केन्द्रिय तहको लेखा परीक्षण**

४.५२ केन्द्रिय तहका वातावरणीय तथा सामाजिक लेखा परीक्षण स्वतन्त्र तेश्रो पक्षबाट निर्माण अवधिमा वर्षको एक पटक गरिनेछ । यो लेखा परीक्षण स्थानीय विकास मन्त्रालय/स्थानीय पुर्वाधार विकास तथा ग्रमीण सडक विभागका नाममा गरिनेछ । लेखा परीक्षण गर्ने समूहले लेखा परीक्षणको बिस्तृत प्रतिवेदन विश्व वैंक र SNRTP लाई प्रस्तुत गर्नेछ । यो समूहले लेखा परीक्षण प्रतिबेदन पेश गर्नुअघि जिविस/जि. प्र. का. र स्थानीय विकास मन्त्रालय/स्थानीय पुर्वाधार विकास तथा ग्रमीण सडक विभागलाई निश्कर्षको बारेमा जानकारी गर्नेछ र प्रतिवेदन पेश गर्नेछ । स्थानीय विकास मन्त्रालय/स्थानीय पुर्वाधार विकास तथा ग्रमीण सडक विभागले यो लेखा परीक्षण प्रतिबेदन केन्द्रिय तहको वातावरणीय तथा सामाजिक अनुगमन प्रतिवेदनको रुपमा स्विकार गर्नेछ ।

४.५३ सडक सन्चालन अवधिमा पनि प्राविधिक, वातावरणीय तथा सामाजिक लेखा परीक्षण गरिनेछ । यो राष्ट्रिय सतर्कता केन्द्रद्वारा सडक नमूनाको छनौट गरी गर्न सकिन्छ । यो लेखा परीक्षणले ESMF ले सोंचे अनुसारको प्रकृया र व्यवस्थाहरु पुरा भएका छन्/छैनन् साथै कामको स्तर पनि जाँच गर्नेछ । सम्बन्धित जिविस ले लेखा परीक्षणमा गरिएका सिफारिशका आधारमा कमजोरीहरु सच्याउने काम गर्नेछ ।

**स्थानीय तहको लेखा परीक्षण**

४.५४ स्थानीय तहको लेखा परीक्षणले समुदायले गर्ने कामको अनुगमन (CBPM) लाई जनाउँछ । जिविस, SMO, ESSC तथा अन्य सम्बन्धित निकायहरु सँग समन्वय गरी VRCC/LRUC ले परियोजना अबधि भित्रमा तीनचोटि CBPM गर्नेछ । पहिलो CBPM टेन्डर दिइसके गरिनेछ, दोश्रो CBPM निर्माण अवधिमा गरिनेछ, र तेश्रो निर्माण कार्य पुरा हुने वित्तिकै तर निर्माण पुरा भएको प्रमाणपत्र प्रदान गरिनु अघि गरिनेछ । CBPM प्रतिबेदन आवश्यक कारवाहीका लागि जिविसमा पेश गरिनेछ । CBPM ले जनताको दृष्टिकोणबाट परियोजनाको प्राविधिक, सामाजिक, आर्थिक र वातावरणीय कामलाई परीक्षण गर्नेछ ।

**मूल्याङ्कन**

४.५५ मूल्याङ्कनको उद्देश्य कार्यान्वयनको प्रभावकारीताको असरबारे निर्णय गर्नु हो । परियोजनाको मूल्याङ्कन अनुभव प्राप्त स्वतन्त्र बिशेषज्ञहरुबाट गरिनेछ । मूल्याङ्कन परियोजनाको मध्य तथा अन्तिम समयमा गरिनेछ । मूल्याङ्कनले परियोजनाका वातावरणीय तथा सामाजिक प्रभावहरुलाई सम्बोधन गर्न ESMF को प्रभावकारीताको समेत लेखाजोखा गर्नेछ । परियोजनाको मध्यावधिमा गरिने मूल्याङ्कनले ESMF को कार्यान्वयनका लागि पृष्टपोषण ( feed back) दिनेछ ।

## अनुसुचीहरु

### अनुसुची १ : कानून द्वारा संरक्षित वनस्पतिका जातीहरुको सूची

संरक्षित प्रजातिहरु मुख्य गरि आरक्षित क्षेत्रमा पाइन्छन् । आरक्षित क्षेत्रबाहिर उनीहरुको अस्तित्व संकट ग्रस्त हुन्छ । प्रस्तावित परियोजनाले ३३ वटा जिल्लालाई ओगट्नेछ जसमा थप्रै सहायक परियोजनाहरु सन्चालित हुनेछन् । संरक्षित क्षेत्रभित्र अथवा लोपोन्मुख प्रजाति भएको स्थानमा रहेका सहायक परियोजनाहरु आर्थिक सहयोग गर्न अयोग्य ठहरिन्छन् । कम जोखिमयुक्त ठाउँ जस्तै : मध्यवर्ती क्षेत्रमा रहेका परियोजनाहरु संचालन गर्नु पूर्व डोलिडार र विश्वबैंकबाट पूर्व स्वीकृति लिनुपर्दछ । सहायक परियोजनाको तयारी गर्दा निश्चित वातावरणीय व्यवस्थापन योजनाहरु तयारी गरि क्षति न्यूनिकरणको लागि उल्लेख गर्नुपर्छ ।

वन नियमावलीहरु, १९९५ (२००१ मा संशोधित) अन्तर्गत कानुनीरुपमा संरक्षीत गरिएका बनस्पतिका जातीहरु र वन पैदावरहरु

| **बैज्ञानिक नाम वा वन पैदाबर** | **स्थानीय नाम** | **IUCN हैसियत** | **CITES कोड** |
|---|---|---|---|
| **सङ्कलन, विक्रि, वितरण, एक ठाउँबाट अर्को ठाउँमा लान र पैठारी गर्न रोक लगाइएका जातीहरु** | | | |
| *Dactylorhiza hatagirea* | पाँच औंले | | II |
| *Picrorhiza scrophulariiflora* | कुट्की | | |
| *Juglans regia (bark)* | ओखर | | |
| **पैठारीका लागि निषेध गरिएका जातीहरु** | | | |
| *Abies spectalilis* | तलिस पत्र | | |
| *Cinnamomum glaucESSCens* | सुगन्धकोकिला | | |
| *Cordyceps sinensis* | यार्सा गुम्बा | | |
| *Lichen species* | झ्याउ | | |
| *Nardostachys grandifloral* | जटमँसी | | |
| *Rauvolfa serpentine* | सर्पगन्धा<br>हर्बरुवा | V<br>E | II |
| *Asphaltum (rock exudate)* | सिलाजित | | |
| *Taxus buccata subsp. Wallichiana* | लोठ सल्ला | | |
| *Valerina jatamansii* | सुगन्धवाला | | II |
| **काट्न, एक ठाउँबाट अर्को ठाउँमा ओसारपसार गर्न र पैठारी गर्न निषेध गरिएका रुख काठहरु** | | | |
| *Acacia catechu* | खयर | | |
| *Bombax ceiba* | सीमल | T | |
| *Dalbergia latifolia* | सतीसाल | | |
| *Juglans regia* | ओखर | | |
| *Michelia champaca* | चाँप | | |
| *Petrocarpus marsupium* | बिजय साल | E | |
| *Shorea robusta* | साल, सखुवा | | |

अनुसुची २ : नेपालका संरक्षित वन्यजन्तुहरु

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, १९७३ मा भएका संरक्षित वन्यजन्तुहरुको अवस्था

| क.स. | बैज्ञानिक नाम | स्थानीय नाम | हैसियत | |
|---|---|---|---|---|
| | | | **IUCN** | **CITES** |
| स्तनधारी जनावर | | | | |
| 1 | *Ailurus flugens* | हाब्रे | V | I |
| 2 | *Antilope carvicapra* | कृष्णसार | V | III |
| 3 | *Bos gaurus* | गौरी गाई | V | I |
| 4 | *Bos mutus* | याक / नाक | E | I |
| 5 | *Bubalus arnee* | अर्ना | E | III |
| 6 | *Canis lupus* | ब्वाँसो | V | I |
| 7 | *Caprolagus hispidus* | हिस्पिड खरायो | E | I |
| 8 | *Cervus duvaceli* | बाह्रसिंघे | E | I |
| 9 | *Elephus maximus* | जंगली हात्ती | E | I |
| 10 | *Felis lynx* | पहन बिरालो | E | II |
| 11 | *Hyaena hyaena* | हुँडार | E | |
| 12 | *Macaca assamensis* | आसामी रातो बाँदर | | II |
| 13 | *Manis pantadactyla* | सालक | | II |
| 14 | *Moschus chrysogaster* | कस्तुरी | E | I |
| 15 | *Ovis ammon* | न्यन | | I |
| 16 | *Panthera tigris* | बाघ | E | I |
| 17 | *Panthera uncial* | हिउँ चितुवा | E | I |
| 18 | *Pantholops hodgsoni* | चिरु | | I |
| 19 | *Pardofelis nebulosa* | ध्वाँसे चितुवा | V | I |
| 20 | *Platanista gangetica* | सौंस | V | I |
| 21 | *Prionailurus bengalensis* | चरी बाघ | | II |
| 22 | *Prionodon pardicolor* | सिलु | | I |
| 23 | *Rhinoceros unicornis* | गैंडा | E | I |
| 24 | *Sus salvinus* | सानो / पुड्के बँदेल | EX(?) | I |

| | | | | |
|---|---|---|---|---|
| 25 | *Tetracerus quadricornis* | चौका | V | III |
| 26 | *Ursus arctos* | हिमाली रातो भालु | | I |
| **चरा** | | | | |
| 27 | *Buceros bicornis* | राजधनेश | | I |
| 28 | *Catreus wallichil* | चिर | E | I |
| 29 | *Ciconia ciconia* | सेतो सारस | | |
| 30 | *Ciconia nigra* | कालो सारस | | II |
| 31 | *Eupodotis bengalensis* | खर मजुर | E | I |
| 32 | *Grus grus (G. antigone)* | सारस | | I |
| 33 | *Lophophorus impejanus* | डाँफे | | I |
| 34 | *Sypheotides inidica* | सानो खर मजुर | E | II |
| 35 | *Tragopan satyra* | मुनाल | | III |
| **घस्रने जनावरहरु** | | | | |
| 36 | *Gavialis gangeticus* | घडियाल गोही | E | I |
| 37 | *Python molurus* | अजिंगर | V | I |
| 38 | *Varanus flavESSCens* | सुन गोहोरो | I | I |

**अनुसुची ३ : वातावरणीय छनौटको खाका**

**स्क्रीनिङ पूरा गर्नका लागि जानकारी**

१.प्रस्तावीत सहायक परियोजनाको वातावरणीय छनौटका लागि आवश्यक पर्ने सान्दर्भिक वातावरणीय सूचनालाई अद्यावधिक राख्न वातावरणीय छनौट सर्भे प्रश्नवली तयार गरिएको छ । यसले सहायक परियोजना तयारी गर्ने समूहलाई सम्भावित वातावरणीय सवालहरुका बारेमा शुरुमै सचेत गराई समयमै सम्बोधन गर्नका लागि अवसर उपलब्ध गराउँछ ।

२. स्क्रीनिङगर्ने समूहले प्रकाशित प्रतिवेदनहरु अध्ययन गरी सहायक परियोजनाको पृष्ठभूमी बारे परिचित हुनुपर्छ ।

३. Walk through सर्भे अवधिमा समूहले बाटो बाट प्रभावित समुदायहरुसँग छलफल गर्नुपर्छ । त्यस को समयमा अझ बढी बिस्तृत वातावरणीय तथा खोजी कार्य गर्नुपर्नेछ । यसमा प्रयोग गर्ने विधिमा पर्यबेक्षण, नीरिक्षण र स्थानीय मानिसहरुसँग को छलफल आदी पर्दछ ।

४. सूची भर्न डट्पेन वा सीसाकलम प्रयोग गर्नुपर्छ । पखालिने वा विग्रने खाले मसी प्रयोग गर्नु हुदैन ।

५. उपलब्ध गराइएको पृष्ठ अपुग भएमा थप पृष्ठ प्रयोग गर्नुपर्छ ।

६. समूहले आफुसँग टोपोग्राफिकल म्याप (कुनै ठाउँको बिस्तृत भौगोलिक नक्सा) बोक्नु पर्छ, महत्वपूर्ण वातावरणीय विशेषताहरु भेटिएमा नक्सामा चिनो लगाउनु पर्छ र सूचीको उपयुक्त ठाउँमा उल्लेख गर्नुपर्छ । नक्शालाई छनौट परिक्षण प्रतिवेदनको परिशिष्टमा समाबेश गरिनुपर्छ ।

७. समूहले वातावरणीय महत्व देखिने क्षेत्रहरुको फोटो खिच्नुपर्छ र यसलाई प्रतिबेदनमा उपशिर्षक (क्याप्सन) सहित राख्नुपर्छ ।

८. समूहले स्क्रीनिङ गर्दा भेटिएका तथ्यहरु मध्य सहायकपरियोजनासँग सम्बन्धित प्रमुख वातावरणीय विषयहरुको सूची पनि छनौट प्रतिबेदनमा समाबेश गर्नुपर्छ ।

**क. परियोजनाको छोटकरीमा परिचय**

| | |
|---|---|
| सडकको नाम र यसको लम्बाइ, रुट (सडक कुन स्थानबाट कहाँ जान्छ भन्ने सुचना गाविसहरु, प्रमुख बस्तीहरु र पहिचान गराउने अन्य विशेषताहरु | |
| प्रस्ताव गरिएका काम/गतिविधिहरु, र आवस्यक पर्ने सालाखाला लगानी | |
| कार्यान्वयनको तरीका र संलग्न हुने संस्थाहरु (श्रमीकमा आधारीत, उपभोक्ता समूहहरु, ठेक्केदार, जिविस/DTO, समुदाय) | |

**ख. परियोजना स्थलको वातावरणीय पृष्ठभूमी**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ख १. | संरक्षित क्षेत्र/वन | | | | | | |
| | परियोजनाले प्रभाव पार्ने पेटीमा संरक्षित क्षेत्र/वन छ ? (छ वा छैन चिनो लगाउनुहोस) | | | छ | | छैन | |
| | यदि छ भने तलका सुचना उपलब्ध गराउनुहोस । | | | | | | |
| | वन/संरक्षित क्षेत्रको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हाल कायम रहेको अवस्थाहरु (आकार, भेटिएका वनस्पति आदिका जातीहरु, स्वामित्वको प्रकार), समस्याहरु र तिनका कारणहरु | | | | |
| | | | | | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु | | | | |
| | | | | | | | |
| ख २. | पहिरो र भूक्षय हुनसक्ने क्षेत्रहरु | | | | | | |
| | प्रभाव क्षेत्रमा पहिरो र भूक्षय हुनसक्ने ठाउँहरु छन् ? (छन् वा छैनन् चिनो लगाउने) | | | छन् | | छैनन् | |
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | | | | | |
| | ठाउँको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति (प्रकार, अन्दाज गरिएको आकार, तुलनात्मक स्थिरता), समस्याहरु र समस्याका कारणहरु | | | | |
| | | | | | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु | | | | |
| | | | | | | | |
| ख ३. | बाढी आउन सक्ने/नदी कटान हुनसक्ने/पानी जम्न सक्ने क्षेत्रहरु | | | | | | |
| | प्रभाव पेटी क्षेत्रमा बाढी आउन सक्ने, नदी कटान हुनसक्ने र होचा क्षेत्रहरु छन् या छैनन् ? (छन् वा छैनन् चिनो लगाउने) | | | छन् | | छैनन् | |

| | | | |
|---|---|---|---|
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | |
| | ठाउँको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति (प्रभावित हुने क्षेत्रको अन्दाजी क्षेत्रफल, खतरामा रहेका क्षेत्रहरु) समस्याहरु र समस्याका कारणहरु |
| | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु |
| | | | |
| ख ४. | **पानीका श्रोतहरु/पोखरी, तालहरु, झरनाहरु आदि** | | |
| | सडक पेटीमा पानीका श्रोतहरु वा पोखरी, तालहरु वा झरनाहरु छन् छैनन् ? (छन् वा छैनन् चिनो लगाउने) | छन् | छैनन् |
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | |
| | ठाउँको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति (प्रयोगको उद्देश्य सहित, प्रकार, प्रयोगकर्ताहरुको संख्या, सेवा पुग्ने क्षेत्रहरु) समस्याहरु र समस्याका कारणहरु |
| | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु |
| | | | |
| ख ५. | मन्दिर, मस्जिद, दरबार जस्ता ऐतिहासिक, धार्मिक, सांस्कृतिक ठाउँहरु | | |
| | प्रभाव पेटीमा कुनै ऐतिहासिक, धार्मिक वा सांस्कृतिक ठाउँहरु छन् ? (छन् वा छैनन् चिनो लगाउने) | छन् | छैनन् |
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | |
| | ठाउँको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति समस्याहरु र समस्याका कारणहरु |
| | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु |
| | | | |
| ख ६. | खुल्ला सार्वजनिक ठाउँहरु | | |
| | प्रभाव पेटीमा कुनै खुल्ला सार्वजनिक ठाउँहरु छन् ? (छन् वा छैनन् चिनो लगाउने) | छन् | छैनन् |
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | |
| | ठाउँको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति (प्रकार, अन्दाजी आकार, प्रयोग समेत) समस्याहरु र समस्याका कारणहरु |
| | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख ७. | सौन्दर्यका दृष्टिले महत्वपूर्ण दृश्यहरु | | | | | |
| | प्रभाव पेटीमा सौन्दर्यका दृष्टिले महत्वपूर्ण स्थानहरु छन् ? (छन् वा छैनन् चिनो लगाउने) | | छन् | | छैनन् | |
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | | | | |
| | ठाउँको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति समस्याहरु र समस्याका कारणहरु | | | |
| | | | | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु | | | |
| | | | | | | |
| ख ८. | **सामुदायिक भौतिक संरचनाहरुको स्थानान्तरण (नहर, पानीका श्रोतहरु, गोरेटो, झोलुङ्गे पुलहरु, चौतारा, विजूलीको खम्बा, टेलिफोनको खम्बा आदि)** | | | | | |
| | प्रभाव पेटीमा ठाउँ सार्नु पर्ने कुनै सामुदायिक भौतिक संरचनाहरु छन् ? (छन् वा छैनन् चिनो लगाउने) | | छन् | | छैनन् | |
| | यदि छन् भने तलका सूचना उपलब्ध गराउनुहोस । | | | | | |
| | सामुदायिक भौतिक संरचनाको नाम | सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | हालको स्थिति समस्याहरु र समस्याका कारणहरु | | | |
| | | | | | | |
| | | | सडक निर्माण गतिविधीबाट हुनसक्ने समस्याहरु | | | |
| | | | | | | |
| ख ९. | **प्रमुख वस्ती र व्यापार केन्द्र : बजार क्षेत्रहरु, प्रमुख बस्तीहरु, खास समूहहरुको बस्ती** | | | | | |
| | बस्ती र व्यापार केन्द्रको नाम, सडकबाट कुन दिशामा कति टाढा छ सोको जानकारी | बर्णन (घरसंख्या र जनसंख्या, प्रकृति र खास विशेषता, महत्व | प्रस्तावित सडक निर्माण कार्यका कारणले यी बस्तीहरुमा आउनसक्ने समस्याहरु | | | |
| | | | | | | |
| ख १०. | **महत्वपूर्ण विकास सम्भावना भएका क्षेत्र अथवा ठाउँ (पर्यटनको सम्भावना भएको ठाउँहरु, निर्माण सामग्रीहरुको संग्रह, अति मलिलो जमीन, वागवानी आदि)** | | | | | |
| | ठाउँ | सम्भावित फाइदा अथवा प्रस्तावित सडक निर्माण कार्यहरुबाट आउन सक्ने समस्या | | | | |
| | | | | | | |
| ख ११. | **आउन सक्ने प्रभावहरु (सडक छेउछाउका बस्तीहरु, वन, सीमित जमीनहरु, साझा सम्पत्ति, ढुंगा खनी निकाल्ने ठाउँ, स्वास्थ्यमा पर्ने प्रभाव, कृषि कार्यमा आउने परिवर्तन, चेलीबेटी बेचबिखन आदि)** | | | | | |

| | ठाउँ | हुन सक्ने प्रभावहरु |
|---|---|---|
| | | |

हाल कायम विशेषताहरु देखिने गरी सडकको वातावरणीय नक्सा तयार गरी टाँस्ने । नक्सामा हुनुपर्ने जानकारी : जमीनको प्रयोग : (वन, कृषि, घाँसे जमीन आदि; पानीको श्रोतहरु, नदीहरु; पहिरो जाने क्षेत्र; प्रस्तावित माटो फाल्ने ठाउँ वा ढुंगा झिक्ने ठाउँ ; सामाजिक भौतिक संरचनाहरु : नहर, धाराहरु, पानीका अन्य श्रोतहरु, संरक्षित क्षेत्रहरु आदि) र वातावरणीय हिसाबले खतरामा रहेका ठाउँहरु (जस्तै : संभावित पहिरो जान सक्ने ठाउँहरु, रुख काटिने ठाउँहरु, हानी पुग्न सक्ने पानीका श्रोतहरु, नदीले कटान गर्नसक्ने क्षेत्र, र यस क्षेत्रमा भएका अन्य सबै सम्भावित खतराहरु)

**स्क्रीनिङ गर्दा भेटिएका तथ्यहरुको सारांस र सिफारिशहरु**

| **भेटिएका तथ्यहरु** | **सिफारिशहरु** |
|---|---|
| | |

## अनुसुची ४ : स्थान विशेष वातावरणीय व्यवस्थापन योजना (Site Specific EMP) को नमूना

**१. परिचय :** जिल्लाको साधारण जानकारीहरु उल्लेख गर्नुहोस्

प्रस्तावित सडकको जानकारी (सडकको लम्बाई, प्रस्तावित क्षेत्रको सडकको चौडाइ, मानव वस्ति, गाविस र वडा, सडकसँग जोडिने, सडकको वर्तमान अवस्था र क्षेत्रफल, मौसम)

**२. उद्देश्यहरु**

**३. परियोजना बारेको जानकारी**

सडकको कूल लम्बाई, निर्माण गर्नुपर्ने सडकको लम्बाई, जिल्ला सडकको वर्गीकरण, DTMP को नम्बर, मुख्य प्रस्तावित कार्यहरु, पूर्ण लागत खर्च र EMP को खर्च, मुख्य क्रियाकलाप तथा असरहरु

**२.१ EMP को विवरण :**

- जम्मा EMP को मूल्य :
- बायो इन्जिजियरिङ् : ग्याबियन पर्खाल (..... घन मी., घाँस रोप्ने (..... वर्ग मी.)
- सेवा मर्मत सम्भार : ......घन मी. ढुंगा विछ्याउने
- ह्यूम पाइप : ... (...मी.)
- खानेपानीको धारा तथा पाइप को स्थानतान्तर गर्ने
- क्षतिपूर्तिस्वरुप गरिने बृक्षारोपण : ..... वटा रुखहरु

**२.२ सडक छेउको हालको अवस्था**

सडक छेउको वर्तमान अवस्था

सडक जाने क्षेत्रको भूउपयोगको (बाँझो जमिन, कृषि, बस्ती, बनजंगल) विस्तृत विवरण दिनुहोस् । संरक्षित क्षेत्र वा सामुदायिक बनहरु भए त्यो पनि उल्लेख गर्नुहोस् ।

| चेनेज/अवस्थिति | देखिएका विशेषताहरुको वर्णन | |
|---|---|---|
| | | |
| | | |
| | | |

## २.३ खतरायुक्त क्षेत्र सहितको फित्ते नक्सा र टोपोग्राफिक नक्सा




## ३. सम्भावित प्रभावहरु र ठाउँहरु

१. स्काउरिङ (Scouring) : स्काउरिङ भएको स्थानको वर्तमान अवस्था अवस्थिति/चेनेज उल्लेख गर्ने । स्काउरिङका प्रकृति, किसिम र फैलावटका बारेमा कारण सहित उल्लेख गर्ने ।

२. जंघार : जंघार स्थानको वर्तमान अवस्था, जंघारको किसिम र प्रभावको व्याख्या गर्ने । प्रभावको स्तर, प्रकृति र फैलावटको उल्लेख गर्ने ।

३. भू स्खलन : भू स्खलन स्थलको अवस्था, फैलावट र प्रभाव उल्लेख गर्ने । प्रभावको स्तर, प्रकृति र फैलावटको व्याख्या गर्ने ।

४. वन जंगल : वनजंगलको प्रकार, वनले ओगटेको क्षेत्रफल, व्यवस्थापकिय किसिम, मूख्य वनस्पति तथा जन्तु, संरक्षित प्रजातिहरुको व्याख्या गर्ने ।

५. पहिरो : चेनेज समावेश हुने गरि पहिरो परेको ठाउँ उल्लेख गर्ने । पहिरो तथा यसको साइज, किसिम, फैलावट र कारणहरु उल्लेख गर्ने । प्रभावको स्तर, प्रकृति र फैलावटको व्याख्या गर्ने ।

६. गोरेटो बाटो : चेनेज सहित गोरेटो बाटो पर्ने स्थान उल्लेख गर्ने । प्रभावको स्तर, प्रकृति र

फैलावटको व्याख्या गर्ने ।
७. न्युन उचाइ भएको क्षेत्र : चेनेज सहित न्युन उचाइ भएको क्षेत्र उल्लेख गर्ने । प्रभावको स्तर, प्रकृति र फैलावटको व्याख्या गर्ने ।
८. भौतिक संरचनाको पुननिर्माण तथा पुनर्स्थापना : क्षति हुने भौतिक संरचनाहरु (विद्युतीय पोल, खानेपानीको पाइपलाइन आदि ) चेनेज सहित उल्लेख गर्ने । प्रभावको स्तर, प्रकृति र फैलावटको व्याख्या गर्ने ।
९.अन्य (धार्मिक र सांस्कृतिक क्षेत्रहरु) : चेनज सहितको अवस्थिति उल्लेख गर्ने । प्रभावको स्तर, प्रकृति र फैलावटको व्याख्या गर्ने ।

## 3.1 EMP न्यूनीकरण उपायहरुको अनुमानित खर्चको हिसाब

| क्र. सं. | वस्तु सामग्री | परिमाण | दर (नेरु) | जम्मा रकम | BoQ no. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

३.२ स्थान विशेषको EMP Matrix

| चेनेज | स्थान (अवस्थिति) | विषयहरु ( मुद्दाहरु)/महत्व | सम्भावित प्रभाव | सुझाव गरिएका न्यूनिकरणका उपायहरु | BoQ | काम गरिने समय | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | नम्बर | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अन्य वातावरणीय सुरक्षा उपायहरु : सहायक परियोजनालाई वातावरणप्रति उत्तरदायी बनाउन निम्न सुरक्षाका उपायहरु पनि अपनाइने छन् ।

i. माटो फाल्ने स्थान (Tipping sites) : चेनेज सहितको स्थान उल्लेख गर्ने । निर्माण स्थलको अवस्था , फाल्नुपर्ने माटोको परिमाण, ढुवानी गर्नुपर्ने दुरी उल्लेख गर्ने । माटो फाल्ने स्थान छनौट गर्दा ठेक्काको सम्झौताका दफाहरु र ESMF को तालिका ३.२ लाई ध्यानमा लिनुपर्छ । टिपिङ गर्ने कार्ययोजना अनुसुची ७ अुनसार हुनुपर्नेछ ।

ii. बरोपिट : चेनेज सहितको स्थान उल्लेख गर्ने । निर्माण स्थलको अवस्था, खर्च र दुरीको व्याख्या गर्ने । ठेकेदारहरुले ठेकेदारको दफा ६५.१ को बोलकवल दर र ESMF को टेवल ३.२ अनुसार निर्माण सामग्रीको उत्खनन गर्नुपर्ने छ । बरो पिट कार्ययोजना अनुसुची मा उल्लेख भए अनुसार तयारी गर्नु पर्दछ ।

iii. उत्खनन् स्थल : चेनेज सहितको स्थान उल्लेख गर्ने । स्थलको अवस्था, झिकिने सामग्रीहरुको परिमाण उल्लेख गर्ने । उत्खनन् स्थललाई IEE ले स्विकृति दिएको हुनु पर्ने छ । निर्माण सामग्री उत्खनन गर्दा ठेकेदारले ESMF प्रकृया जुन ३.१५ मा उल्लेख छ को पालना गर्नुपर्दछ । उत्खनन् स्थल योजना अनुसुची ५ अनुसार तयार गर्नुपर्छ ।

iv. श्रमिक क्याम्प : चेनेज सहितको स्थान उल्लेख गर्ने । मजदुर क्याम्प व्यवस्थापन निर्देशिका ठेकेदारहरुले ६६.१ र ESMF मा उल्लेख भएको ३.४७ अनुसार पालना गर्नुपर्ने हुन्छ ।

v. निर्माण सामग्री भण्डारण गर्ने कक्ष, ठेकेदार क्याम्प र डिकेन्टर साइट : चेनेज सहितको स्थान उल्लेख गर्ने । यदि अन्य कुनै सम्भावित असरहरु पर्दछ भने सो उल्लेख गर्ने ।

५. अनुसूची

- तालिका : EMP विस्तृत (EMP संरचनाको म्याट्रिक्स)
- तालिका : EMP को लागि विस्तृत परिमाणको आंकलन
- वायो इनजिनियरिङ साइट प्लान, टिपिङ साइट, बरोपिट व्यवस्थापन, उत्खनन् स्थल व्यवस्थापन योजना
- क्षति पूर्ति स्वरुप पुन वृक्षारोपण योजना
- समुहका सदस्यहरुको नामावली ( हस्ताक्षर सहित)
- फोटोहरु
- अन्य (यदि छ भने)

**अनुसूची ५ : खानी क्षेत्र व्यवस्थापन निर्देशिका**

**खानी क्षेत्रको छनोट :**

1. खानी क्षेत्र गाउँ/मानव वस्ती, खानेपानीको मुहान, सार्वजनिक सम्पत्तिहरु जस्तै विद्यालय, हेल्थपोष्ट, पुल इत्यादी, धार्मिक क्षेत्र कृषि योग्य जमिन, आरक्षित वन र प्राकृतिक पानी वहावको क्षेत्र भन्दा टाढा अवस्थित हुनु पर्दछ ।
2. यो वन्यजन्तु आरक्षण क्षेत्रभित्र अवस्थित हुनु हुदैन ।
3. बगुवा पानी भएको खोलाको ग्राभेल झिकिने छैन यसले पानीको सतह वृद्धि हुन्छ साथै तेल अथवा अन्य पर्दाथ चुहावट हुन सक्ने खतरा हुन्छ ।
4. यसका लागि स्थायी र कृषि प्रयोजनका लागि अनुपयोगी ठाउँ छान्नु उचित हुन्छ ।
5. निर्माण सामग्रीको उत्खनन् गर्न उत्खनन् स्थल छान्नुभन्दा अगाडी स्थानीय समुदायसँग समन्वय गरी सम्बन्धित जग्गा धनीसँग स्वीकृत लिनुपर्नेछ ।

**सम्भावित वातावरणीय असरहरु**

- प्राकृतिक स्थानहरु र बनस्पति नष्ट हुनु
- भुस्खलन तथा भुक्षय वृद्धि हुनु
- प्राकृतिक पानीको वहाव व्यवस्थामा अवरोध उत्पन्न हुनु/सतही पानीको बहावले गर्दा बहाव क्षेत्रमा बालुवा जम्मा हुनु र पुरिनु ।
- पानी तथा धुँवा धुलो प्रदुषण
- खोलाको सतहबाट सामग्रीहरु निकाल्दा पुलहरुमा नराम्रो असर पर्न सक्दछ र पानीमा बस्ने प्रजातिहरुको वासस्थान नष्ट हुन सक्छ ।

**उत्खनन् कार्य सञ्चालन**

- रात्रिको समयमा काम गर्न निषेध गर्नुपर्दछ ।
- खानी क्षेत्रभित्र जनताहरुलाई हिडडुल गर्न दिनहुदैन ।

**करार सर्तहरु**

- ठेकेदारले सरकारसँग उत्खनन् क्षेत्रमा कार्य गर्नको  लागि आवश्यक वातावरणीय स्विकृति प्राप्त गरेको हुनुपर्दछ र परियोजना इन्जिनियरको सल्लाहमा सो कार्य गर्नुपर्दछ ।

**खानी क्षेत्र व्यवस्थापन र पुर्नस्थापना योजना**

1. यो योजनाले अनिवार्य रुपमा पुर्नस्थापनाको उपायहरु जस्तै नष्ट योग्य वस्तुहरुको व्यवस्थापन, स्लोप स्थायीत्व/भूक्षय नियन्त्रणका तरिकाहरु, ड्रेनेज प्याट्रन व्यवस्थापन उल्लेख गरेको हुनु पर्दछ ।
2. सुहाउँदो प्रस्तावित क्षति न्यूनिकरणका उपायहरु स्वीकृत र निश्चित गरिएको हुनुपर्छ ।
3. खानी क्षेत्र संचालन हुँदा पानीको बहावको व्यवस्थापन गरेको हुनुपर्छ ताकि खानी क्षेत्रमा बाढी र खानी क्षेत्र भन्दा तल कुनै उत्खननको अवशेषहरु जम्मा नहोस् ।
4. यो योजनामा काम गर्न सुरक्षा उपकरणको प्रयोग उल्लेख हुनु पर्दछ र नजिकैको घरहरु तथा वटुवाहरुलाई सुरक्षित राखिनु पर्दछ ।
5. योजनामा सतही माटोको प्रयोग गरि उचित ठाउँमा उचित वायो इन्जिनियरिङ गर्ने कुरा उल्लेख हुनुपर्दछ ।

**पुर्नस्थापना कार्य स्विकृति**

- ठेकेदारले प्रस्तुत गरेको पुर्नस्थापना योजनालाई निरिक्षण कन्सल्टयान्टले जाँचबुझ गरि सल्लाह सहितको स्विकृति प्रदान गर्ने छ ।
- निरिक्षण कन्सल्टयान्टले निर्माण सामग्रीको उत्खनन् योजनामा उल्लेख गरे अनुसार सञ्चालन तथा बन्द हुन्छ भन्ने कुरा निश्चित गर्नुपर्दछ ।
- प्रत्येक निर्माण कार्यहरुको भूत्तानी प्राप्त गर्नको लागि ठेकेदारले तथ्यांक भरेर उत्खनन् व्यवस्थापन र पुर्नस्थापना योजनाको स्विकृति निरिक्षण कन्सल्टयान्टसँग गराएर मात्र पाउनेछ ।
- अन्तिम भुत्तानी निर्माण कार्यहरु सम्पन्न भई सके निरिक्षण कन्सल्टयान्टले जाँचबुझ गरि स्विकृति दिए मात्र हुनेछ ।

**निरिक्षण तथा अनुगमनका सुचकाङ्कहरु :**

- योजनामा उल्लेख गरे अनुसारको क्षति न्यूनिकरण कार्यक्रमको कार्यन्वयन
- निर्माणाधिन खाल्डोमा पानी नजमेको वा नयाँ कुलेसाहरु नबनेको
- **खानी क्षेत्र** बन्द गरेको
- प्राकृतिक स्थल तथा हरियाली/वनस्पति पुर्नस्थापना
- इन्जिनियरको प्रतिवेदनले पुर्नस्थापना कार्य सकेको प्रमाणित गर्नेछ ।

**खानी क्षेत्र व्यवस्थापन र पुर्नस्थापना योजनाको खाका**

१. सहायक कार्यक्रमको नाम :.....................

सम्पर्क नम्बर ............................

सिभिल कार्यको अवस्थिति ...................................

स्थानीय स्रोतबाट प्राप्त हुन सक्ने आवश्यक निर्माण सामाग्रीहरु : ढूंगा/ग्रभेल/बालुवा /माटो ।

स्थानीय उत्खननबाट आवश्यकता पर्ने सामग्रीको परिमाण ........................................

२. **खानी क्षेत्र** चयन :

**खानी क्षेत्र** चयनका सुचकांकहरु (जस्तै कृषि कार्यको लागि अनुचित जग्गा, स्थायी स्लोप, न्यूनतम वातावणीय क्षति)

निर्माण सामग्रीका स्रोतहरु : ROW भित्र/व्यक्तिगत जग्गा/ सार्वजनिक जग्गा/वन (सामुदायिक/निजी/सरकारी) / उत्खननबाट निस्किएको अत्याधिक माटो / खोला/बरोपिट/सडकबाटो

छानिएको स्रोतबाट उपलब्ध हुने परिमाण (घनमिटरमा)............................

३. **खानी क्षेत्र**को स्वीकृति : नेपाल सरकारको संगठनहरु /निजिक्षपक्ष/समुदाय/जग्गा धनी (सहमतिपत्र संलग्न गर्ने)

.............................................

४. उत्खनन गर्ने तरिका र ढुवानी : कटाइको गहिराई /कटाइको उचाइ /ट्याक्टर/टिपर/मानव अथवा अन्य माध्यमहरु

५. उत्खनन गर्दा अपनाइने सावधानीहरु : .................................................

६. वातावारणमा पर्न सक्ने सम्भावित नकरात्मक असरहरु : ...............................................

७. पुर्नस्थापना योजना

- स्लोप टिमिङ गर्नु/भिरालोपन सम्याउनु
- **खानी क्षेत्र** भर्नु
- चेकवालको/टो वाल/वृक्षारोपण र वेन्चिङ्को आवश्यकता

८. अन्य थप विशेष सुरक्षा व्यवस्थापनको आवश्यकता :

९. वातावरणमा पर्न सक्ने नकरात्मक असरलाई न्यूनीकरण गर्ने तरिकाहरु :

१०. निरिक्षण कन्सल्टयान्ट अथवा इन्जिनियर/वातावरण विशेषज्ञको योजना अनुरुप पुर्नस्थापनाको प्रमाणीकरण

११. उत्खनन् योजनाको ढाँचा र नक्सांकन

- X-सेक्सन @ 5-10 मिटरको विचमा (चाहिएको ठाउँमा)
- परिमाण लागत सिट
- X सेक्सनको पुर्नस्थापना योजनाको नक्साकन

बुझाउने व्यक्ति : निरिक्षिण गर्ने व्यक्ति: स्विकृति प्रदान गर्ने व्यक्ति:

नोट : प्रत्येक निर्मणको भुक्तानी ठेकेदारले **खानी क्षेत्र** व्यवस्थापन र पुर्नस्थापना योजनाको डेटासिट भरे मात्र हुनेछ । अन्तिम भुत्तानी निर्माण कार्यहरु सम्पन्न भई सके निरिक्षण कन्सल्टयान्टले जाँचबुझ गरि स्विकृति दिए मात्र हुनेछ ।







**Site Plan & Section of Quarry Management**

**अनुसुची ६ : बरोपिट (borrowpit) व्यवस्थापन निर्देशिका**

बरोपिट चयनका दायराहरु :

१. पिट प्राकृतिक पानी वहाव क्षेत्र र पानीको मुल भएको ठाउँमा हुनु हुदैन ।

२. इनव्याक्मेन्ट  र सिँचाइ युक्त कृषि जमिनको छेउमा पिट हुनु  हुदैन । (१.५ मिटर टाढा हुनु पर्छ)

३. कृषि योग्य जमिनमा ४५ सेन्टिमिर भन्दा बढी गहिराईको पिट हुनु हुदैन ।

४. खोलाको छेउमा पिट निर्माण गर्दा खोलाको किनार भन्दा १५ मिटर टाढा हुनु पर्छ  ।

५. बरोपिट निर्माण घाँसे मैदान, मानव वस्ती, आरक्षित क्षेत्रहरु, बन जंगल, अस्थायी पहाडी भुभाग , सिमसार, खोल्सी र दुलर्भ बोटविरुवा तथा बन्यजन्तु हुने ठाउँमा निषेध गर्नुपर्छ ।

६. रुख तथा वनस्पति फडानीलाई निरुत्साहित पारिनेछ ।

**सम्भावित वातावरणीय असरहरु :**

- प्राकृतिक भुभाग तथा वनस्पति विनास
- प्राकृतिक पानी वहावमा अवरोध जसले पानी जम्ने र पानी प्रदुषण हुने गर्दछ ।

**बरो पिट कार्यान्वयन/पुर्नस्थापनाः**

७.तराई क्षेत्रमा प्रशस्त पिच भएको र नियमित पानी वहाव हुने गरि पिटको पुर्नस्थापना गर्नुपर्दछ ।

८. स साना निर्माण सामग्रीहरुको उचित भण्डारण गर्नु पर्दछ । जसले प्राकृतिक वहावमा कुनै बाधा नपुर्‍याओस् ।

९. जमेको पानीलाई प्रशस्त पानीको वहाव बनाएर वाहिर निष्कासन गरिनेछ ।

१०. निर्माण क्षेत्रलाई कम भिरालो स्थायीत्व अवस्थामा राखिने छ ।

११. प्रभावित क्षेत्रमा उचित बोटविरुवाको वृक्षारोपण गरिने छ ।

**बरो पिटको अनुमान लागत तथा डिजाइन**

- क्षेत्र छनौट र पुर्नस्थापनाका दायराहरुलाई ध्यानमा राखि परामर्शदाताले पिटको स्थान, नक्सा र स्पेसिफिकेसन दिनेछ ।
- निर्माण कामको दौरानमा थप पिटको आवश्यकता महसुस भएको खण्डमा इन्जिनियरको स्विकृतिमा ठेकेदारले क्षेत्र छनौट र पुर्नस्थापनाका दायराका आधारमा  अन्य क्षेत्र चयन गर्न सक्नेछ ।
- ठेकेदारले सामग्री उपलब्ध गराउने दरमा नै यो समाहित हुनु पर्दछ ।
- क्षति न्यूनिकरण र पुर्नस्थापना योजनाको लागत  EMP अन्तर्गत छुट्टै तयार पारिने छ ।

**निरिक्षण तथा अनुगमनका सुचकांक हरु**

- पिटको सञ्चालन र बन्द योजना अनुसार नै भइराखेको छ भन्ने कुरा इन्जिनियरले निश्चिन्त गर्दछ ।
- भुक्षय नियन्त्रण कार्यको कार्यन्वयन - पानी जमेको र पानीमा हिलो माटो नदेखिएको हुनु पर्ने ।
- प्राकृतिक भुभाग र वनस्पति पुर्नस्थापित गरिएको ।
- पुर्नस्थापना कार्य समापन भइसकेको बारेमा इन्जिनियरको रिर्पोट ।

## अनुसुची ७ : टिपिङ्ग साइट (Tipping Site) व्यवस्थापन निर्देशिका

टिपिङ साइट छनौट

१. सम्भावित टिपिङ साइटको चयन सम्भावना अध्ययन/हिंडेर गरिने सर्वेको आधारमा EMP तयारी पश्चात् इन्जिनियरिङ पद्धतिबाट गरिनेछ ।

२. टिपिङ साइट चयन गर्नको लागि निम्नलिखित कुराहरु ध्यानमा राख्नु पर्दछ ।

क) सडक निर्माण नजिकै समथल परेको बाँझो जग्गा

ख) बाटो अझ बढी फराकिलो बनाउन

ग) सार्वजनिक तथा व्यक्तिगत जग्गा सुधार गर्न

घ) अन्य सामुदायिक संरचना जस्तै विद्यालयको लागि खेलकुद मैदान निर्माण गर्न

ङ) यदि उपयुक्त स्थान नष्टजन्य वस्तुहरुको नजिकै नपाईएको खण्डमा सडकमै फैलाउनुपर्छ ।

३. टिपिङ साइट कमजोर तथा अस्थायी हुनु हुदैन जुन भु क्षय तथा पहिरोले नष्ट गर्न सकोस् । सिमसार र अन्य आरक्षित क्षेत्रहरु चयन गर्नु हुदैन ।

४. यसले प्राकृतिक पानीको वहाव व्यवस्था र सार्वजनिक सम्पत्ति तथा भौतिक पूर्वाधारहरुलाई नोक्सानी पुऱ्याउनु हुदैन ।

**सम्भावित बातावारणीय असरहरु**

- भूक्षयले गर्दा वनस्पतिको नास हुने र पहिरो जाने सम्भावना, सतही माटो र वनस्पति हट्ने हुँदा भिरालो जोखिमपूर्ण हुने
- निजि सम्पत्ति तथा जग्गा र सार्वजनिक भौतिक संरचनाहरु भत्किन सक्ने
- प्राकृतिक पानी वहावमा अवरोध र पानी प्रदुषण

**टिपिङ साइटको अनुमानित लागत तथा डिजाइन**

५. टिपिङ साइट रिटेनिङ्ग र अन्य बचाउका संरचनासहित सडक योजनामा नै देखाउनुपर्छ ।

६. उत्खनन्बाट निस्किने अधिक माटोको हिसाब राख्न माटोको कार्यको हिसाबसिटमा नै एउटा कोलुमको व्यवस्था गर्नुपर्दछ । (तलको तालिका हेर्नुहोस् )

७. उत्खनित वस्तुहरुको परिणाम, ढुवानी दुरी, किसिम र लागत विस्तृत रुपमा मुल्य लागत अनुमान गरि BOQ मा उल्लेख गर्नु पर्दछ ।

८. यदि कुनै पनि किसिमको परिवर्तनको आवश्कता ठेकेदारले पहिचान गरेको खण्डमा विस्तृत टिपिङ साइटको जानकारी गराई प्रोजेक्ट म्यानेजरको स्विकृति लिनु पर्ने छ ।

९. प्राकृतिक पानी वहाव व्यवस्था र अन्य ठाउँको क्षति न्यूनिकरण गर्नको लागि सम्भावित प्रयासहरुको डिजाइन र मुल्य लागत उल्लेख गरेको हुनुपर्दछ ।

**टिपिङ साइट निर्माण र कार्य सञ्चालन**

१०. उत्खनन कार्य गर्दा ढुंगा हुत्याउने कार्य गर्नु हुदैन वरु सडकलाई भविष्यमा असर नपर्ने गरि मिलाएर राख्नु पर्छ ।

११. भीरको भार घटाउन साना साना गराहरु निर्माण गरी Landfill तयार गरिन्छ । अधिक माटोलाई डिजाइन गरिएको स्थलमा व्यवस्थापन गर्नुपर्दछ ।

१२. थुपारिएको स्पोइल मास तोवाल र चेकवाल बनाई नियन्त्रण गर्नुपर्छ । खुल्ला सतहलाई वायोइन्जिनियरिङ्ग गरि बलियो बनाउनुपर्छ ।

१३. स्पोइल मास स्पोइल टिपमा थुपारीसके राम्ररी पुर्ने, खाँद्ने तथा सम्याउने कार्य गर्नुपर्दछ ।

**निरिक्षण तथा अनुगमनका सुचकांकहरु :**

- माटो बग्न सक्ने क्षेत्रको सुरक्षा- भूक्षयको स्थिति, माटो भिक्ने, भूस्खलन र सार्वजनिक सम्पति तथा भौतिक संरचना नष्ट भएको हुनु हुदैन ।
- प्रयाप्त हरियाली हुनुपर्छ

**तालिका : Earthwork quantity मुल्याङ्कन सिट**

| क.स. | चेनेज | दुरी | X सेक्सनल एरिया(मि२) | | मिन एरिया | | अर्थवर्क भोलुम | | बढि परिमाण | नजिकै माटो भर्ने क्षेत्र | | नष्ट जन्य वस्तु | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | किमि km | मी. m | कटान Cut | पुरान Fill | कटान Cut | पुरान Fill | कटान Cut | पुरान Fill | ('8-9) | मात्रा Qty (m3) | ढुवानी दुरी Haulage distance (m) | मात्रा Qty (m3) (10-11) | ढुवानी दुरी Haulage distance (m) |
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

**टिपिङ साइट योजनाको खाका**

जिल्ला :
सडकको नाम :
चेनेज :
डिस्पोज गर्नु पर्ने वस्तुको परिमाण

| स्पोइलको स्रोत | | | चयन गरिएको टिपिङ्ग साइट | | | | व्यवस्थापनका उपायहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| खण्ड (किमि) | | मात्रा* | चेनेज | भूउपयोग | क्षेत्र | स्पोइलको स्रोतदेखि ढुवानी दुरी | | |
| देखि | सम्म | मी | किमि | | मी | किमि | | |
| Fill this from earthwork calculation sheet | | | | Barren land. / gulley/ reclamation of bari etc | | | DESSCribe about drainage management, provision of toe/check wall / bioengineering measures etc | |
| | | | | | | | | |
| | | | | | | | | |

*The Quantity and haulage distance of spoil soil to be disposed goes to as an item of Cost estimate/BoQ of civil works.




**Spoil Management Plan**

### अनुसुची ८ : पानी व्यवस्थापन निर्देशिका

#### सम्भावित वातावरणीय असरहरु

- सतहको पानी एकै प्राकृतिक नालामा जम्मा हुँदा थेग्न नसक्नु
- भुक्षय, नयाँ साना साना नालीको निर्माण हुनु, अस्थिर स्लोप र सतहमा सेडिमेन्टेसन हुनु
- बोटविरुवा, खेती योग्य जमिन, बनजंगल र अन्य सर्वजनिक संरचना तथा सम्पति नष्ट हुनु

#### सुरक्षित किसिमबाट नाला निर्माण गरि पानी वाहिर पठाउनु

- एकचोटी प्राकृतिक वहावको नाला नष्ट गरिएको छ भने त्यस्तो अवस्थामा सतही तथा स्लोपको पानी वहावको व्यवस्थापन रिप र्‍याप ड्रेन, क्याच ड्रेन र अन्य सुरक्षित साना नाला निर्माण गरेर सतहको पानीलाई निकास दिनुपर्ने हुन्छ ।
- सम्भव भएसम्म सडकमा जम्मा भएको पानीलाई प्राकृतिक नाला अथवा सानो नालाबाट बाहिर निकाल्नु पर्दछ ।
- जम्मा भएको पानीलाई अन्यत्र निकासा गर्नु पर्ने भयो भने स्थानीय व्यक्तिसँग पर्याप्त छलफल गरि उचित ठाउँमा निकास दिनु पर्दछ ।
- धान खेती हुने जग्गामा पर्याप्त सिचाँइ व्यवस्थाको लागि स्थानीय व्यक्तिहरुसँग समन्वय गरि क्रसिङ पोइन्ट पत्ता लगाउनु पर्दछ ।

#### डिजाइन र लागत मुल्याङ्कन

- भित्री तर्फ र बाहिरी तर्फ क्रस नाला/कल्भर्टहरुको डिजाइन गर्दा प्रशस्त सुरक्षित हिसाबले गर्नु पर्दछ । यसले सम्भावित माटो बगाउने, पानी जम्ने, भल, बाढी, भुक्षय इत्यादिबाट जोगाउँछ ।
- नाला तथा खोल्साको पानीको हाइड्रोलिग इनर्जी कम गर्न कासकेट, च्युट्स र चेकडयामबाट पानी निष्कासन गरि प्राकृतिक वहावमा पठाउनु पर्छ ।
- ठाडो खोल्सीको पानीको गति नियन्त्रण गर्नको लागि कास्केट र प्रशस्त चेक ड्यामहरुको निर्माण गर्नपर्दछ । यसले गर्दा हुन सक्ने भुक्षय नोक्सानीबाट बचाउँछ ।
- सिचाँइ क्रसिङ निर्माणको डिजाइन गर्दा प्रशस्त आन्तरिक र बाह्य आउटलेट राख्नु पर्दछ ।
- माथिको प्रावधानहरुलाई ध्यानमा राखेर प्राविधिकले पानी व्यवस्थापनको डिजाइन, नक्सांकन र लागत स्टमेट तयार पार्नु पर्दछ ।

#### निरिक्षण/अनुगमनको सुचकांक

- इन्जिनियरले पानी व्यवस्थापन कार्यको निर्माण दिइएको डिजाइन र मापदण्ड अनुसार भएको छ छैन भनेर निश्चित गर्नु पर्ने हुन्छ ।
- प्रभावकारी पानी व्यवस्थापन- नयाँ र भरखरैको भुक्षयको प्रमाण हुनु हुदैन अथवा समथर क्षेत्रमा ससाना नाला बनेको हुनु हुदैन ।
- कृषि जन्य भूमि तथा वनको नास हुनुहुदैन, सडक छेउछाउ भीर खस्नुहुदैन ।

## अनुसुची ९ : वायो इन्जिनियरिङ कार्य

| १. स्थान छनौटका लागि निर्देशिका | | | |
|---|---|---|---|
| **सुचकांकहरु** | | **किसिम** | |
| **१. स्लोप सेगमेन्टको औसत स्लोप एंगल मापन गर्नु** | | ३० डिग्री भन्दा कम | |
| | | ३०-४५ डिग्रीको विचमा | |
| | | >४५ डिग्री | |
| **२. स्लोप सेगमेन्टको स्लोप लम्बाई मापन गर्नु** | | <१५ मि. | |
| | | >१५ मि. | |
| **३. तल उल्लेखित विशेषताहरुलाई ध्यानमा राखेर स्लोप माटोको नाला निर्माण सामग्री लाई राम्रो अथवा नराम्रो भनी वर्गीकरण गर्नुहोस ↓** | | **राम्रो नाला ↓** | **नराम्रो नाला ↓** |
| | सबै नाला | सजिलै पानी बग्ने सामग्री पानी परे तुरुन्तै सुक्नु | विस्तारै पानी बग्ने सामग्री पानी परिसके धेरै समय सुक्नु |
| | माटोको कण आकार | कोष टेक्चर्स, लोर्म्स र बालुवा मिसिएको माटो | मसिनो टेक्चर्स, माटो , क्ले र सिल्ट माटो |
| | पोरोसिटी | ठूलो इन्टर कनेक्टीड पोरस | सानो पोरस |
| | सामग्रीको किसिम | चटान युक्त कोलिबल डेब्रिज, टुक्रिएको ढुंगा, बलौटे र ग्राभेल जम्मा भएको | मसिनो टेक्चर्स माटोबाट बगेको डेब्रिस, स्लम्स (रातो माटो) |
| | स्लोपका प्रकार | माटो खसेर बनेको स्लोप, चट्टानयुक्त डेब्रिसमा कटान स्लोप | स्लोपलाई तल सतहदेखि नै कटान |
| **४. सेग्मेन्ट मोइस्चरको परिभाषागर्दै ४ वटा प्रकार उल्लेख गर्नु ↓** | | | |
| | भिजेको | स्थायी किसिमको भिजेको क्षेत्र (उत्तर मोहडा भएको नाला क्षेत्र) | |
| | ओसिलो | अरु कुनै कारणले छायाँमा परेको वा ओसिएको क्षेत्र | |
| | सुक्खा | सामान्य सुक्खा हुने क्षेत्रहरु | |
| | धेरै सुक्खा | धेरै सुक्खा हुने क्षेत्रहरु, यिनीहरु प्राय सधै तातो नै हुन्छ (दक्षिण मोहडा भएको कटान स्लोपहरु | |
| **५. उचाई** | | | |
| | | स्थानको उचाई निश्चित गर्नुहोस् ±१०० मिटर (अल्टिमिटर, नक्सा अथवा निर्माण क्षेत्रको नक्सा प्रयोग गर्नु ) | |
| **६. जग्गा व्यवस्थापन अभ्यास** | | • चरण गरिएको घाँसे मैदान रुख विरुवा तथा भाडी फडान गरिएको<br>• सामान्य खेती पाती हुन छेउछाउ क्षेत्र<br>• कुलो नालबाट पानी चुहावट हुने | |
| **७. हाल रहेका वनस्पतिका प्रकारहरु** | | • बहुसख्यक रुख प्रजातिहरु<br>• बहुसंख्यक झाडी प्रजातिहरु<br>• बहुसंख्यक घाँस प्रजातिहरु | |
| **८. फ्रन्ट इलिभेसन्स/सेक्सन स्लोप योजना** | | स्लोपको सम्बन्ध सडक सँग देखाउँदा यसको लम्बाई, चौडाइ र अरु विशेषताहरु उल्लेख गर्नुहोस | |

वायो इन्जिनियरिङ प्रविधिको छनौट :

माथिको तालिकामा उल्लेख गरिएको सुचकांकहरु जस्तै - स्लोप लेन्थ, स्लोप एंगल, नाला निर्माणका सामग्रीहरु र साइट मोइस्चरको ख्याल गर्नुपर्छ । तलको टेबल अनुसार  हामी उपयुक्त वनस्पति पवर्द्धन प्रविधि छान्छौं  । यो सामान्य निर्देशिका  हो, अन्य सडक/स्थान विशेषता अनुरुपको फरकपन प्राविधिकले छनौट गर्नुपर्छ ।

**Guidelines for applying bio-engineering techniques to all slopes**

| Slope angle | Slope length | Material drainage | Site moisture | Optimal technique |
|---|---|---|---|---|
| **START** | ➔ | ➔ | ➔ | ➔ |
| > 50° | > 15 metres | Good | Damp | Diagonal grass lines |
| | | | Dry | Contour grass lines |
| | | Poor | Damp | 1 Downslope grass lines and strengthened rills or<br>2 Chevron grass lines and strengthened rills |
| | | | Dry | Diagonal grass lines |
| | < 15 metres | Good | Any | Jute netting and planted grass |
| | | Poor | Damp | 1 Downslope grass lines or<br>2 Diagonal grass lines |
| | | | Dry | 1 Jute netting and planted grass or<br>2 Contour grass lines or<br>3 Diagonal grass lines |
| 35 - 50° | > 15 metres | Good | Any | 1 Horizontal bolster cylinders and shrub/tree planting or<br>2 Downslope grass lines and strengthened rills or<br>3 Grass seeding, mulch and wide mesh jute netting |
| | | Poor | Any | 1 Herringbone bolster cylinders and shrub/tree planting or<br>2 Another drainage system and shrub/tree planting |
| | < 15 metres | Good | Any | 1 Brush layers of woody cuttings or<br>2 Contour grass lines or<br>3 Grass seeding, mulch and wide mesh jute netting |
| | | Poor | Any | 1 Diagonal grass lines or<br>2 Herringbone fascines and shrub/tree planting or<br>3 Herringbone bolster cylinders and shrub/tree planting or<br>4 Another drainage system and shrub/tree planting |
| <35° | Any | Good | Any | 1 Contour strips of grass and shrubs/trees or<br>2 Shrub/tree planting |
| | | Poor | Any | 1 Diagonal lines of grass and shrubs/trees or<br>2 Shrub/tree planting |
| **Any** | Any | Any rocky material | | Direct seeding of shrubs or shrubs/small trees |

Notes. 'Any rocky material' is defined as material into which rooted plants cannot be planted but seeds can be inserted in holes made with a steel bar.
Chevron pattern: <<<<<    Herringbone pattern: ←←←←← (like the bones of a fish).




Sample Elevational Plan of Bio-engineering work




Sample Sectional View of Plantaion




Rip-rap drain

## ३. बायो इन्जिनियरिङ कार्यको लागि लागत मुल्याङ्कन नमुना

राष्ट्रिय ग्रामिण यातायात सुदृढिकरण कार्यक्रम

सुक्खा सिजन सडक

विस्तृत लागत परिमाण

बायो इन्जिनियरिङ कार्यहरु

सडकको नाम : .................................... **Ch0+000 - 9+400**

जिल्ला : .......

| S.N. | Name of Work | Nos | Length (m) | Breadth (m) | Height (m) | Quantity | Unit | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Slope trimming works: with stripping of top soil of about 15 cm deep or reapplication it at depression within a lead up to 100 m along the lead route | 1 | 30.00 | 15.00 | | 450.00 | m2 | B=(20+10)/2 = 15 m |
| 2 | Construction of check walls with gabion retaining wall | 1 | 15.00 | 2.50 | m2 | 37.50 | m3 | |
| 3 | Construction of Dry stone toe wall | 1 | 10.00 | 0.80 | m2 | 8.00 | m3 | |
| 4 | Construction of Rip-rap drains with the stone pitching work. | | | | | | | |
| | Main drain | 1 | 30 | 1 | 0.2 | 6 | | |
| | Branch drain | 2 | 10 | 1 | 0.2 | 4 | | |
| | Branch drain | 2 | 7 | 1 | 0.2 | 2.8 | | |
| | **Sub total** | | | | | **12.8** | m3 | |
| 5 | Planting rooted grass slips on slopes < 45˚ including preparation of slips on site. Operation includes digging planting holes to a maximum of 5 cm depth with metal or hardwood peg, depending on nature of soil. The planting drills should be spaced 10 cm apart. | 1 | 30.00 | 15.00 | | 450.00 | m2 | B=(20+10)/2 = 15. Area of brush layer has to be deducted |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 6 | Brush layering work: including preparation of terraces of 30 - 40 cm wide and laying live cuttings of selected species along the terrace @ 5 cm c/c with 2/3 of cuttings in to terrace and leaving one bud and up to 1/3 of the cuttings sticking beyond the terrace edge ( Cutting can be of assuro, simali etc of 45 - 60 m length) | 30 | 15 | | | 450 | m | |
| 7 | Preparation and planting of live pegs of selected species (e.g. assuro, namdiphul,simali) of minimum 1 m length to 0.5 m depth into hard ground. Pegs spaced at 5 cm centers within rows, | LS | | | | 40 | M | This item is also termed as palisade |

**अनुसुची १० : श्रमिक क्याम्प निर्देशिका**

**श्रमिक क्याम्प स्थापना**

वातावरणिय तथा सामाजिक व्यवस्थापन रुपरेखा (ESMF) को प्रभावकारी कार्यान्वयन होस् र समाज तथा वातावरणमा कुनै पनि किसिमको नकरात्मक असर नपरोस्, दिगो विकासको सुनिश्चितता होस् भनेर श्रमिक क्याम्प निर्देशिका तयार गरिएको छ। GESU-DOR ले प्रकाशित गरेका विभिन्न वातावरणीय र सामाजिक दस्तावेजलाई आधार मानी SNRTP द्वारा लगानी गरेका ग्रामीण तथा कृषि सडकहरु र पुल-पुलेसा निर्माणको लागि तयार पारिएको निर्देशिका हो। श्रमिक क्याम्प स्थापना गर्नु भनेको जैविक, भौतिक, सामाजिक र आर्थिक वातावरणमा प्रत्यक्ष प्रभाव पार्नु हो । त्यसकारण वातावरण र समाजमा पर्ने नकरात्मक प्रभावबाट जोगाउन यो निर्देशिका तयार पारिएको छ। ठेकेदारले यस निर्देशिकालाई पालना गरि परियोजनाले दिइएको काम सहज किसिमबाट कामदार र समाजलाई फाइदा हुने गरि सम्पन्न गर्न सक्छन्। त्यस्तै सो कार्यको लागि केन्द्रिय निरिक्षण टोलिले अनुगमन गर्ने छ। परियोजना छेउमा श्रमिक क्याम्पको लागि स्थान चयन भइसके ठेकेदारले श्रमिक क्याम्पको विस्तृत विवरण परियोजनालाई बुझाउनुपर्छ। लेआउट योजना जसमा अस्थायी निर्माण, नाला र अन्य सुविधाहरु उल्लेख गरेर क्याम्प साइट निर्माण नसकुन्जेलसम्म ठेकेदारले श्रमिकको लागि अस्थायी बसोबासको व्यवस्था गर्नु पर्दछ। यसका लागि अतिरिक्त पैसा श्रमिक सँग लिन पाइने छैन।

बसोबासको सुविधा

१. वाहिरी क्षेत्रका श्रमिकहरुको लागि ठेकेदारले बस्ने व्यवस्था गरिदिनु पर्दछ। महिला तथा पुरुष श्रमिकको लागि छुटाछुट्टै कोठा हुनु पर्छ। यदि श्रीमान श्रमिती नै श्रमिक छन भने तिनिहरुलाई छुट्टै बस्ने व्यवस्था गरिदिनु पर्दछ।

२. कामको अवस्था, श्रमिक सख्या र लिंगको आधारमा श्रमिकहरुको लागि बसोबासको व्यवस्थाका लागि डिजाइन गरि निर्माण गर्नुपर्दछ।

३. काम गर्ने बेलामा पोशाक परिवर्तन गरेर काम गर्ने श्रमिकको लागि छुट्टै पोशाक परिवर्तन गर्ने कोठा उपलब्ध गराउनुपर्दछ। महिला तथा पुरुषलाई छुटाछुट्टै कोठा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ।

४. ठेकेदारले श्रमिकहरुलाई खुल्ला भूइमा सुताउनु हुदैन। काठ अथवा बाँसबाट बनेका कम्तिमा १२ इन्चि अग्लो खाट दिनु पर्छ। यदि २ जना सुत्न मिल्ने खाट दिइएको छ भने यसको चौडाइ ४८ इन्च भन्दा घटी हुनुहुदैन। तला भएको सुत्ने ठाउँ भए कम्तीमा २७ इन्चको फरक हुनुपर्छ। ३ जना सुत्न मिल्ने खाट प्रयोग गर्न दिनु हुदैन।

**खाना र इन्धन**

५. स्तरिय खाना र सफा पानीको व्यवस्था मिलाउने जिम्मा ठेकेदारको हुनेछ । यदी मजदुरहरु आफै खाना तयार गर्छन् भने ठेकदारले खाना पकाउने व्यवस्था मिलाइ दिनुपर्दछ । खाना पकाउनका लागि कानुनले स्वीकृति दिएको इन्धन प्रयोग गर्नु पर्छ। यस्ता भान्सा कोठा कम्तीमा पानीको मुहान भन्दा १० मिटर टाढा हुनु पर्दछ ।

६. जाडो समयमा यदि श्रमिकले क्याम्प प्रयोग गर्छन भने उनीहरुलाई प्रयाप्त मात्रामा शरिर तातो बनाउने उपकरण तथा प्रयाप्त भात्रामा ओड्ने तथा औछ्याउने सामग्रीहरु उपलब्ध गराउनु पर्दछ ।

७. खाना र आरामको लागि प्रयाप्त सुविधाहरु उपलब्ध गराउनु पर्छ। यदि खाना काम गर्ने क्षेत्रमा नै उपलब्ध हुदैन भने उनीहरु आफूले ल्याएको खाना भण्डारण गर्ने र आवश्यक परे तताउने सुविधा मिलाइदिनु पर्दछ।

**पानी र सरसफाई**

८. प्रस्तावित श्रमिक क्याम्पको लागि प्रशस्त पानीको भण्डारन गर्ने व्यवस्था मिलाइएको हुनु पर्दछ ।

९. निर्माण स्थलमा काम गर्ने श्रमिकहरुको लागि उक्त ठाउँमानै शुद्ध सफा पिउने पानीको मापदण्ड अनुसार व्यवस्था मिलाउनु पर्दछ।

१०. क्याम्पको क्षमता अनुसार शौचालयको व्यस्था हुनु पर्दछ। शौचालयको अनुपात१:१५ अनुसार हुनु पर्दछ ।

११. शौचालयमा प्रयाप्त प्रकास तथा सरसफाइको व्यवस्था हुनुपर्छ । शौचालयको प्रयोगको लागि पानी ट्याङ्क तथा बाल्टीबाट उपलब्ध गराइने ।

१२. शौचालयमा ढलको व्यवस्था नभएको अवस्थामा वातावरण मैत्री शौचालयको निर्माण गरिनुपर्दछ । अस्थायी शौचालयलाई प्लाष्टिक तथा बाँसको प्रयोग गरेर घेरघार पार्नु पर्दछ । ठेकेदारले खुल्ला दिशामुक्त क्षेत्रको सुनिश्चितता गर्नु पर्दछ।

१३. क्याम्पमा निर्माण गरिने छुटाछुट्टै शौचालयमा महिला तथा पुरुष बुझिने संकेतको प्रयोग र भाषा लेखिएको हुनुपर्छ । यदि एउटै भवनमा शौचालय बनाइएको छ भने महिला तथा पुरुष श्रमिकहरुको लागि भनेर पर्खाल, पार्टेशन गरि छुटाछुट्टै पार्नु पर्दछ।

१४. कामको प्रकृति हेरि श्रमिकहरुको लागि नुहाउने तथा मुखधुने ठाउँको व्यवस्था गराईदिनु पर्दछ। ५-१० मजदुरको लागि एउटा बेसिन हुनु पर्दछ भने १० देखि १५ जनाको लागि एउटा नुहाउँने धारा हुनु पर्दछ। महिला पुरुषका लागि छुट्टाछुट्टै बेसिनको व्यवस्था हुन पर्दछ।

**प्रकाश**

१५. विद्युतको व्यवस्था भएको ठाउँमा हरेक कोठामा विजुली बल्व जडान गर्नु पर्दछ। शौचालय, आदिमा विजुलिको व्यस्था मिलाइएको हुनु पर्दछ। स्थानीय बासीलाई असर नपर्ने गरि विद्युतको प्रयोग पर्दछ ।

**फोहोर थन्क्याउने**

१६. ठेकेदारले फोहोर थन्कयाउनको लागि क्याम्प क्षेत्र भन्दा १०० फिट टाढा इटा, काठ तथा धातुले बनेका कन्टेनरको व्यवस्था मिलाउनु पर्दछ । उक्त नष्ट गर्ने सामग्रीमा आगो लगाउँदा नजिकैको जनसंख्या, छिमेकी तथा क्याम्पमा बसनेहरुलाई कुनै पनि किसिमको हानी हुनु हुदैन।

१७. फोहोर सामान थन्कयाउने कन्टेनर सफा राखिनु पर्दछ । यो भरिने वित्तिकै खाली गर्नु पर्दछ । अनिवार्य रुपमा हप्तामा २ चोटी यो सफा गर्नु पर्दछ ।

१८. यदि फोहोर गाड्ने हो भने जैविक फोहोरलाई मात्र खाल्डोमा गाड्नु पर्दछ । अजैविक फोहोरलाई कन्टेनरमै राख्ने र व्यवस्थित रुपले थन्कयाउनु पर्दछ । कुहिने सामान गाड्ने खाल्डो क्याम्प क्षेत्र भन्दा कम्तिमा १५० फिट टाडा हुनु पर्दछ र उक्त कार्यले नजिकैको खानेपानीको मुहान प्रदुशित र सरुवा रोग फैलाउन सक्दैन भन्ने कुरामा ठेकेदार सचेत हुनु पर्दछ। उक्त खाल्डो फोहोर गाडि सके पत्येक दिन ढाक्ने गर्नु पर्दछ ताकि झिंगा, किरा फट्यांग्रा, मुसा नफैलिउन्।

१९. तरल फोहोर पदार्थ सोझै पानीको सतहमा पठाउन पाइने छैन। झिंगा तथा लामखुट्टेबाट क्याम्पलाई बचाउन ठेकेदारले उचित फोहोर बग्ने नालीको व्यवस्था मिलाउनु पर्दछ ।

**स्वास्थ्य र प्राथमिक उपचार**

२०. काम गर्ने श्रमिकहरुको लागि निर्माण स्थलमानै ठेकेदारले पयाप्त स्वाथ्य सुविधाहरु उपलब्ध गराउनु पर्छ। १०० जना भन्दा बढी श्रमिकहरुको लागि स्थायी रुपमा एक जना स्वाथ्यकर्मीको व्यवस्था श्रमिक क्याम्पमा गर्नु पर्दछ।

२१. प्रत्येक निर्माण स्थलमा प्राथमिक उपचार बक्स आवश्यक सामाग्री सहित र स्ट्रेचरको व्यवस्था गर्नु पर्दछ ।

२२. १ जना श्रमिकलाई उक्त कार्यको लागि जिम्मेवारी दिनु पर्दछ  र उ सँधै कार्य क्षेत्रमा उपस्थित हुनु पर्दछ ।

२३. उसलाई प्राथमिक उपचारसँग सम्बन्धित विषयमा आवश्यक ज्ञान  र तालिम दिनु पर्दछ ।

२४. प्राथमिक उपचार गराउने जिम्मेवारी ठेकेदारको हुने छ । ठेकेदारले दुर्घटनामा परेका कामदार वा अकस्मात बिरामी परेका कामदारले प्राथमिक उपचार पाएको सुनिश्चितता गराउनु पर्दछ ।

२५. प्राथमिक उपचार बक्समा सेतो रंगमा प्रष्ट गरि  रेडक्रसको चिन्ह बनाउनु पर्दछ  र उक्त बाकसमा तल उल्लेख गरिएको सामग्रीहरु राखिएको हुनु पर्दछ

- केही साना, मध्यम र ठूला ब्यान्डेजहरु,
- आयोडिन युक्त २ प्रतिशत अल्कोओलिक शोलुसन १ बोतल (३० मिलि लिटर),
- साल्भोलाटाइल बोतल १ (३० मिलि लिटर),
- एउटा सर्पदन्स ल्यान्सेट,
- एक जोडी निर्मलीकरण गरिएका कैंची,
- १ प्रति प्राथमिक उपचार पर्चा,
- एस्पिरिन, प्यारासिटामोल, डाइजीन, मेट्रोनिटाजोल ट्याब्लेटको १ देखि २ पत्ता,
- पोलेको बेलामा लगाउने मलहम,
- सुहाउँदो एनटीसेफटीक सोलुसन,
- आईवास, आदि ।

२६. अस्पतालसम्म सहजै पुग्न सक्ने गाडीको व्यवस्था मिलाउनु पर्दछ  । घाइते तथा विरामीलाई गाडी अथवा एम्बुलेन्सबाट नजिकैको अस्पताल पुर्‍याउने व्यवस्था पहिले नै मिलाएर राख्नु पर्दछ ।

२७. यदि अस्पताल टाढा छ भने निर्माण स्थलमा नै  आकस्मिक उपचार गर्ने कक्ष स्थापना गर्नु पर्दछ  र घाइतेलाई समयमै अस्पताल लैजानु पर्दछ ।

२८. किराफट्यांग्रा नियन्त्रण गर्न प्रभावकारी उपायहरु अवलम्बन गर्नुपर्छ । श्रमिकहरुलाई गर्मी समयमा मच्छरदानी दिनुपर्छ ।

**आगोबाट सुरक्षा**

२९. निर्माण क्याम्पमा अग्निसमन यन्त्रको सुविधा उपलब्ध हुनु पर्दछ ।

३०. क्याम्पमा अग्निसमन यन्त्र सहजै भेट्ने स्थानमा र लेखिएको स्थानमा उपलब्ध हुनु पर्दछ ।

३१. प्रत्येक श्रमिकहरुलाई अग्निसमय यन्त्र चलाउन तालिम सिकाइएको हुनु पर्दछ ।

३२. आगो सजिलै सँग टिप्न सक्ने प्रज्वलनशील प्रदार्थ भण्डारण गरेको कक्षमा कम्तिमा एउटा अग्निसमन यन्त्र उपलब्ध गराउनु पर्दछ ।

३३. अग्नी समन यन्त्र राखेको ठाउँमा चित्र वा पोस्टर राखेर सबैले बुझ्ने बनाउनु पर्दछ ।

३४. अग्नीसमन यन्त्र सुहाउँदो साइज र किसिमको हुनु पर्दछ ।

३५. अग्नी समन यन्त्र एकचोटी प्रयोग गरिसके तुरुन्त यसलाई भर्नु पर्दछ अथाव अर्को ल्याउनुपर्दछ र यथास्थानमा राख्नु पर्दछ ।

३६. अनुभवि श्रमिकले कम्तिमा महिनामा १ चोटी अग्नीसमन यन्त्रको अवलोकन गर्नु पर्दछ । अवलोकन गर्दा अवलोकन गरेको मिति र समय ट्याग्मा उल्लेख गर्नु पर्दछ ।

**अन्य**

३७. क्याम्प क्षेत्रमा प्रशस्त नालाहरुको व्यवस्था हुनु पर्दछ । अस्थाइ क्याम्पको निर्माण त्रिपालबाट गरिन पर्दछु र यसलाई पानी तथा हावाबाट सुरक्षित हुन सबैतिरबाट छोपिएको हुनु पर्दछ । त्यस्तै भेन्टीलेसनको पनि व्यवस्था हुनु पर्दछ ।

३८. ठूलो साइजको अस्थाइ टेन्ट क्याम्प १०×८×८ फिटको हुनु पर्दछ जसमा ५ जना भन्दा बढी मजदुरहरु नराखियोस् ।

३९. सुरक्षा तथा सम्भावित खतराबाट जोगाउनको लागि सञ्चार उपकरण अथवा एलारमको व्यवस्था प्रश्तावित क्याम्प क्षेत्र नजिकै हुनु पर्दछ ।

४०. क्याम्पमा रहेको खुल्ला क्षेत्र तथा मैदान सफा र स्वच्छ हुनु पर्दछ । फोहोरका टुक्राहरु, फालिएका कागजहरु, कुहिने फोहोरहरु अथवा अन्य त्यस्ता वस्तुहरु त्यहाँ हुनु हुदैन ।

४१. हातले सञ्चालन गर्ने मेसिनहरु थन्कयाउन ठेकेदारले छुटै स्टोर रुमको व्यवस्था गर्नु पर्दछ ।

४२. मजदुरहरुले आफनो खाली समय विताउनको लागि क्याम्पकै छेउमा खेल्ने, मनोरञ्जन गर्ने मैदान र अन्य साधनहरुको व्यवस्था हुनु पर्दछ ।

## अनुसुची ११: व्यवसायिक स्वास्थ्य र सुरक्षा निर्देशिका

ज्यानको जोखिम र चोटपटकबाट बचाउनको लागि सुरक्षित तथा स्वस्थ काम गर्ने वातावरण कार्य क्षेत्रमा हुनु पर्दछ । परियोजनाको लागि सफलता पूर्वक काम सञ्चालन गर्न श्रमिकको स्वास्थ्य तथा सुरक्षा एउटा महत्वपूर्ण पक्ष हो । यी कुराहरुलाई ध्यानमा राखेर दुर्घटना तथा चोटपकट नलागोस् भनी सुरक्षा निर्देशिका तयार पारिएको छ ।

निम्नअवस्थामा ग्रामीण सडक तथा पुलपुलेसा निर्माण क्षेत्रमा दुर्घटना तथा चोटपटक लाग्न सक्छ :

- विभिन्न निर्माण क्रियाकलापहरु (एस्काभेसन, कोयरिङ, फिलिङ),
- निर्माण औजार तथा वस्तुहरुको प्रयोग गर्दा, र
- काम गर्ने क्षेत्रको व्यवस्थापन गर्दा ।

सडक तथा पुल पुलेसा निर्माण गर्ने सबै पक्षको प्राथमिक जिम्मेवारी सर्वसाधारण जनता तथा मजदुरहरुको स्वास्थ्य तथा सुरक्षा हुनु पर्दछ । निर्माण स्थलमा काम भइरहेको बेलामा ठेकेदारले निम्नलिखित कुराहरुलाई ध्यानमा राखि सर्वसाधारण तथा कामदारहरुको स्वास्थ तथा सुरक्षालाई अगाडी बढाउँछ ।

क) स्वास्थ्य :

१. निर्माण स्थल नजिकै र श्रमिक क्याम्प नजिकै फोहोर पानी जम्ने ठाउँ निर्माण भयो भने स्वास्थ्यको समस्या देखा पर्दछ । त्यस्तो अवस्थामा फोहोर पानी सँग सम्बन्धित रोग व्यादी जस्तै-मलेरिया, डेंगो र जुकाफैलिन सक्छ ।

२. अनाधिकृत रुपमा स्थानीय स्तरमा उपलब्ध हुने औषधीजन्य विरुवाहरु, बुट्यान, काठदाउँरा, चरा तथा साना जनावर र माछाहरुलाई मार्नु हुदैन यसले स्रोतसाधनमा ह्रास ल्याउँछ र सार्वजनिक रुपमा दोस्रो पक्षलाई असर पार्दछ ।

३. अन्यत्र क्षेत्रबाट आएका मजदुरहरुले लागु पदार्थ तथा रक्सी सेवन गरेमा सामाजिक द्वन्द खडा भई कहिले काही लडाँइ झगडा भएर मजदुर तथा स्थानीयहरुको लागि समेत समस्या देखा पर्दछ । यस्ता मजदुरहरु एचआइभी/एड्स सार्नमा पनि सहयोगी हुन्छन् यसको अलवा अन्य यौनजन्य रोगहरु पनि सर्ने सम्भावना हुन्छ । अन्यत्र क्षेत्रबाट आएका मजदुरहरु रोग सार्ने माध्यम हुन सक्छन् ।

४.गुणस्तरहीन खानेपानी तथा अनुचित तरिकाले जम्मा गरिएको खानेपानीको कारणले गर्दा पानी जन्य रोगहरुबाट मजदुरहरु संक्रमित हुन सक्छन् ।

**ख) सुरक्षा :**

१. मजदुरहरुलाई व्यक्तिगत सुरक्षा उपकरण (जुत्ता, पन्जा, बुट, चस्मा, हेल्मेट, मास्क इत्यादी) उपलब्ध गराउनुपर्छ र यसको उचित प्रयोगको लागी तालिम समेत दिनुपर्छ ।

२. टाउकोमा चोटपटक लाग्न सक्ने ठाउँमा काम गर्ने मजदुहरुले अनिवार्य रुपमा हेल्मेटको प्रयोग गर्नु पर्दछ ।

३. निर्माण स्थलमा नचिप्लने र नछेडिने बुट/जुत्ताको प्रयोग गर्नुपर्छ । भुइँमा काम गर्ने बेलामा अथवा घुँडाको प्रयोग हुने ठाउँमा निप्याड (घुँडा बचाउने साधन) को प्रयोग गर्नु पर्दछ ।

४. सम्भव भए सम्म दिउँसो मात्र काम गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

५. बिशेष परिस्थतीमा रातिको अवस्थामा काम गनुपर्ने भएमा  प्रयाप्त उज्यालोको व्यबस्था गर्नु पर्दछ  ।

६. राती काम गनुपर्ने अवस्थामा मजदुरहरुले चम्कीने खालको कपडा लगाउनु पर्दछ । भिडभाडमा काम गनुपर्ने अवस्थामा चम्कीलो वेष्टकोट वा कपडाको प्रयोग गनुपर्छ । रातीमा काम गर्दा कपडामा रिफलेक्टर ब्याण्ड हुनुपर्छ । र सकेसम्म सुरक्षीत हेल्मेटको प्रयोग गनु पर्दछ  ।

७. बिटुमीन, तेल तथा अन्य प्रज्वलनशिल वस्तुहरुलाई राम्ररी प्रयोग नगर्दा यसबाट कामदारहरुलाई असर पर्न सक्छ ।

८.  प्रयाप्त सुरक्षाका उपकरणहरु जस्तै पर्खाल,प्रशस्त लकरहरु,एलार्म र चेतना तथा सुरक्षित औजारको अभावमा दुरर्घटना हुने सम्भावान रहन्छ ।

९. निमार्ण क्षेत्रमा पालना गनुपर्ने पूर्व सावधानीहरु जस्तै खोलाको छेउमा रहेको ठुला मेशिनहरु, अग्लो भाग ईत्यादीमा ध्यान नदिदा दुरर्घटना निम्तने सम्भावना रहन्छ ।

१०.गाडी तथा औजारहरुको नियमीत रुपमा उचित मर्मत सम्भार  गर्नुपदर्छ ।

११.प्राथमिक उपचार दिने सुविधाको व्यवस्था गर्नु पर्दछ  ।

**सर्वसाधारण जनताको लागि**

सर्वसाधारण जनतको लागि ठेकेदारले निम्न लिखीत कुराहरु पालन गराई सुरक्षाको अनुभुति गराउनु पर्दछ

१. बेलुकी पख पार्किङ गरिएको गाडि तथा मेशिन औजारले रातिको समयमा  सर्वसाधरणको लागि दुरघटना निम्तयाउन सक्छ ।

२. गाडिमा राखिएको सरसामान नढाकिएको अवस्थामा छ भने त्यसले पनि छेउछाउका बासिन्दा तथा सर्बसाधारर्णलाई दुरघटना गराउन सक्ने सम्भावना रहन्छ ।

३.ट्रक तथा अन्य गाडिका पछाडि केटाकेटीहरु झुन्डीने गर्दा पनि ठूलो दुरघटना तथा जोखिम हुन सक्छ ।

## अनुसुची १२ : क्षतिपुर्ती स्वरुप वृक्षारोपण योजना

सडक वा पुल (सेतु) निर्माणको सिलसिलामा रुख विरुवा काटिएमा वा क्षति पुग्न गएमा क्षतिपुर्ति स्वरुप वृक्षारोपण गरिनेछ । परियोजनाले वातावरणीय सुरक्षालाई ध्यानमा राखेर यस्ता कार्यहरु संचालन गर्नेछ । वृक्षारोपण योजनामा निम्न कुराहरु समावेश हुनुपर्नेछ :

- सडकको सामान्य व्याख्या र प्रस्तावित कृयाकलापहरु,
- रुखहरु (प्रजाति, परिमिति, उचाई, प्रयोग) कटान गर्नुका कारणहरुको पहिचान,
- ठेकेदारले दावी गरे अनुसार काटिएका रुखहरुको कूल संख्या, ( प्रयोग हुने जग्गाको अवस्थिति, प्रजातिहरु, परिमिति, उचाइ,प्रयोग आदि ) ,
- ढलेका रुखहरुको स्वमित्व र प्रयोग,
- वृक्षारोपण गर्ने विरुवाको संख्या,
- प्रजातिहरु छान्ने कारणहरु,
- नर्सरीको उपलब्धता, विरुवा, मल्चिङ्ग तथा मलखादहरु,
- वृक्षारोपण गरीने स्थान र त्यसको चेनेज साथै वृक्षारोपण गर्ने क्षेत्रको जग्गाको स्वामित्व,
- वृक्षारोपण गरिने जग्गाको प्रयोग र पानीको उपलब्धता,
- वृक्षारोपण गर्ने समय र लाग्ने खर्च,
- वृक्षारोपणको जिम्मेवारी,
- वृक्षारोपण गरिसके सो को संरक्षण र त्यसको संरक्षणको व्यवस्था,
- अन्य विशेषताहरु
    - रुख कटान गरिएको क्षेत्र र वृक्षारोपण गरिने क्षेत्रका तस्विरहरु,
    - नक्सामा रुख कटान गरिएको स्थान इगिंत गर्ने
    - स्थलगत क्षेत्र भ्रमणको मिति (परामर्शदाता, संयुक्त सर्भेको मिति), कटान गरिने रुखहरुको मार्क गर्दा जिल्ला प्राविधिक कार्यालय, परियोजना, वन उपभोक्ता समितिका सदस्यहरुको उपस्थितिमा गर्नुपर्ने
    - जिल्ला वन अधिकृत, सामुदायिक वन उपभोक्ता समुह र स्वामित्ववालाहरुको सुझाव र
    - अन्य

**तालिका १: क्षति हुने रुखविरुवा**

| काटिने रुख विरुवाको पहिचान | | | | | | | | | वास्तवमै काटिने रुखहरुको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | चेनेज | स्थान | प्रजाति | संख्या | परिमिति( सेमी) | उचाई ( मी) | चेनेज | स्वामित्व | चेनेज | स्थान | प्रजाति | संख्या | परिमिति (सेमी) | उचाइ (मी) | स्वामीत्व | कैफियत |
| 1 | | | | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | | | | |

**तालिका २: क्षतिपुर्ति स्वरुप  वृक्षारोपण**

| क्षतिपुर्ति स्वरुप वृक्षारोपण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क. स. | चेनेज | स्थान | प्रजातिहरु | संख्या | जग्गाको स्वामित्व | वृक्षारोपण गर्ने समय | वृक्षारोपण को जिम्मेवारी | BOQ item No | कैफियत |
| 1 | | | | | | | | | |
| 2 | | | | | | | | | |
| 3 | | | | | | | | | |
| 4 | | | | | | | | | |
| 5 | | | | | | | | | |

………………………..　　　　………………………………　　　　……………………..

तयार गर्ने　　　　चेक गर्ने　　　　स्वीकृत गर्ने

**अनुसुची १३ : सामाजिक छनौट सर्भेक्षण प्रश्नावली**

**क. आधारभूत जानकारी (सुचना)**

१. प्रस्ताव गरिएको सडकको नाम (कि. मी. मा लम्बाई समेत):

२. सडकको अवस्थिति : ......................... बाट......................... सम्म

३. DTMP प्राथमिकता संख्या :

४. सडकको हालको अवस्था (सडकको गुणको प्रकार र DTMP नं. उल्लेख गर्नुहोस्) :

६. SNRTP अन्तर्गत प्रस्ताव गरिएको काम (प्रकार र गुण उल्लेख गर्नुहोस्) :

७. ठेगाना जिल्ला............. गाविस............... र (परियोजना अन्तर्गत पर्ने) बस्तीहरु ......................

८. प्रमुख सूचनादाताहरुको नाम (अनुसूचीमा राख्नुहोस्) :

९. कहिले र कति जना मानिसहरुले सडकका लागि जिविसमा माग पत्र पेश गरेका छन् ? : ............

१०. कहिले र कसरी सडक चौडाइ पेटी निश्चित गरिएको छ ? (खासगरी सडकको चौडाइको बारेमा कहिले निश्चित भएको हो ?) ...............

११. सडकको अवस्थिति र भौतिक विशेषताहरु : कृपया सामाजिक नक्सा तयार गर्नुहोस् जसले बस्ती, नदी, वन, सार्वजनिक भवनहरु, जमीनको प्रयोग गरिने तरीका (नीजि, सार्वजनिक र तिनीहरुको प्रयोग आदि) र सडकले प्रभाव पार्न सक्ने सम्भावित विशेष जनसंख्या र सम्पत्ति, सडकको पहिरोबाट प्रभावित हुने सम्भावित क्षेत्रहरु, काटिने रुख र बाढीबाट प्रभावित हुन सक्ने क्षेत्र आदिको भौतिक विशेषताहरु देखाउँछ ।

**ख. सामाजिक आर्थिक सूचना :**

**१०. यदि सडक गाउँ/वस्ती बीचबाट जान्छ भने कृपया यो फारम भर्नुहोस् ।**

| सि. नं. | गाविसको नाम | वार्ड | वस्तीको नाम | प्रमुख जाती/ थर/ सांस्कृतिक समूहहरु | जम्मा जनसंख्या | कुल जनसंख्यालाई विभिन्न पेशा अनुसार उल्लेख गर्नुहोस् |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**११. के सडकले जमीन, घर र अन्य नीजि सम्पत्ति लिनु पर्ने आवश्यकता छ ?**

छ : छैनः यदि छ भने तलको विवरण दिनुहोस् ।

**क. जमीनसँग सम्बन्धित जानकारी**

| घर मूलीको पुरा नाम | गाविस, वार्ड र गाउँ | चेनेज | दान गरिएको जमीन (वर्ग मी.) | सम्बन्धित व्यक्तिको नामको सम्पूर्ण जमीन (वर्ग मी.) | जीविकोपार्जनको प्रमुख श्रोत |
|---|---|---|---|---|---|
| | | | | | |

**ख.आवास संरचनाको हानी/नोक्सानी**

| घर परिवारको पूरा नाम | गाविस र वार्ड | चेनेज | संरचनाको प्रकार | हानी/नोक्सानीको प्रतिशत | जीविकोपार्जनको प्रमुख श्रोत | जग्गको स्वामित्व |
|---|---|---|---|---|---|---|
| | | | | | | |

* हानीको प्रतिशतलाई स्पष्ट रुपमा उल्लेख गर्ने ।

**१२. सडकले कुनै सार्वजनिक सामुदायिक संचरना (जस्तै सिँचाई, खानेपानी, झोलुङ्गे पूल, चौतारा आदि) लाई असर पुर्‍याउँछ या पुर्‍याउँदैन ?**

पुर्‍याउँछ : पुर्‍याउँदैन : यदि पुर्‍याउँछ भने कृपया तलको विवरण भर्नुहोस् ।

| संरचनाको प्रकार नाम | चेनेज | हानी/ नोक्सानीको प्रतिशत | नोक्सानी पुग्ने श्रोतमा आश्रित व्यक्तिहरुको संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |

कृपया हानी भएका सम्पत्ति, श्रोत, संरचना आदिको संख्यासहित नाम उल्लेख गर्नुहोस् । हानीको प्रतिशत स्पष्ट लेख्नुहोस् ।

**१३. सडकको Zo भनिएको क्षेत्रमा (जो तराईमा सडकदेखि १० मिनेट र पहाडमा ३० मिनेटको समय अवधिभित्र पर्छ) तल्लो जात भनिएका दलित वा विशेष सीमान्तकृत समूहका मानिसहरु बस्छन वा बस्दैनन् ? स्पष्ट गर्ने ।**

बस्छन् :  बस्दैनन् :

**१४. सडक परियोजनाबाट प्रभावित भएका तल्लो जातका दलित वा विशेष सीमान्तकृत समूहका मानिसहरु छन् वा छैनन् ?**

छन् :  छैनन् :

यदि छन् भने कृपया तलको विषयमा जानकारी दिनुहोस् ।

| प्रभावित भएको व्यक्ति/ परिवारको प्रमुखको नाम | परिवारको जम्मा सदस्य संख्या | गाविस र वार्ड | प्रभावका प्रकार | प्रभावितको प्रतिशत |
|---|---|---|---|---|
| | | | | |

प्रभावित व्यक्तिहरुको बारेको प्रतिशत यी मध्ये कुनै एकमा हुनुपर्छ : १० % सम्म जग्गा दान गर्ने, १० % भन्दा माथि दान गरी बाँकि जग्गा १६९३ वर्ग मी.वा १० % भन्दा बढी जग्गा दान गरी ८५० देखि १६९२ बर्ग मी. मात्र जमीन बाँकि भएकाहरु र १० % भन्दा बढी जग्गा दान गरी ८४९ वर्ग मी. भन्दा कम जग्गा बाँकि रहेकाहरु (यी मध्येका जग्गा दाता कुन हो भनी खुलाउनु पर्छ ) । संरचनाको हानी भएको हो भने कति प्रतिशत हो खुलाएर लेख्नु पर्दछ ।

**१५. परियोजनाबाट गम्भीररुपमा प्रभाव परेका मानिसहरुको हकमा प्रभाव न्यूनिकरणका वा समाधानको विकल्पहरु / उपायहरु के हुन सक्छन् ?**

क)....................................

ख).....................................

ख).....................................

ग) जनसंख्या सम्बन्धि जानकारी

**१६. कृपया जनसंख्याको बनौट सम्बन्धि तलको विषयमा जानकारी दिनुहोस् ।**

| वस्तीको नाम | Z0 जनसंख्या | | | | Z1 जनसंख्या | | | | Z2 जनसंख्या | | | | Z3 जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कूल घर | पु | म | जम्मा | कूल घर | पु | म | जम्मा | कूल घर | पु | म | जम्मा | कूल घर | पु | म | जम्मा |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |

यदि प्रासङ्गिक हुन्छ भने दिइएको खाकामा एउटा कोलम (हरफ) थपेर Z4 को जनसंख्याबारे जानकारी दिनुहोस् (खाकालाई अनुसुची मा दिनुहोस्) ।

**१७. Z0 देखि Z3 जनसंख्या क्षेत्रका प्रमुख जातजाती र घर धुरी संख्या**

$Z_0$ जनसंख्या

| जात/जाती | गाविस र वार्ड | पुरुष प्रमुख भएका घर धुरी | महिला प्रमुख भएका घर धुरी | जम्मा घर धुरी |
|---|---|---|---|---|
| ब्राहमर्ण | | | | |
| क्षेत्री | | | | |
| मगर | | | | |
| कामी | | | | |
| सार्की | | | | |

$Z_1$ जनसंख्या

| जात/जाती | गाविस र वार्ड | पुरुष प्रमुख भएका घर धुरी | महिला प्रमुख भएका घर धुरी | जम्मा घर धुरी |
|---|---|---|---|---|
| | | | | |

$Z_2$ जनसंख्या

| जात/जाती | गाविस र वार्ड | पुरुष प्रमुख भएका घर धुरी | महिला प्रमुख भएका घर धुरी | जम्मा घर धुरी |
|---|---|---|---|---|
| | | | | |

$Z_3$ जनसंख्या

| जात/जाती | गाविस र वार्ड | पुरुष प्रमुख भएका घर धुरी | महिला प्रमुख भएका घर धुरी | जम्मा घर धुरी |
|---|---|---|---|---|
| | | | | |

१८. जग्गा अधिग्रहण/दान को हैसियत

के तपाईले स्वेच्छिक रुपमा दान गर्नु भएको हो ?

हो...................... होइन...............................

यदि होइन भने सो को कारण (के हो) दिनुहोस् ................................................

सडकसुधारको कारणले बढाउने पहुच सम्बन्धमा

१९. के सडकले स्वास्थ्य सुबिधामा पहुँच बढाउँछ ?

बढाउँछ........... बढाउँदैन...................

यदि बढाउँछ भने कसरी र कुन किसिमले ?

कृपया (स्पष्टरुपमा) उल्लेख गर्नुहोस् ......................................................

२० के सडकले विद्यायलहरु, शिक्षा र सन्चारमा पहुँच बढाउँछ ?

बढाउँछ............. बढाउँदैन................

यदि बढाउँछ भने कसरी र कुन किसिमले ?

कृपया (स्पष्टरुपमा) उल्लेख गर्नुहोस् ......................................................

२१. गरीव र सूविधाबाट वन्चित मानिसहरुले SNRTP बाट कसरी र कुन हदसम्म फाइदा लिन्छन् ?

.......................................................................................................................

२२. SNRTP ले कार्य सम्पन्न गरीसके यस क्षेत्रमा आय आर्जन गर्ने सम्भावित कृयाकलापहरु के के हुनक्दिछन् ?

कृपया पाँचवटा विकल्पहरुको नाम दिनुहोस् ..........................................

२३. SNRTP ले स्थानीय उत्पादनहरुको बजारको अवसरहरुलाई बढाउँछ ?

बढाउँछ............बढाउँदैन................

यदि बढाउँछ भने कसरी बढाउँछ ? कृपया व्याख्या गर्नुहोस् ।..........................................

२४. मानिसहरु परियोजनालाई सहयोग गर्न तयार छन् ?

छन्..................... छैनन्.....................

यदी छन् भने? कसरी हो व्याख्या गर्नुहोस् .............................

२५. परियोजनाले महिला, केटाकेटी र अल्पसंख्यकलाई कसरी फाइदा पुर्‍याउँछ ? कृपया बिस्तृत रुपमा उल्लेख गर्नुहोस् । ...............................................

२६. सडक सुधार सम्बन्धमा SNRTP का कामहरुलाई सफलतापूर्वक सम्पन्न गर्न वाधा पुर्‍याउने वा ढिलो गराउने कुनै विवादहरु छन् या छैनन् ?

छन्.....................छैनन्.........................

यदि छन् भने यी विवादहरु कसरी समाधान गर्न सकिन्छ ? सडक स्थानीय बासिन्दाहरुको स्वामित्वलाई कसरी निश्चित गर्न सकिन्छ ? ..............................................

ङ) स्थानीय समुदायको परिचालन

२७. स्थानीय सडक उपभोक्त समिति (LRUC) जस्तै अन्य कुनै समूहहरु छन् ?

छन्......................छैनन्..........................

यदि छन् भने त्यस्ता समितिहरुको SNRTP का के भूमीका हुन सक्छ ?

(कृपया स्पष्ट उल्लेख गर्नुहोस)................................................

२८. विकासका लागि मानिसहरुका अन्य आवस्यकताहरु के के हुन् ?

कृपया उनीहरुका मूख्य पाँच आवस्यकताहरुको स्पष्ट उल्लेख गर्नुहोस् :

३९. परियोजनाले स्थानीय वासिन्दाको जीविकोपार्जनलाई कसरी बढाउन सक्छ ?

कृपया पाँचवट बुँदाहरुको स्पष्ट उल्लेख गर्नुहोस् ..............................................

**च) स्थानिय ज्याल दर**

**३०. कृपया सरकारद्वारा निश्चित गरिएको दैनिक ज्याला दर र प्रचलित स्थानीय दर उपलब्ध गराउनुहोस् ।**

| श्रमका प्रकारहरु | सरकारी दर | | स्थानीय दर | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| दक्ष श्रमिक | | | | | |
| अदक्ष श्रमिक | | | | | |

३१. कृपया स्थानीय रुपमा उत्पादन हुने (कृषिजया, तथा अन्य उत्पादनहरु) के के हुन उल्लेख गर्नुहोस् ।

३२. ती उत्पादनको हालको वजार व्यवस्था अवस्था र स्थानीय उत्पादनहरुको बजारसम्मको पहुँचको अवस्था ( अवस्था र सीमाहरु वा आउन सक्ने बाधा आदिहरु) के कस्तो छ उल्लेख गर्नुहोस् ?

३३. स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउने उत्पादन बढाउने तथा आर्थिक उन्नतिका अन्य सम्भावनाहरु के के छन् ?

३४. स्थानीय मानिसहरुको सामाजिक आर्थिक, भौतिक उन्नती (सम्भावनाहरु, समस्याहरु र आशालाग्दा कुराहरु) का बारे तपाईलाई लागेको कुरा वुंदामा लेख्नुहोस् ।

सर्वेक्षकको नाम : मिति :

०००धन्यवाद०००

## अनुसूची १४ : स्वेच्छिक दान प्रभाव न्युनीकरण (VDIMP) योजनाको रुपरेखा

जिल्ला :

सहायक कार्यक्रमको नाम :

चेनेज :

### १. भूमिका

विश्व बैंकको कार्यनीति ४.१२ को बलपूर्वक पूनर्बास र नेपाल सरकारका सम्बन्धित ऐन, नियम र निर्देशिका अनुसार प्रभावित व्यक्ति तथा परिवारहरुको सम्पत्तिको क्षति, जीविकोपार्जनमा नोक्सानी, सामुदायिक सम्पत्तिको हानी आदिको मर्मत, पूनरस्थापना र पूननिर्माण सन्दर्भमा VDIMP ले कानुनी, संस्थागत र कार्यान्वयनको व्यख्या गर्दछ । साथै VDIMP ले ..........जिल्लाको .......... सहायक परियोजनामा सामाजिक प्रभाव कसरी न्युनीकरण गर्ने भनी कार्यान्वयनका चरणहरु तथा प्रकृयाहरु प्रस्तुत गर्दछ ।

### २. सहायक परियोजनाको परिचय

यो सडक DTMP प्राथमिकता नं...........को ............कि.मि. लम्बाई भएको छ । जसमध्ये SNRTP को वर्तमान परियोजनाले .................कि.मि स्तरोन्नति गर्दछ । यस परियोजनाको क्षेत्र.............टोल/गाउँ.................... गाविस/नगरपालिकाबाट शुरु हुन्छ र ................टोल/गाउँ.................... गाविस/नगरपालिकामा गएर अन्त हुन्छ । यो सडक शुरुमा.........बाट माटो/ग्रभेल तहमा..........सालमा निर्माण गरिएको थियो । जिल्ला विकास समिति........बाट यो सडक यातायातयोग्य बनाइएको थियो । यद्यपि, यो सडकमा बाह्रैमसहना यातायात संचालित हुन्नथियो । जिल्ला प्राविधिक कार्यालयले स्थानीय जनतासँगको छलफलले यो बाटोको चौडाई.......मी. (CoI) सुधारका लागि प्रस्ताव गरेको छ । तथापि, यो सडक सुधार गर्ने क्रममा विभिन्न ठाउँमा जस्तै : बाटो घुमाउरो भएको क्षेत्रमा, गाडी पास गर्ने क्षेत्रमा (Lay Byes) र थप चौडा गनुपर्ने क्षेत्रमा थप जमिन आवश्यक पर्दछ ।

### ३. सहायक परियोजनाका सम्भावित प्रभावहरु

यो सडक डोलिडारको एप्रोच म्यानुअल अनुसार बाह्रै महिना चल्ने क वर्गको ग्रामिण सडकको रुपमा स्तरोन्नति/निर्माण गर्न प्रस्ताव गरिएको छ । यो सडक दुवैतर्फको नाला, र पेटी गरी ४.५मि.को निर्माण गरिनेछ । जिल्ला विकास समितिले सरदर.......मी.चौडाई(CoI) र आवश्यकता अनुसार कतै कतै थप सानो क्षेत्र (strip) नक्सांकन अनुसार लिइनेछ तर यो बाटोको ROW १० मी दायाँ र १० मी बायाँ हुनेछ । सडक प्रभाव क्षेत्र (CoI) भित्रको जग्गा स्वेच्छिक दानको रुपमा लिइनेछ । जिल्ला विकास समितिले SDC र SMO को सहयोगमा जग्गा दानको प्रभाव मूल्यांकन गर्नेछ । प्रभाव मूल्यांकन र जग्गा नापी गरिसके अति प्रभावित परिवारहरुको सामाजिक आर्थिक तथ्यांक संकलन तथा रेकर्डिङ्ग गरिनेछ ।

४.जग्गा नापी मिति..........बाट.........सम्म गरिएको थियो जसमा .......जग्गादाताहरुलाई प्रभाव पर्ने देखियो । जग्गादाताको सम्पूर्ण जग्गा र दान गरेको जग्गाको विवरण र प्रतिशत ESSC र SMO ले LRUC

तथा VRCC सँगको समन्वयमा प्रभावित व्यक्तिहरु र स्थानीय व्यक्तिहरुसँग सम्पर्क गरि संकलन गरिनेछ। आवश्यक सूचना जिल्ला मालपोत कार्यालयको रेकर्डबाट समेत लिइनेछ । जग्गादाताहरुको नामावली र बाटोमा पर्ने जग्गाको क्षेत्रफल प्रभावको वर्गीकरण अनुसार तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१ : प्रभावको वर्गीकरणको आधारमा जग्गादाताहरु

| **क्र.स.** | **जग्गा प्रभावको वर्गीकरण** | **जग्गादाताको संख्या** |
|---|---|---|
| १ | जम्मा स्वामीत्वको १० प्रतिशत भन्दा कम जग्गा दान दिने | |
| २ | १० प्रतिशत भन्दा बढी जग्गा दान दिने जसको बाँकी जग्गा १६९३ वर्ग मि. भन्दा बढी छ | |
| ३ | जग्गा दाता जसको  बाँकी जमिन ८५० देखि १६९२ वर्ग मी. बीचमा रहने | |
| ४ | जग्गा दाता जसकोबाँकी जग्गा ८४९ वर्ग मी भन्दा कम हुने | |
| जम्मा जग्गादाता | | |

५. घर टहरा, जीविकोपार्जन र अन्य सम्पत्तिको क्षति तथा नोक्सानी प्राविधिकहरुसँग सँगसँगै हिंडी रेकर्ड गर्नुपर्दछ । यो सडक निर्माण/सुधार गर्दा..........घर,..........जीविकोपार्जन र..............साना संरचनाहरुमा क्षति पुग्नेछ । तालिका ५.१ ले घर संरचनाको क्षतिको संख्या प्रस्तुत गर्नेछ ।

तालिका ५.१ घर संरचना र जीविकोपार्जनमा क्षति

| क्र.स. | असरको किसिम | घर संरचना र जीविकोपार्जन नोक्सान हुनेको संख्या |
|---|---|---|
| १ | १० प्रतिशत सम्म  आवास संरचनाको क्षति | |
| २ | १० देखि ५० प्रतिशत सम्म आवास संरचनाको क्षति | |
| ३ | ५० प्रतिशत भन्दा माथि सम्म आवास संरचनाको क्षति | |
| ४ | जीविकोपार्जनमा क्षति हुने  (खुद्रा पसल र  आम्दानीको श्रोत) | |
| ५ | सानातिना संरचना (हाते धारा, पर्खाल र टहराहरु) | |

**६. अन्य प्रभावहरु**

स्तरोन्नति तथा निर्माण गरिने सडकको  क्षेत्रमा सर्भे गर्ने समूहले प्रस्तावित नाली क्रसिङ्ग संरचनाले पार्ने प्रभावको समेत मूल्यांकन गर्नेछन् । जम्मा संरचना मध्ये …… ले निजी जमिनमा प्रभाव पार्ने छ । सम्बन्धित जग्गावालालाई

भेटी सरसल्लाह गरी निम्न न्यूनीकरणका उपायहरु अवलम्बन गरिएको छ ।

तालिका नं. ६.१ : निजि जग्गामा प्रत्यक्ष असर गर्ने नाली क्रसिङ्ग संरचना

| क्र.स. | नाली क्रसिङ्ग संरचनाको नाम | स्थान/चेनेज | निजि जमिनमा असर | न्युनीकरणका उपाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

## ७. सम्पर्क सरसल्लाह, सहभागिता र सार्वजनिकरण

एक सानो अनुच्छेदमा सम्पर्क र सरसल्लाह गर्न कतिवटा बैठकहरु भए र प्रभावित व्यक्तिहरुसँग कुन कुन चरणमा बसी प्रभाव मूल्यांकन गरियो लेख्नुहोस् । जसमा जम्मा कति स्थानीय व्यक्तिहरु, प्रभावितहरु र सरकारी कर्मचारीहरुसँग सम्पर्क गरियो, मूख्य सरोकार के के थिए र प्रतिकृया कस्तो थियो उल्लेख गर्नुहोस् ।

## ८. न्युनीकरणका उपाय

सडक परियोजनाको स्तरोन्नति गर्दा पर्ने प्रभाव समाधान/न्युनीकरण गर्नुपर्दछ । तालिका नं. ८.१ मा जग्गादानबाट प्रभावितको संख्या, आवासिय संरचनामा भएको क्षति, जीविकोपार्जनको क्षति र अन्य सम्पत्तिको नोक्सानी र राहत वितरण नीति खाका अनुसार सामाजिक प्रभाव न्युनीकरणको व्यवस्था प्रस्तुत गरिएको छ ।

**तालिका ८.१ : राहत वितरण नीतिखाका अनुसार न्युनीकरणका उपाय**

| क्र.स. | प्रभावको किसिम | स्वामित्वको किसिम | प्रभावित व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | जग्गामा पर्ने प्रभावको किसिम | | | |
| १.१ | १० प्रतिशत भन्दा कम जग्गा दाता | | | |
| १.२ | १० प्रतिशत भन्दा माथि जग्गादाता जसको १६९३ वर्ग मी. भन्दा बढि जग्गा छ | | | |
| १.३ | जग्गादाता जसको ८५० देखि १६९२ वर्ग मी. जग्गा बाँकी छ | | | |

| | | | | |
|---|---|---|---|---|
| १.४ | जग्गादाता जसको ८५० वर्ग मी. भन्दा कम जग्गा बाँकी हुने | | | |
| २ | आवासिय संरचना | | | |
| २.१ | १० प्रतिशत भन्दा कम क्षति | दुवै जग्गाको स्वामीत्व हुने र नहुने | | |
| २.२ | १० देखि ५० प्रतिशत क्षति हुने | दुवै जग्गाको स्वामीत्व हुने र नहुने | | |
| २.३ | ५० प्रतिशत भन्दा माथि क्षति हुने | दुवै जग्गाको स्वामीत्व हुने र नहुने | | |
| ३ | जीविकोपार्जनमा क्षति | | | |
| ४ | सानातिना संरचनामा क्षति | | | |
| ४.१ | १० प्रतिशत भन्दा कम क्षति | दुवै जग्गाको स्वामीत्व हुने र नहुने | | |
| ४.२ | १० देखि ५० प्रतिशत क्षति हुने | दुवै जग्गाको स्वामीत्व हुने र नहुने | | |
| ४.३ | ५० प्रतिशत भन्दा क्षति हुने | दुवै जग्गाको स्वामीत्व हुने र नहुने | | |
| ५ | अन्य सम्पतिको क्षति | | | |

### ९. अनुमानित बजेट

यो सडक सहायक परियोजनाको अनुमानित VDIMP खर्च ............... हो । जसलाई शीर्षक अनुसार तल प्रस्तुत गरिएको छ ।

| क्र.स. | असरको किसिम | परियोजना प्रभावितको संख्या र क्षतिको प्रतिशत | जम्मा आवश्यक रकम रु. |
|---|---|---|---|
| १ | १० प्रतिशत भन्दा कम जग्गादातालाई आवश्यक नामसारी प्रोत्साहन रकम | | |
| २ | १० प्रतिशत भन्दा बढी जग्गादातालाई दिने राहत | | |
| ३ | जग्गादाता जसको बाँकी जमिन ८५० देखि १६९२ वर्ग मी. हुनेलाई दिने राहत | | |
| ४ | जग्गादाता जसको बाँकी जमिन ८४९ वर्ग मी भन्दा कम हुनेलाई दिने राहत | | |
| ५ | १० प्रतिशत भन्दा कम आवासिय संरचना क्षति हुनेलाई दिने मर्मत खर्च | | |
| ६ | १० देखि ५० प्रतिशत सम्म आवासिय संरचना क्षति हुनलाई दिने पुननिर्माण खर्च | | |
| ७ | सम्पूर्ण आवासिय संरचना (५०.१ देखि १०० प्रतिशत सम्म) क्षति हुनलाई दिने | | |

| | | | |
|---|---|---|---|
| | पुनर्निर्माण खर्च | | |
| ८ | जग्गाको हस्तान्तरण/नामसारी खर्च तथा प्रशासनिक खर्च | | |
| ९ | होर्डिङ बोर्ड र सम्मानपत्र खर्च | | |
| १० | व्यवस्थापन खर्च | | |
| | जम्मा VDIMP खर्च | | |

**१०. कार्यान्वयनको व्यवस्था**

परियोजनाले ठेक्का लगाउनु पूर्व नै सम्पूर्ण सामाजिक प्रभाव समाधान गर्नुपर्दछ । तालिका १०.१ मा सामाजिक सुरक्षा कार्यान्वयन योजना प्रस्तुत गरिएको छ ।

तालिका नं. १०.१ : सामाजिक सुरक्षा कार्यान्वयन योजना

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी | कार्यान्वयन समय | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभावितहरुको नाम सार्वजनिक गर्ने | DDC/DTO/ESSC | | |
| २ | कार्यान्वयन संयन्त्रको स्थापना गर्ने | DDC/DTO/ESSC | | |
| ३ | राहत वितरण सम्पन्न | DDC/DTO/ESSC | | |
| ४ | जग्गा हस्तान्तरण सम्पन्न | DDC/DTO/ESSC | | |
| ५ | DMC सम्पन्न र प्रतिवेदन पेश | DMC | | |
| ६ | आन्तरिक प्रभाव मूल्यांकन | SNRTP-CPCU | | |

**११. अनुगमन तथा निरिक्षण**

सामाजिक सुरक्षा कार्यान्वयनको नियमित निरिक्षण र अनुगमन सम्बन्धित जिल्लामा कार्यरत ESSC तथा SMO ले गर्नेछन् । अनुगमनका मूख्य विषयहरुमा प्रभावित व्यक्तिहरुको सूची सार्वजनिक भयो भएन, राहत वितरण भए नभएको र राहत रकम प्राप्त भए नभएको, राहत वितरणको कार्यसम्पादन भए नभएको, जग्गाको स्वामित्व हस्तान्तरण प्रकृया, गुनासो सुनुवाई समितिको अवस्था आदि । परियोजना समन्वय इकाईले राहत वितरण र नामसारी सम्पन्न भएको २ महिना सम्पुर्ण प्रकृयाको मूल्यांकन गर्नेछ ।

अनुसुची १ : जग्गादाताको सुची

| क्र.स. | जग्गादाताको नाम | ठेगाना | कित्ता नं. | दान गरेको जग्गा | जम्मा जग्गा | दान गरेको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुची २ : आवास संरचना क्षति हुनेको विवरण

| क्र.स. | नाम | ठेगाना | घरको प्रकार | जम्मा (Sqft) | प्रभावित (Sqft) | प्रभावित प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | | | | | | | |

अनुसुची ३: जीविकोपार्जनमा क्षति हुनेको विवरण

| क.स. | नाम | ठेगाना | जीविकोपार्जनको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| | | | | |

अनुसुची ४ : साना संरचना क्षति हुनेहरुको विवरण

| क.स. | नम | ठेगाना | क्षति संरचनाको प्रकार | जम्मा (Sqft) | जम्मा क्षति (Sqft) | क्षतिको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| | | | | | | | |

